# आरुघाट गाउँपालिकाको

## स्थानीय शिक्षा योजना

## २०८१/८२-२०८६ /८७




**आरुघाट गाउँपालिका**

**गाउँकार्यपालिकाको कार्यालय**

**शिक्षा, युवा तथा खेलकुद शाखा**

**गोरखा,गण्डकी प्रदेश, नेपाल**

**२०८१**

## विषय सूची


प्रमुखको भनाइ ........ Error! Bookmark not defined.
उपप्रमुखको भनाइ ........ Error! Bookmark not defined.
प्रमुख प्रशासकीय अधिकृतको भनाइ ........ Error! Bookmark not defined.
शिक्षा युवा तथा खेलकुद शाखाको भनाइ ........ Error! Bookmark not defined.
(क) विषय प्रवेश ........ 8
(ख) शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य ........ 10
(ग) **स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य** ........ 11
(घ) **शिक्षा योजना निर्माणका आधार** ........ 11
(ङ) शिक्षा योजना निर्माण प्रक्रिया ........ 12
)च (योजनाको दस्तावेजको स्वरूप ........ 13
परिच्छेद एक ........ 14
परिचय ........ 14
१.१ पृष्ठभूमि ........ 14
१.१.१ भौगोलिक अवस्थिति ........ 15
१.१.२ ऐतिहासिक पृष्ठभूमि ........ 17
१.१.३ जनसाङ्ख्यिक विवरण ........ 18
१.१.४ .पालिकाको सामाजिक र सांस्कृतिक अवस्था ........ 19
१.१.५ .पालिकाको आर्थिक अवस्था ........ 19
१.१.६ .पालिकाको शैक्षिक अवस्था ........ 20
१.१.७ .शैक्षिक सूचक र वर्तमान अवस्था। ........ 21
१.२ .पालिकाका मुख्य समस्याहरु ........ 25
१.३ .पालिकाका चुनौतीहरु ........ 25
१.४ .पालिकाका अवसरहरु ........ 25
१.५ .शिक्षा योजनाले समेट्ने पक्षहरू ........ 26

१.६ .शिक्षा क्षेत्रको SWOT विश्लेषण 30
दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण 32
२.१ परिचय 32
२.१.१ दूरदृष्टि 32
२.२ लक्ष्य 32
२.३ उद्देश्य 32
२.४ .रणनीति 33
२.५ .कार्यनीति 34
२.६ .अपेक्षित उपलब्धि 36
परिच्छेद तीन 37
विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु 37
३.१ .प्रारम्भिक बालविकास र शिक्षा 37
३.१.१ .वर्तमान अवस्था 38
३.१.२ .उद्देश्य 40
३.१.३.रणनीति 41
३.१.४ .प्रमुख उपलब्धि तथा नतिजा 41
३.१.५ .प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य 42
तालिका नं .८ 42
३.२ आधारभूत शिक्षा 44
३.२.१ .वर्तमान अवस्था 45
३.२.२ .उद्देश्य 46
३.२.३ .रणनीतिहरू 47
३.२.४ .प्रमुख उपलब्धि तथा नतिजा 47
३.२.५.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य 48
तालिका नं .१० 48
३.३ माध्यमिक शिक्षा 53

३.३.१ .वर्तमान अवस्था ..... 53
३.३.२ .उद्देश्य ..... 55
३.३.३ .रणनीति ..... 55
३.३.४ .प्रमुख उपलब्धि तथा नतिजा ..... 56
३.३.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... 56
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ..... 58
३.४.१ .वर्तमान अवस्था ..... 58
३.४.२ .उद्देश्य ..... 59
३.४.३ .रणनीति ..... 59
३.४.४ .प्रमुख उपलब्धि तथा नतिजा ..... 60
३.४.५ .प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... 60
तालिका नं .१३ ..... 60
३.५ .अनौपचारिक शिक्षा र आजीवन सिकाइ ..... 61
३.५.१ .वर्तमान अवस्था ..... 62
३.५.२ .उद्देश्य ..... 64
३.५.३ .रणनीति ..... 64
३.५.४ .प्रमुख उपलब्धि तथा नतिजा ..... 65
३.५.५ .प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... 65
तालिका नं .१६ ..... 65
४.१.१.वर्तमान अवस्था ..... 67
४.१.२.उद्देश्य ..... 68
४.१.४.प्रमुख उपलब्धि तथा नतिजा ..... 69
उपलब्धि ..... 69
४.१.५.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ..... 69
तालिका नं .१७ ..... 69
४.२ .शिक्षक व्यवस्थापन र विकास ..... 70

४.२.१. वर्तमान अवस्था......70
४.२.२. उद्देश्य......72
४.२.३. रणनीति......72
४.२.४ .प्रमुख उपलब्धि तथा नतिजा......73
उपलब्धि......73
४.२.५.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य......75
तालिका नं .२०......75
४.३ शैक्षिक समता र समावेशीकरण......75
४.३.१.वर्तमान अवस्था......76
४.३.२उद्देश्य......77
४.३.३.रणनीति......77
४.३.४ .प्रमुख उपलब्धि र नतिजा......77
उपलब्धि......78
४.३.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य......79
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम......80
४.४.१. वर्तमान अवस्था......80
४.४.२.उद्देश्य......81
४.४.३ रणनीति......81
४.४.४. मुख्य उपलब्धि तथा नतिजा......82
४.४.५.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य......84
४.५.विद्यालय सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलता......86
४.५.१.वर्तमान अवस्था......87
४.५.२ .उद्देश्य......88
४.५.३ .रणनीतिहरु......89
४.५.४ .प्रमुख उपलब्धि तथा नतिजा......89
४.५.५ .प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य:......90

तालिका नं .२६ ........ 90
४.६ विद्यालय भौतिक पूर्वाधार विकास........ 92
४.६.१.वर्तमान अवस्था........ 92
४.६.२. उद्देश्य........ 93
४.६ ३. रणनीति........ 93
४.६.४. प्रमुख उपलब्धि तथा नतिजा ........ 94
उपलब्धि........ 94
४.७ .विद्यालयमा सूचना तथा सञ्चार प्रविधि........ 96
४.७.१ .वर्तमान अवस्था ........ 97
४.७.२ .उद्देश्यहरु ........ 98
४.७.३ .रणनीतिहरु ........ 98
४.७.४ .प्रमुख उपलब्धि तथा नतिजा........ 99
४.७.५ .प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 99
तालिका नं .३० ........ 100
परिच्छेद पाँच :सुशासन तथा व्यवस्थापन........ 102
५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास........ 102
५.१.१ परिचय........ 102
५.१.२ वर्तमान अवस्था........ 103
५.१.३ अवसर र चुनौतीहरु........ 103
५.१.४ उदेश्यहरु........ 103
५.१.५ रणनीति ........ 104
५.१.६ प्रमुख उपलब्धि र नतिजा ........ 104
५.१.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य........ 105
तालिका नं .३२........ 105
५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध........ 107
५.२.२ .उद्देश्य ........ 108

५.२.३ .रणनीति ........ 108
५.२.४ .प्रमुख उपलब्धि र नतिजा ........ 108
उपलब्धि ........ 108
शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ । ........ 108
प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य ........ 109
५.३ अनुगमन तथा मूल्याङ्कन ........ 110
५.३.१ वर्तमान अवस्था ........ 110
५.३.२ उद्देश्य ........ 111
५.३.४ प्रमुख उपलब्धि तथा नतिजा ........ 113
५.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ 113
तालिका नं .३५ ........ 113
परिच्छेद छ :लगानी र वित्तीय स्रोत व्यवस्थापन ........ 114
६.१ .वर्तमान अवस्था ........ 115
६.२ .अवसर र चुनौतीहरु ........ 116
६.३ .उद्देश्य ........ 116
६.४ .रणनीति ........ 116
६.५ .प्रमुख उपलब्धि तथा नतिजा ........ 117
उपलब्धि ........ 117
६.७ योजनाको वर्षिक बजेट तर्जुमा प्रक्रिया ........ 125
६.८ योजना कार्यान्वयनका लागि वार्षिक रणनीति, कार्यान्वयन योजना निर्माण तथा कार्यान्वयन ........ 128
परिच्छेद सात :योजनाको नतिजा खाका ........ 130
तालिका नं .४१ ........ 130
सन्दर्भ सामाग्रीहरु: ........ 135
अनुसूचीहरु: ........ 136

स्थानीय शिक्षा योजना , आरुघाट गाउँपालिका , गोरखा - २०८१/८२-२०८६/८७

आरुघाट गाउँपालिकाबाट प्रमाणित मिति:२०८२-०३-३१

**शिक्षा योजना निर्माणका सदस्यहरु**

१. रमेश कुमार लामिछाने – सामाजिक विकास समिति संयोजक – संयोजक
२. विष्णु प्रसाद खनाल , शिक्षक – सदस्य
३. काजीराम कार्की, प्र. अ.- सदस्य
४. टेक प्रसाद लामिछाने, शिक्षक महासंघ प्रतिनिधि – सदस्य
५. शान्ता सापकोटा खनाल, प्र. अ.- सदस्य
६. टेक बहादुर दाहाल , प्र.अ.- सदस्य
७. करुणा पनेरु, शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख- सदस्य सचिव

प्राविधिक सहयोग
USAID प्रारम्भिक कक्षा सिकाइ कार्यक्रम
बि. एन. धिताल - स्थानीय शिक्षा शाखा संयोजक , USAID EGL कार्यक्रम

प्रकाशक : आरुघाट गाउँपालिका
प्रकाशन प्रति :
सर्वाधिकार : प्रकाशकमा
मुद्रण :
प्रमाणित मिति :
प्रकाशन मिति :

**(क)विषय प्रवेश**

नेपालको संविधानले तीन तहको शासकीय स्वरुप, तीनै तहका सरकारहरुका बिचमा समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा राखेको छ। संविधानको अनुसूची ८ मा आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको अधिकार स्थानीय सरकारलाई तोकिएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (ज ) ले स्थानीय तहलाई प्राप्त आधारभूत र माध्यमिक शिक्षासम्बन्धी नीतिनिर्माण, मापदण्ड तयार, सञ्चालन व्यवस्थापन र नियमनका क्षेत्रमा जवाफदेही बनाउँदै शैक्षिक सुशासन कायम गर्ने अधिकार दिएको छ । नागरिकहरुले अनुभूति गर्ने विकास र समृद्धितर्फ केन्द्रित हुँदै शिक्षालाई व्यावहारिक, जीवनोपयोगी, वैज्ञानिक बनाई परिवर्तनको वाहक शक्तिको रुपमा रुपान्तरण गर्नुपर्ने देखिन्छ।

विकासले भौतिक, सामाजिक, मानवीय आर्थिकलगायतका बहुआयामिक पक्षलाई समेटनुपर्दछ। नागरिकको मौलिक अधिकारका रुपमा संविधानमै व्यवस्था गरिनुले शिक्षा माग होइन,अधिकारमा आधारित अवधारणा (Demand Based VS Right Based Approach) मा अघि बढ्दै छ। विगतका केन्द्रिकृत सोचले तयार र कार्यान्वयन भएका शैक्षिक योजनाहरुले न त स्थानीय तहका माग र आवश्यकतालाई सम्बोधन गर्न सके न त स्थानीयको सहभागिता, अपनत्व र दिगोपना कायम रह्यो । त्यसैले विश्वव्यापी, रुपमा शिक्षाको क्षेत्रमा भित्रिएको नवीनतम सोच Recent Trends of Education) दिगो विकासका लक्ष्य ( Sustainable Development Goals), विश्व शिक्षा मञ्चको घोषणापत्र, (Declaration of universal Education by 2030), सोह्रौँ पञ्चवर्षीय योजना (२०८१/०८२ देखि २०८५/०८६ सम्म), विद्यालय शिक्षा क्षेत्र योजना (SESP) प्रदेशको पहिलो पञ्चवर्षीय आवधिक योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१), आरुघाट गाउँपालिकाको आवधिक योजना (आर्थिक वर्ष २०७७/७८-२०८२/८३) जस्ता शिक्षाक्षेत्रका रुपान्तरणकारी योजना कार्यक्रमहरुलाई सैद्धान्तिक मार्गदर्शनको रुपमा गाउँ शिक्षा योजनाले ग्रहण गरेको छ।

शिक्षा सामाजिक आर्थिक विकासको प्रमुख साधन हो । शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पँहुच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि **विद्यालय शिक्षा क्षेत्र योजना** कार्यान्वयनमा रहेको छ । त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ ओटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । यसै आवश्यकतालाई

मध्यनजर गर्दै आरुघाट गाउँपालिकाले यो पाँच वर्षे स्थानीय शिक्षा क्षेत्र योजना (२०८१/८२ - २०८६/८७) निर्माण गरेको छ।

(ख)**शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य**

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकासको लक्ष्य सोह्रौँ योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ। विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसात् गर्न र सिर्जनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ।

नेपालको संविधान अनूसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षामा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११,ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ। यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्थासमेत गरेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिकलगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दश वर्षे **विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)** स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन्। यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी आरुघाटले पनि स्थानीय शिक्षा योजना निर्माण गरेको हो।

(ग) **स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य**

- तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थपित गर्न ,
- सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न,
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,
- साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ,
- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्‍याउन ।

(घ) **शिक्षा योजना निर्माणका आधार**

यस स्थानीय तहको शिक्षा योजना निर्माण गर्दा तलप्रस्तुत दस्तावेजलाई मूल आधार मानिएको छ। यसका अतिरिक्त अन्य सान्दर्भिक सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ ।

- नेपालको संविधान
- सोह्रौं योजना
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ) ऐन २०७७
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
- विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) र सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना
- शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९

- विद्यालय शिक्षामा समता रणनीति
- दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना
- राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
- विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी संघसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि

**(ङ) शिक्षा योजना निर्माण प्रक्रिया**

यस स्थानीय तहको शिक्षा योजना निर्माण गर्न तल प्रस्तुत प्रक्रियाअनुसार निर्माण भएको हो ।

- गाउँ/नगर सभा र गाउँ/नगर कार्यपालिका स्तरीय स्थानीय तहको बैठक
- योजना  निर्माण समितिको गठन
- स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषक
- गाउँ/टोल तथा वडास्तरमा विभिन्न सरोकारवाला (वडाध्यक्ष, विद्यालयका प्रधानाध्यापक र शिक्षक, विद्यालय व्यवस्थापन समिति,शिक्षक अभिभावक संघ, अपाङ्गता भएका व्यक्तिसँग सम्बन्धित संघसंस्थालगायत विभिन्न सरकारी/गैरसरकारी संघ संस्था आदि) सँग भेला छलफल गरी सुझाव सङ्कलन
- स्थानीय तह तथा  विद्यालय स्तरीय छलफल
- योजनाको मस्यौदा तयारी
- मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण
- योजनाको अन्तिमीकरण
- बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन
- स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन

**(च) योजनाको दस्तावेजको स्वरूप**

यस योजनाको स्वरूप नेपाल सरकार CEHRD ले उपलब्ध गरेको शिक्षा योजना निर्माण निर्देशिका अनुसार गरिएको छ। जस अनुरूप विभिन्न सात परिच्छेदमा निम्न विषयवस्तु समावेस भएको छ :

पहिलो परिच्छेद: परिचय,स्थानीय तहको पृष्ठभूमि, शिक्षा क्षेत्रका समस्या, चुनौती र अवसर

दोस्रो परिच्छेद: लक्ष्य निर्धारण , योजनाको दूरदृष्टि, ध्येय, उदेश्य, रणनीति र प्रमुख अपेक्षित उपलब्धि

तेस्रो परिच्छेद: विद्यालय क्षेत्रका विभिन्न उपक्षेत्रका योजनाको खाका

चौथो परिच्छेद: विद्यालय क्षेत्रका विभिन्न अन्तरसम्बन्धित विषयवस्तु

पाँचौ परिच्छेद: शुसाशन तथा व्यवस्थापन

छैटौँ परिच्छेद: लगानी र स्रोत व्यवस्थापन

सातौँ परिच्छेद: कार्यान्वयन पश्चात् अपेक्षित नतिजा र मुख्य मुख्य सूचकहरु

# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले तीन तहको शासकीय स्वरुप, तीनै तहका सरकारहरुका बिचमा समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा मुलुकमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा राखेको छ। संविधानको अनुसूची ८ मा आधारभूत तथा माध्यामिक तहसम्मको शिक्षाको अधिकार स्थानीय सञ्चालन सरकारलाई तोकिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ (ज ) ले स्थानीय तहलाई प्राप्त आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी नीति निर्माण, मापदण्ड तयार, सञ्चालन व्यवस्थापन र नियमनका क्षेत्रमा जवाफदेही बनाउँदै शैक्षिक सुशासन कायम गर्ने अधिकार दिएको छ। नागरिकहरुले अनुभूति गर्ने विकास र समृद्धितर्फ केन्द्रित हुँदै शिक्षालाई व्यवहारिक, जीवनोपयोगी, वैज्ञानिक बनाई परिवर्तनको बाहक शक्तिका रुपमा रुपान्तरण गर्नुपर्ने देखिन्छ।

विकासले भौतिक, सामाजिक, मानवीय आर्थिकलगायतका बहुआयामिक पक्षलाई समेट्नुपर्दछ। नागरिकको मौलिक अधिकारको रुपमा संविधानमै व्यवस्था गरिनुले शिक्षा माग होइन अधिकारमा आधारित अवधारणा (Demand Based VS Right Based Approach) मा अघि बढ्दै छ। विगतका केन्द्रिकृत सोचले तयार र कार्यान्वयन भएका शैक्षिक योजनाहरुले न त स्थानीय तहका माग र आवश्यकतालाई सम्बोधन गर्न सके न त स्थानीयको सहभागिता, अपनत्व र दिगोपना कायम रह्यो। त्यसैले विश्वव्यापी, रुपमा शिक्षाको क्षेत्रमा भित्रिएको नवीनतम सोचRecent Trends of Education) दिगो विकासका लक्ष्य ( Sustainable Development Goals), विश्व शिक्षा मञ्चको घोषणापत्र, (Declaration of universal Education by 2030), सोह्रौँ पञ्चवर्षीय योजना (२०८१/०८२ देखि २०८५/०८६ सम्म), विद्यालय शिक्षा क्षेत्र योजना (SESP) प्रदेशको पहिलो पञ्चवर्षीय आवधिक योजना (आर्थिक वर्ष २०७६/७७-२०८०/८१), आरुघाट गाउँपालिकाको आवधिक योजना (आर्थिक वर्ष २०७७/७८-२०८२/८३) जस्ता शिक्षाक्षेत्रका रुपान्तरणकारी योजना कार्यक्रमहरुलाई सैद्धान्तिक मार्गदर्शनको रुपमा गाउँ शिक्षा योजनाले ग्रहण गरेको छ।

शिक्षाले रोजगारी र आयआर्जनको अवस्था सिर्जना गरी मानिसको जीवन स्तरमा सुधार ल्याउनुका साथै सामाजिक र सांस्कृतिक विकासमार्फत् सभ्य समाजको निर्माण गर्नु स्थानीयतहको जिम्मेवारीका साथै कर्तव्यसमेत हुन आउँछ। शिक्षामा गरेको लगानीले विकासको समग्र पक्षमा प्रभाव गर्ने हुँदा लगानी वृद्धितर्फ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा जोडदार आवाज उठ्दै आएको छ। युनेस्कोले शिक्षाको लक्ष्य हासिल गर्न सबै राष्ट्रलाई कूल राष्ट्रिय उत्पादनको ६ प्रतिशत र वार्षिक बजेटको २० प्रतिशत शिक्षामा लगानी गर्ने सुझाव दिएको छ। सोही प्रतिवेदनमा कूल राष्ट्रिय उत्पादनको १.८ प्रतिशत बराबरको लगानी सिकाइ सुधारमा लगाउने हो भने प्रति व्यक्ति आयमा १ प्रतिशतले वृद्धि हुने तथ्य पनि उल्लेख गरिएको छ। यसै गरी दिगो विकासका लक्ष्यहरु मध्ये लक्ष्य ४ मा समावेशी तथा गुणात्मक

शिक्षा सुनिश्चित गर्दै सबैका लागि आजीवन सिकाइका अवसरहरु प्रदान गर्ने भनी लक्ष्य प्राप्तिका लागि मार्गदर्शकका रुपमा अगाडि सारिएको छ। योजना भविष्यमा गरिने कामहरु भएकाले तथ्यमा आधारित रहेर गरिने क्रियाकलापहरु र त्यसमा लाग्ने खर्चको अनुमान गरिएको हुन्छ। प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्मको विद्यालय शिक्षालाई व्यवस्थित गरी विद्यालय उमेर समूहका बालबालिकालाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तरीय शिक्षा उपलब्ध गराउनु, जनजीविकासँग प्रत्यक्ष सरोकार राख्ने रोजगारमूलक, व्यवसायिक, प्रविधियुक्त र सीपमूलक शिक्षा प्रदान गर्नु, अनौपचारिक शिक्षाको माध्यमबाट सबै नागरिकहरुलाई जीवनपर्यन्त सिक्ने वातावरण सिर्जना गरी शिक्षाको अवसर प्रदान गर्ने आरुघाट गाउँपालिकाको मुख्य भूमिका रहन गएको छ। विद्यालय शिक्षालाई गुणस्तरीय बनाई सामुदायिक विद्यालयमा अभिभावकहरुको आकर्षण बढाउनुका साथै शिक्षामा लगानी गर्ने वातावरण सिर्जना गर्नुपर्ने अवस्था आएको छ । त्यसैले स्थानीय सरकारको विद्यालय शिक्षा सर्वसुलभ, गुणस्तरीय, अनिवार्य एवम् निःशुल्क बनाइ अपेक्षित उपलब्धि हासिल गरेर यस गाउँपालिकालाई शैक्षिक गन्तव्यको थलोको रुपमा विकास गर्ने ध्येयले पाँच वर्षे गाउँ शिक्षा योजना तयार गरिएको छ।

### १.१.१ भौगोलिक अवस्थिति

नेपाल सरकारको पछिल्लो प्रशासनिक विभाजनअनुसार गण्डकी प्रदेशअन्तर्गत गोरखा जिल्लाका ११ स्थानीय तहहरूमध्ये एक आरुघाट गाउँपालिका साविकका ५ ओटा गा.वि.स.हरु (आरुचनौटे, आरुपोखरी, आरुआर्बाङ्ग, मान्बु र थुमी) मिलेर स्थापना भएको हो । भौगोलिक हिसाबले ८४°४४'३१.९६" देखि ८४°५८'२०.०९" पूर्वी देशान्तर र २८°२'२१.५५" देखि २८°११'५६.१२" उत्तरी अक्षांशसम्म रहेको यस गाउँपालिकामा उष्ण, समशितोष्ण, शितोष्ण, लेकाली र हिमाली हावापानी पाइन्छ। यो गाउँपालिका समुद्री सतहबाट ४७९ मिटरदेखि ३७३५ मिटरको उचाइमा रहेको छ । गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७८ अनुसार १५४.५६ वर्ग.कि.मी. क्षेत्रफल रहेको यस आरुघाट गाउँपालिकालाई प्रशासनिक तथा राजनीतिक दृष्टिले १० ओटा वडामा विभाजन गर्नुका साथै गोरखा जिल्लाको निर्वाचन क्षेत्र नं.१, प्रदेशसभाको लागि निर्वाचन क्षेत्र १(ख) गण्डकी प्रदेश अन्तर्गत राखिएको छ।

**सीमाना**

पूर्व : धादिङ जिल्लाको गंगाजमुना गाउँपालिका र त्रिपुरासुन्दरी गाउँपालिका,रुवी भ्याली गाउँपालिका

पश्चिम : बारपाक सुलिकोट गाउँपालिका

उत्तर : धार्चे गाउँपालिका

दक्षिण : भिमसेन थापागाउँपालिका

**हावापानी**

यस गाउँपालिकामा उष्ण, समशितोष्ण, शितोष्ण, लेकाली र हिमाली हावापानी पाइन्छ । यो गाउँपालिका समुद्री सतहबाट ४७९ मिटर देखि ३७३५ मिटरको उचाइमा रहेको छ।

वार्षिक वर्षा : २६८६मि.मि.

औषत वार्षिक तापक्रम : २३° से.

मौसम : Sub-Tropical, Temperate, Sub Alpine

मुख्य नदी तथा खोलाहरु : बुढीगण्डकी नदी, स्तुलखोला, मोदीखोला, आर्खेत खोला, सोती खोला, रस्चेत खोला डोण्डरे खोला छोटे खोला

गाउँपालिकाको अधिकांश क्षेत्र वनजङ्गल, पहाडी भू-भागले ओगटेको खेतीयोग्य एवम् उर्वर जमिन, नदीनाला, जङ्गली जनावर र जडीबुटी पनि उल्लेख्य मात्रामा रहेका छन् । नेपालको मध्य पहाडी महाभारत पर्वत शृङखलामा अवस्थित गोरखा जिल्लाका ११ ओटा स्थानीय तहहरू मध्येको एक आरुघाट गाउँपालिका भौगोलिक विविधताले भरिपूर्ण रहेको छ । बुढी गण्डकी नदीले बनाएको गहिरो आरुघाट खोँचदेखि अग्ला हिउँदमा हिउँसमेत पर्ने सतिडाँडा माथिल्लो धोरतडाँडा, पात्लेखर्कलगायत उच्च पहाडी भेकसम्म फैलिएको यस गाउँपालिका प्राकृतिक विविधताको धनी र पर्यटकीय दृष्टिले महत्तवपूर्ण रहेको छ ।

यस गाउँपालिकाको वडा विभाजन र त्यसको क्षेत्रफ़ल निम्नलिखित रहेको छ ।

**तालिका नं. १**

| हाल कायम गरिएका वडा नं. | समावेश भएका साविक गा.वि.स.हरु | समावेश भएका साविक वडा | क्षेत्रफल - वर्ग कि.मि. |
|---|---|---|---|
| १ | मान्बु | ५,६,७,८,९ | ५२.५१ |
| २ | मान्बु | १,२,३,४ | १७.८५ |
| ३ | थुमी | ४,६,८ | १५.९८ |
| ४ | थुमी | १,२,३,५,९ | १३.२९ |
| ५ | आरुघाट | ५,७,९ | १५.७८ |
| ६ | आरुआर्वाङ | १,२,३,४,६ | १०.९९ |
| ७ | आरुपोखरी | १,२,५,९ | ११.५१ |
| ८ | आरुपोखरी | ३,४,६,७,८ | ८.६३ |
| ९ | आरुचनौटे | १,२,३ | १.७३८८ |
| १० | आरुचनौटे | ४,५,६,७,८,९ | ६.२६८४ |
| | जम्मा | | १५४.५६ |
| स्रोतः भू-सूचनामा आधारित स्थलगत तथ्याङ्क, २०७७ | | | |

### १.१.२ ऐतिहासिक पृष्ठभूमि

आरुघाट गाउँपालिकाको नामकरण यस गाउँपालिकाको वडा नं ९ मा बुढीगण्डकी किनारमा अवस्थित प्रख्यात 'आरुघाट' बजारबाट रहन गएको हो । परापूर्वकालदेखि नै आरुटार, आरुपोखरी, आरुआर्वाङ, थुमीलगायतका बासिन्दाको मरनघाटका रुपमा प्रख्यात आरुघाट बुढी गण्डकीको तटीय क्षेत्र भएका कारण समथर उर्वर भूमिमा राम्रो उब्जनी हुन्थ्यो । सँगसँगै घनाबस्ती पनि विस्तार हुन गई कालान्तरमा व्यापारिक केन्द्र बन्यो र यसकै ख्यातिबाट गाउँपालिकाको नामकरण भयो । हाल यो बजार गोरखा बजार पछिको दोस्रो बजार भनेर जिल्लाभर प्रख्यात छ ।

व्युत्पत्तिका आघारमा भन्नु पर्दा "आरुघाट" शब्द "आरु" र "घाट" मिलेर बनेको छ । शाब्दिक अर्थको रुपमा आरु बासीहरूले मरन घाटको रुपमा प्रयोग गरेका कारण आरुघाट भएको हो । साविकको आरुपोखरी बासीका अनुसार "आरु" शब्दमा "आ" को अर्थ "आम्दानी" र "रु"को अर्थ "रुजु गर्नु" भन्ने हुन्छ । पृथ्वी नारायण शाहको नेपाल एकीकरणपश्चात् माइला राजा बाबु साहेब नामका रजौटाले हालको आरुपोखरीस्थित दरबार माध्यमिक विद्यालय रहेको स्थानमा वि.सं १८४१ तिर दरबार स्थापना गरी स्थानीय स्तरमा उत्पादित बालीनालीको लेखाजोखा राख्ने गरेका थिए । यसरी स्थानीयको आम्दानी रुजु गर्ने गरिएकाले छोटकरीमा ती रजौटालाई 'आम्दानी रुजुकर्ता' अर्थात् छोटकरीमा आरु भनिन्थ्यो र उनी बसेको स्थान र उनको कार्यक्षेत्र अन्तर्गत पर्ने भूगोललाई पनि आरु शब्द अगाडि राखेर आरुपोखरी, आरुटार, आर्खेत, आरुआर्बाङ, आरुघाट, आरुचनौटे आदि नामकरण गरियो ।

'आरु' शब्दको अर्थ पहिल्याउने क्रममा हाल सघन मगर बस्ती रहेको आरु पोखरीमा काम विशेषले आवतजावत गर्ने मगरहरूले परम्परागत रुपमा फलाम तताई भाँडाकुँडा तथा कृषि सामाग्री उत्पादन गर्ने आरनलाई मगर भाषामा "आरउँम" भन्दाभन्दै अपभ्रंश भई आरु बनेको, बराम जाति तथा खस आर्यहरू बसाइँ सरेर आउँदा पोखरीको छेउछाउमा आरु नामक फल फलेको देखी यस ठाउँको नामको सुरुवात आरु राख्न थालिएको तथा तामाङ समुदायका मानिसहरू आफन्त भेट्न आउँदा जाँड राख्ने भाँडो आरी देखेका र बोलीचालीमा ठाउँको नामको अगाडि आरु जोडिएको जस्ता तर्कहरू पेश गरेका छन् ।

यसै क्रममा आरु नामको फल प्रशस्त मात्रामा फल्ने गरेकाले पोखरी, टार, आर्बाङ, घाट, चनौटे जस्ता ठाउँहरूको अगाडि आरु शब्द जोडिएको हो र आरुबासीहरूको खेतलाई आर्खेत र उनीहरूको मरनघाट अवस्थित घाटलाई आरुघाट भनिएको हो।आरुघाट आसपासका क्षेत्रमा आर्य जातिहरु बसोबास रहेको र ती जातिहरुको अन्त्योष्टि संस्कार गर्ने घाटलाई आर्यघाट भनिदै आएकोमा प्राचिन आर्यघाट ' शब्द अपभ्रंश भई' आरुघाट भएको हो भन्ने दृष्टिकोणघाटको अर्थ व्यापारिक केन्द्र पनि हो भन्ने तर्क रहेको छ । राणाकालमा देशका अब्बल जग्गा तिरो तिर्नु नपर्ने गरी बिर्ताको रुपमा नजिकका नातेदार तथा आफन्तलाई बाँड्ने गरिन्थ्यो । तद्अनुरुप यो क्षेत्र राजा महेन्द्रका मामाससुरा हरि शमशेर जबराको आरु बिर्ता हालको दरबार माध्यमिक विद्यालय रहेको स्थलमा थियो । नदी किनारमा सभ्यताको विकास हुने आम प्रवृत्तिअनुरुप बिर्ता उन्मुलनपछि समथर उब्जाउ आरुघाट जमिनमा बिस्तारै मानव बस्ती घना हुँदै

जाँदा व्यापारिक केन्द्रको रुपमा विकास हुँदै गयो भने नेपाल–तिब्बत लार्के नाका जोड्ने मुख्य बजार केन्द्र बन्यो । पाल्पातिरबाट पूर्व काठमाडौँ आउने पैदल पनि पाइन्छायात्री यसै आरुघाटस्थित बुढीगण्डकी नदीको डुङ्गाबाट आवतजावतसमेत गर्थे । यसरी आरुघाट गोरखामा मात्र नभई देशभरिको पूर्वपश्चिम तथा उत्तरदक्षिण जोड्ने नाकाको रुपमा प्रसिद्धि कमाएको स्थलको रुपमा विकास भयो ।

यद्यपि २०७३ फागुनमा तत्कालीन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले विभाजन गरेको स्थानीय तहको नामाकरण गर्ने क्रममा व्यापारिक हिसाबले गोरखा जिल्लाको दोस्रो ठूलो बजारको रुपमा रहेको आरुघाट बजारकै नाममा सहमति जुटेकोले आरुघाट गाउँपालिका नामाकरण गरिएको हो । हाल निर्माणाधीन अवस्थामा रहेको राष्ट्रिय गौरवको बुढीगण्डकी जलविद्युत आयोजना कार्यान्वयन पश्चात भने आरुघाट बजारलगायत आर्खेतसम्मका अधिकांश तटीय क्षेत्रहरू जलाशयमा परिणत भई अस्तित्व समाप्त हुने क्रममा रहेका छन् । तापनि गाउँपालिकाको नामकरण हुनुले आरुघाट बजारको ऐतिहासिकता अनन्तकालसम्मका लागि जोगिएको छ । (स्रोत : आरुघाट गाउँपालिका भिलेज प्रोफाइल, २०७७ )

### १.१.३ जनसाङ्ख्यिक विवरण

केन्द्रीय तथ्याङ्क कार्यालय, राष्ट्रिय जनगणना वि.सं.२०७८ को प्रतिवेदनअनुसार यस गाउँपालिकाको कूल जनसङ्ख्या २१,५७२ (पुरुष : १०१४५, महिला: ११४२७, परिवार सङ्ख्या: ६१७६) रहेको छ ।

**जनसाङ्ख्यिक विवरण**

**तालिका नं. २**

| वडा नं | घरधुरी सङ्ख्या | जनसङ्ख्या | | | क्षेत्रफल वर्ग कि.मि. | महिला र पुरुष अनुपात |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | | |
| १ | १०८६ | २०५९ | १८२७ | ३८८६ | ५२.५१ | १.१३ |
| २ | ५७१ | १०६४ | ९७० | २०३४ | १७.८५ | १.१० |
| ३ | ५३१ | ९८१ | ८७१ | १८५२ | १५.९८ | १.१३ |
| ४ | ६७७ | १२९७ | ११२३ | २४२० | १३.२९ | १.१५ |
| ५ | ५५० | १००५ | ८९४ | १८९९ | १५.७८ | १.१२ |
| ६ | ४८१ | ९१४ | ८७८ | १७९२ | १०.९९ | १.०४ |
| ७ | ५५१ | ९९८ | ८६१ | १८५९ | ११.५१ | १.१६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | ५२२ | ९१८ | ७७८ | १६८६ | ८.६३ | १.१८ |
| ९ | ८४७ | १५२२ | १४०० | २९२२ | १.७३ | १.०९ |
| १० | ३६० | ६६९ | ५५३ | १२२२ | ६.२६ | १.२१ |
| जम्मा | ६१७६ | ११४२७ | १०१४५ | २१५७२ | १५४.५६ | १.१३ |

### १.१.४. पालिकाको सामाजिक र सांस्कृतिक अवस्था

आरुघाट गाउँपालिका मौलिक तथा साँस्कृतिक विविधतामा धनी गाउँपालिका हो। यस गाउँपालिकामा विभिन्न जाति, धर्म सम्प्रदाय र समुदायका मानिसहरू बसोबास गर्दछन्। गुरुङ, क्षेत्री, मगर, ब्राह्मण, बराम, विश्वकर्मा, मिजार, नेवार, घले, तामाङलगायतका जातिहरूको बसोवास रहेको यो गाउँपालिकामा हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता रहेको छ भने यसबाहेक वौद्ध ,क्रिस्चियन , बोनलगायत अन्य धर्मावलम्बीहरू पनि रहेका छन् । सबै जातजाति र सम्प्रदायका आआफ्नै किसिमका धर्म, संस्कृति र चालचलनहरू छन्। यहाँ तीज, दशैँ, तिहार,शिवरात्री, माघेसङ्क्रान्ति, क्रिस्मस डे, साउने मेला, नागपञ्चमी, बालाचतुर्दशी, ल्होसार, अर्गुङ (मृत्युसंस्कार), चण्डी पूर्णिमा, बुद्ध जयन्ती जस्ता विभिन्न चाड पर्व एवम् साँस्कृतिक उत्सवहरू मुख्य रुपमा मनाइने गरिन्छ । नाचहरूमा घाटु, सोरठी, लामा नाँच, भजन कीर्तन, झाँक्री नाँच, माने नाँच, झ्याउरे नाँच, खैजडी नाँच, चुड्का, कौडा, पाङदुरे नाँच तथा बालन आदि रहेका छन् । लोपोन्मुख नाच तथा कलाहरूको संरक्षणमा भने गाउँपालिकावासीको ठूलो योगदान रहेको छ । यसरी लोककला र संस्कृतिको यो उर्वर भूमिमा बहुप्रतिभाशाली कलाकारहरूको कमि नरहेको पुष्टि हुन्छ किनकि, यहाँको माटोलाई चिनाउन लोक गायकगायीका, अभिनय कलामा कलाकारहरू तथा हिमाल आरोही विरङ्गनालगायतले राष्ट्रिय स्तरमा दिएको योगदानलाई विशिष्ट मान्न सकिन्छ । वाद्यवादनका क्षेत्रमा पनि गाउँपालिका सक्रिय रहेको छ । मेलापातमा लोकभाकाको साथ मनोरञ्जन गर्ने, विभिन्न साँस्कृतिक भजन समूह बनाइ भजन गाउने चलन, कृष्ण अष्टमीको समयावधिमा खैजडी बजाइ भजन गाउँने चलनले कला र संस्कृतिको संरक्षणमा टेवा पुगेको छ।साथै गाउँपालिकामा विभिन्न परम्परागत धार्मिक एवम् सांस्कृतिक स्थलहरू जस्तै तुम्की गुफा, भञ्जाङ कुना गुफा, कोटघर आरुपोखरी, वनझाँक्री गुफा, शितलामाई मन्दिर, सतीडाँडा, मंगनी डाँडामा रहेको स्वागतद्वार, भीमसेन मन्दिर, सुवर्ण महाविहार, बासुकी नाग मन्दिर, मेघथुन मन्दिर, गंगाजमुना मन्दिर, पेमा छोइलिंग गुम्बा, देछेन थार्पलिंग गुम्बा, देबीजलकुमारी मन्दिर तथा बाइस धारा , चक्रदेवी मन्दिर, घान्कचेत मन्दिर, पञ्चकन्या तथा जलदेवी मन्दिर, रमाइलो डाँडा, स्थानिका देवी,घाम्लिङ गढी,अकला, अन्नपूर्ण, वनदेवी माई, १५६ रोपनीको राणाकालीन बगैंचा तथा बतासे गुफालगायत रहेका छन् ।

### १.१.५. पालिकाको आर्थिक अवस्था

आरुघाट गाउँपालिकामा रहेका जनसङ्ख्यामध्ये सबैभन्दा बढी कृषि क्षेत्रमा (कृषि, पशुपालन, माछापालन, मौरीपालन) रहेका छन् । केही प्रतिशत जनसङ्ख्या नोकरी व्यापार व्यवसायबाट भएको आम्दानीबाट जीविकोपार्जन गरेको पाइन्छ । व्यापार, व्यवसाय र  रोजगारीका लागि आफ्नो स्थान छाडेर बाहिरिने युवाहरुको सङ्ख्या दिनप्रतिदिन बढिरहेको हुँदा गाउँपालिकाको आर्थिक विकासमा बाधा उत्पन्न भएको छ ।

### १.१.६. पालिकाको शैक्षिक अवस्था

**शैक्षिक संस्थाको विवरण**

आरुघाट गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको शैक्षिक अभिलेख अनुसार शैक्षिक संस्थाको विवरण तपसिल बमोजिम रहको छ :

**शैक्षिक संस्थाको विवरण**

**तालिका नं. ३**

| क्र.सं | सञ्चालित कक्षा | विद्यालय सङ्ख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | सामुदायिक | संस्थागत | जम्मा | |
| १ | प्रारम्भिक बालविकास कक्षा | ४+३ | ० | ४+३ | मातृ विद्यालयमा आधारित ३ |
| २ | कक्षा १-३ | ७ | १ | ८ | |
| ३ | कक्षा १-५ | ७ | ० | ७ | |
| ४ | कक्षा १-८ | ७ | ० | ७ | |
| ५ | कक्षा १-१० | ८ | १ | ९ | |
| ६ | कक्षा १-१२ | ५ | ० | ५ | |
| ७ | स्नातक | आरुघाट ९ भीमोदय माविको आधारस्तम्भमा वि.सं. २०६४ मा त्रिविको सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसका रुपमा भीमोदय बहुमुखी क्याम्पसको स्थापना भई शिक्षा र व्यावस्थापन संकायका क्षेत्रमा कार्यक्रमहरु सञ्चालनमना रहेका छन् । | | | |
| ८ | धार्मिक विद्यालय | १ | ० | १ | |

| | | | | | |
|---|---|---|---|---|---|
| | (मदरसा) | | | | |
| | जम्मा | ३९ | २ | ४१ | |

गाउँपालिकाभित्र रहेका सामुदायिक विद्यालयहरुमा मौजुदा शिक्षक/कर्मचारी दरबन्दी विवरणः

**तालिका नं. ४**

| क्र.सं. | तह | स्वीकृत दरबन्दी | राहत | शिक्षण सहयोग अनुदान | गाउँपालिका अनुदान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | साविक उच्च माध्यमिक तह | २ | ४ | ० | ० | प्राविधिक तर्फ थप ४ |
| २ | माध्यमिक तह | १५ | ८ | २३ | ० | प्राविधिक तर्फ थप २ |
| ३ | निम्न माध्यमिक तह | १६ | २१ | ७ | ० | प्राविधिक तर्फ थप २ |
| ४ | प्राथमिक तह | १४१ | २७ | ० | ० | |
| ५ | प्रारम्भिक बाल विकास | ३८ | ० | ० | ३ | |
| ६ | विद्यालय सहायक कर्मचारी(लेखा) | १३ | ० | ० | ० | |
| ७ | कार्यालय सहयोगी | ४० | ० | ० | ५ | |
| | जम्मा | २६६ | ६० | ३० | ८ | |

### १.१.७. शैक्षिक सूचक र वर्तमान अवस्था।

यस पालिकाका प्रमुख शैक्षिक सूचकहरु देहायबमोजिम रहेका छन् :

**तालिका नं. ५**

| **मुख्य कार्यसम्पादन सूचक** | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं | **तह** | **सूचाङ्क** | **आधार वर्ष २०८०/८१** | **२०८२** | **२०८७** |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 1.1 | **प्रारम्भिक बाल विकास** | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर* (%) | स्थानीय | ६५.९ | ७० | १०० |
| | | | प्रदेश | १००.७ | | |
| | | | राष्ट्रिय | ९४.९ | | |
| 1.2 | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर* (%) | स्थानीय | ६२.८ | ७० | १०० |
| | | | प्रदेश | ७९.० | | |
| | | | राष्ट्रिय | ७०.६ | | |
| 1.3 | | न्यूनतम योग्यता पूरा भएका शिक्षकको प्रतिशत | | १०० | १०० | १०० |
| 1.4 | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | | ९६ | १०० | १०० |
| 1.5 | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिका* (%) | स्थानीय | ९९.२ | १०० | १०० |
| | | | प्रदेश | ८२.३ | | |
| | | | राष्ट्रिय | ७६.९ | | |
| 2.1 | **आधारभूत तह** | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९६.४ | ९८ | १०० |
| | | | प्रदेश | ९३.४ | | |
| | | | राष्ट्रिय | ९६.९ | | |
| 2.2 | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | स्थानीय | १०४.६ | १०० | १०० |
| | | | प्रदेश | ११६.८ | | |
| | | | राष्ट्रिय | १२१.९ | | |
| 2.3 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९७.२ | ९८ | १०० |
| | | | प्रदेश | ९६.३ | | |
| | | | राष्ट्रिय | ९७.१ | | |
| 2.4 | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर* (%) | स्थानीय | ११५.६ | १०० | १०० |
| | | | प्रदेश | १२३.७ | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | राष्ट्रिय | १२९.२ | | |
| 2.5 | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर* (%) | | ९६.१ | ९८ | १०० |
| 2.6 | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | | १२६.६ | १२० | १०० |
| 2.7 | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९६.८ | ९८ | १०० |
| | | | प्रदेश | ९५.७ | | |
| | | | राष्ट्रिय | ९३.४ | | |
| 2.8 | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | स्थानीय | ११९.८ | १०० | १०० |
| | | | प्रदेश | ११९.० | | |
| | | | राष्ट्रिय | ११०.४ | | |
| 2.9 | | आधारभूत तह(कक्षा १-८) खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | ०.९८ | १ | १ |
| | | | प्रदेश | ०.९९ | | |
| | | | राष्ट्रिय | ०.९३ | | |
| 2.10 | | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८८ | ९० | १०० |
| | | | प्रदेश | ८६.५ | | |
| | | | राष्ट्रिय | ७९.३ | | |
| 2.11 | | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | | ८८.० | ९० | १०० |
| 2.12 | | विद्यालयबाहिर रहेका बालबालिका* (%) कक्षा १-८ | | ३.२ | २.५ | ० |
| 3.1 | **माध्यमिक तह** | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर* (%) | | ७२.३ | ७५ | १०० |
| 3.2 | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर* (%) | | ९२.४ | १०० | १०० |
| 3.3 | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर* (%) | | ३२.२ | ४० | ७० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 3.4 | | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर* (%) | | ५७.२ | ६० | ८० |
| 3.5 | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | स्थानीय | ९२.४ | ९५ | १०० |
| | | | प्रदेश | ५६.५ | | |
| | | | राष्ट्रिय | ४७.६ | | |
| 3.6 | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर* (%) | स्थानीय | ५२.७ | ५५ | ७० |
| | | | प्रदेश | ८१.६ | | |
| | | | राष्ट्रिय | ७१.४ | | |
| 3.7 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने टिकाउदर (%) | | ७५.२ | ७८ | १०० |
| 3.8 | | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने टिकाउ दर (%) | | ५२.७ | ५५ | ७५ |
| 3.9 | | कक्षा १-१२ को खुद भर्ना दरमा लैङ्गिक समता सूचक* | | १.०२ | १ | १ |
| 4.1 | **अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइ** | ५ वर्ष माथिको साक्षरता दर | | ७३.६ | ७५ | ८० |
| 4.2 | | ५-२४ वर्षको साक्षरता दर | | ९८.१५ | ९९ | १०० |
| 4.3 | | १५ वर्ष माथिको साक्षरता दर | | ५४.५५ | ६० | ८० |
| 5.1 | **महिला शिक्षक प्रतिशत** | आधारभूत तह (कक्षा १-८) | | ३५ | ४० | ५० |
| 5.2 | | माध्यमिक तह (कक्षा ९-१२) | | ६० | ६५ | ७० |
| 6.1 | **PMEC पूरा गरेका विद्यालयको प्रतिशत** | बालविकास | | १० | २५ | ५० |
| 6.2 | | आधारभूत(१-८) | | ३० | ३५ | ४५ |
| 6.3 | | माध्यमिक | | ५० | ५५ | ७० |
| 7.0 | **स्थानीय तहमा शिक्षाको बजेट प्रतिशत** | कूल वजेटको शिक्षा क्षेत्रमा विनियोजित वजेट*(%) | | ४.६४ | १० | २० |
| 8. 1 | **छाड्ने दर** | आधारभूत तह (कक्षा १-५) | | ४.१ | ३.८ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| 8.2 | | आधारभूत तह (कक्षा ६-८) | ४.१ | ३.८ | ० |
| 8.3 | | माध्यमिकतह (कक्षा ९-१०) | २.३ | २.१ | ० |
| 9.1 | **दोहोर्याउने दर** | आधारभूत तह (कक्षा १-५) | १२.९ | १० | ० |
| 9.2 | | आधारभूत तह (कक्षा ६-८) | ९.४ | ७ | ० |
| 9.3 | | माध्यमिक तह (कक्षा ९-१०) | १.७ | १ | ० |
| 10.1 | कक्षोन्नति दर | आधारभूत तह (कक्षा १-५) | ७९.१ | ८२ | १०० |
| 10.2 | | आधारभूत तह (कक्षा ६-८) | ८३.७ | ८५ | १०० |
| 10.3 | | माध्यमिक तह (कक्षा ९-१०) | ९२.९ | ९५ | १०० |

## १.२. पालिकाका मुख्य समस्याहरु

भौगोलिक विकटता भएको यस गाउँपालिकाको प्रमुख समस्या आर्थिक विपन्नता, सबै बालबालिकाहरुको समतामूलक र समावेशी पहुँच सुनिश्चित गर्न नसक्नु, प्रारम्भिक बालविकास केन्द्रले न्यूनतम मापदण्ड पूरा गर्न स्रोत नहुनु, नक्शाङ्कनका आधारमा सुलभ दुरीमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण नहुनु, बालमैत्री, अपाङ्गता मैत्री, लैङ्गिक मैत्रीको सिकाइ वातावरण निर्माण नगरिनु, इन्टरनेट, सूचना र प्रविधिको पहुँच विद्यालयमा पुऱ्याउन नसक्नु, भौतिक पूर्वाधार र शैक्षिक वातावरणको निर्माण पूर्ण नहुनु, दरबन्दीअनुसार शिक्षक पूर्ण नहुनु, विषयगत र तहगत शिक्षकको कमी हुनु, प्रवेशपश्चात् शिक्षकहरुलाई शैक्षिक प्रबोधीकरण तथा पुनर्ताजकी तालिममा न्यून हुनु, सूचना तथा सञ्चार प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार तथा सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग नहुनु, आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई पूर्ण रुपमा निःशुल्क गरी गुणस्तरयुक्त सिकाइलाई सुनिश्चित गर्न नसक्नु, अभिभावक शिक्षामा चासो कम हुनु हो।

## १.३. पालिकाका चुनौतीहरु

बसाइसराइका कारण विद्यार्थी सङ्ख्या टिकाइ राख्नु, निःशुल्क तथा अनिवार्य शिक्षा कार्यान्वयन गर्न, विद्यालय नक्साङ्कन तथा समायोजन गर्न, सूचना सञ्चार प्रविधिको प्रभावकारी कार्यान्वयन गर्न, शिक्षक दरबन्दी व्यवस्थापन गर्न, पाठ्यक्रम पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीमा सुधार गर्नु शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु र विपत व्यवस्थापन र वैकल्पिक शिक्षण सहजीकरण गर्नु, जीवनपर्यन्त सिकाइका अवसरहरु सुनिश्चित गर्नु, उपयुक्त भौतिक पूर्वाधारको निर्माण गर्नु, विद्यालय शिक्षामा सुशासन कायम गर्नु आदि शिक्षासम्बन्धी चुनौती रहेका छन्।

## १.४. पालिकाका अवसरहरु

माथि उल्लेख गरिएका चुनौतीहरु समाधान गरी विद्यालय शिक्षाको प्रभावकारी विकासका लागि संवैधानिक तथा कानुनी आधारहरु प्राप्त हुनु, शिक्षामा लगानी वृद्धि गरी गुणस्तर सुधार गर्न सकिनु, स्थानीय सरकार सञ्चालन ऐनले शिक्षाका अधिकार स्थानीय तहमा प्रदान गर्नु, तीन तहको सरकार तथा अन्य सङ्ध संस्थाहरुबाट शिक्षामा लगानी गर्न सकिने वातावरण हुनु, सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुनु, स्थानीय पाठ्यक्रममा मातृभाषामा शिक्षा, वातावरण संरक्षण, हरित विद्यालय निर्माण, जलवायु परिवर्तनसम्बन्धी विषयवस्तु समावेश गरी निर्माण र कार्यान्वयनको अवसर हुनु, स्थानीय तहमा भएको रैथाने ज्ञान, सिप र प्रविधिलाई आन्तरिकीकरण गर्नु, शिक्षा गुणस्तर सुधारका लागि शिक्षकको व्यवस्थापन, तालिम तथा अन्य शैक्षिक सामग्री सहयोग र वैकल्पिक सिकाइ सहजीकरण गरी विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चितता हुनुलाई शिक्षा क्षेत्रको अवसरको रूपमा लिन सकिन्छ।

## १.५. शिक्षा योजनाले समेट्ने पक्षहरू

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| १ | पहुँच | • **भौगोलिक पहुँच**: विद्यालय र शैक्षिक संस्थानहरूका स्थान र त्यसको पहुँच<br>• **आर्थिक पहुँच**: शैक्षिक शुल्क, सामग्रीको लागत र विद्यार्थीका लागि वित्तीय सहयोगको उपलब्धता<br>**सामाजिक पहुँच**: विभिन्न समुदाय, जाति, र लिङ्गका विद्यार्थीहरूलाई शिक्षा प्राप्त गर्ने समानअवसर<br>• **संरचनात्मक पहुँच**: विद्यालयको भौतिक संरचना, पूर्वाधार र शिक्षण साधनहरूको उपलब्धता।<br>• **प्रविधिक पहुँच**: डिजिटल शिक्षा र अनलाइन स्रोतहरूमा पहुँच<br>• **सामाजिक-भावनात्मक पहुँच**: मानसिक स्वास्थ्य, समावेशी शिक्षा र विद्यार्थीहरूको भावनात्मक साक्षरता<br>यी विषयहरूले शिक्षा क्षेत्रमा पहुँच र समावेशिता सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्छ, जुन यस पालिकाले आफ्नो योजनामा समाबेश गरेको छ। |

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| २ | गुणस्तर | • **पाठ्यक्रम** : पाठ्यक्रमको डिजाइन, सामग्री र सान्दर्भिकता<br>• **शिक्षणविधि** : शिक्षकहरूको शिक्षण शैली, विधिहरू र शैक्षिक प्रविधिहरूको प्रयोग<br>• **शिक्षकको योग्यता**: शिक्षकहरूको प्रशिक्षण, अनुभव र दक्षता<br>• **सामग्री र स्रोतहरू**: पाठ्यपुस्तक, शैक्षिक सामाग्री र अन्य स्रोतहरूको गुणस्तर<br>• **मूल्याङ्कन प्रणालीमा प्रभावकारिता** : विद्यार्थीहरूको मूल्याङ्कन गर्ने तरिका र प्रक्रिया, जसले शिक्षाको मूल्याङ्कन प्रणालीमा प्रभावकारिता मापन गर्न मद्दत गर्दछ<br>• **सामाजिक समावेशिता** : सबै विद्यार्थीका लागि समान अवसर र गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने<br>पहल<br>• **शिक्षा परिणाम** : विद्यार्थीहरूको सिकाइ परिणाम, कौशल र ज्ञानको स्तर<br>यी विषयहरूले शिक्षा प्रणालीको गुणस्तरमा महत्वपूर्ण प्रभाव पार्छ, जुन यस पालिकाले आफ्नो योजनामा समावेश गरेको छ। |
| ३ | व्यवस्थापन | • **नीतिगत योजना** : शिक्षा नीतिहरूको विकास र कार्यान्वयन<br>• **शिक्षण संस्थानको सञ्चालन** : विद्यालय, कलेज र विश्वविद्यालयको प्रशासन र सञ्चालन<br>• **स्रोत व्यवस्थापन** : वित्तीय, भौतिक र मानव संसाधनहरूको व्यवस्थापन<br>• **शिक्षक व्यवस्थापन** : शिक्षकको भर्ती, तालिम, विकास र मूल्याङ्कन<br>• **विद्यार्थी व्यवस्थापन** : विद्यार्थीको भर्ना, उपस्थिति र शैक्षिक प्रगति ट्र्याक गर्ने प्रक्रिया<br>• **सञ्चार र समन्वय** : विद्यालय भित्र र बाहिरको सञ्चार र सम्बन्ध व्यवस्थापन<br>• **गुणस्तर मूल्याङ्कन** : शिक्षा प्रणालीको गुणस्तर मापन र सुधारका उपायहरूको विकास<br>• **समावेशिता र विविधता**: सबै विद्यार्थीको समान पहुँच र समावेशिताका लागि रणनीतिहरू |

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| | | यी विषयहरूले शिक्षा व्यवस्थापनमा प्रभावकारीता र पारदर्शिता सुनिश्चित गर्न महत्त्वपूर्ण भूमिका खेल्ने भएकोले, यस पालिकाले शिक्षा योजनामा उक्त विषयलाई गहन विश्लेषण गरि सामवेश गरेको छ। |
| ४ | क्षमता विकास | • **सिप र ज्ञान** : विद्यार्थीहरूको विशिष्ट सिप र ज्ञानको विकास, जसले उनीहरूलाई व्यावसायिक र व्यक्तिगत जीवनमा सफल बनाउन मद्दत गर्दछ।<br>• **सामाजिक र भावनात्मक क्षमताहरू** : सहकार्य, सञ्चार, आत्म-प्रबर्धन र समस्या समाधान जस्ता सामाजिक र भावनात्मक सिपहरूको विकास<br>• **आत्मविश्वास र प्रेरणा** : विद्यार्थीहरूको आत्मविश्वास र आत्म-प्रेरणा बढाउने पहल र कार्यक्रम<br>• **क्रियात्मक शिक्षा** : व्यावहारिक अनुभव र कार्यान्वयनमार्फत सिकाइमा सक्षम बनाउने विधिहरू<br>• **प्राविधिक क्षमताहरू** : डिजिटल साक्षरता र प्रविधि प्रयोगका सिपहरूको विकास<br>• **आलोचनात्मक सोच र रचनात्मकता**: विद्यार्थीलाई विश्लेषणात्मक सोच र रचनात्मक समाधानका लागि सक्षम बनाउने गतिविधिहरू<br>• **समस्याको समाधान**: वास्तविक जीवनका समस्याहरूमा काम गर्ने र समाधान खोज्ने क्षमताको विकास<br><br>**यिनै विषयवस्तुलाई विश्लेषण गर्दै पालिकाले आफ्नो योजना निर्माण गरेको छ।** |
| ५ | मूल्याङ्कन | • **विद्यार्थीको प्रदर्शन** : विद्यार्थीहरूले कति राम्ररी पाठ्यक्रमको सामग्री सिकेका छन्, उनीहरूको परीक्षा परिणाम र कार्यहरूको मूल्याङ्कन<br>• **शिक्षण विधिहरू** : शिक्षकहरूको शिक्षण पद्धति र तिनको प्रभावकारीता कसरी छ भन्ने कुराको विश्लेषण<br>• **पाठ्यक्रमको उपयुक्तता** : पाठ्यक्रमले विद्यार्थीहरूको आवश्यकताहरू कत्तिको पूरा गर्छ र सान्दर्भिकता कस्तो छ<br>• **मूल्याङ्कन विधि** : प्रयोग गरिएका मूल्याङ्कनका तरिका र प्रक्रियाहरू (जस्तैः परीक्षण, परियोजना, प्रस्तुतिकरण) कत्तिको उचित छन्<br>• **समाज र संस्कृति** : मूल्याङ्कन प्रक्रियाले सामाजिक र सांस्कृतिक सन्दर्भलाई कत्तिको |

<table>
<tr><th>क्र.सं.</th><th>शिक्षा योजनाले समेटेका पक्ष</th><th>विश्लेषण</th></tr>
<tr><td></td><td></td><td>ध्यानमा राख्छ
<ul>
<li>पृष्ठपोषण प्रक्रिया : विद्यार्थी र शिक्षकहरूका लागि पृष्ठपोषणको महत्त्व र यसलाई कसरी सुधार गर्न सकिन्छ</li>
<li>गुणस्तर मापन : शिक्षा प्रणालीको गुणस्तर र प्रभावकारिताको मापन</li>
<li>समावेशिता: सबै विद्यार्थीको लागि मूल्याङ्कन प्रक्रिया कति समावेशी छ र यसले विविधता कसरी समेट्छ</li>
</ul></td></tr>
<tr><td>६</td><td>सुशासन</td><td>शिक्षा योजना निर्माण गर्दा सुशासनको अवधारणा विश्लेषण गर्नु महत्वपूर्ण हुन्छ, किनकि सुशासनले योजना कार्यान्वयनमा पारदर्शिता, उत्तरदायित्व, सहभागीता, प्रभावकारिता, र कानुनी राज्यको सिद्धान्त सुनिश्चित गर्दछ। सुशासनको दृष्टिकोणले शिक्षा योजनालाई प्रभावकारी र दिगो बनाउन मद्दत गर्छ। सुशासनका मुख्य पक्षहरू:
<ul><li>पारदर्शिता (Transparency):</li></ul>
योजना निर्माण र कार्यान्वयनको प्रत्येक चरणमा खुलापन, सार्वजनिक जानकारीको पहुँच, र निर्णय प्रक्रियामा स्पष्टता हुनुपर्छ।
<ul><li>उत्तरदायित्व (Accountability):</li></ul>
शिक्षा क्षेत्रमा संलग्न निकायहरूलाई आफ्नो जिम्मेबारी बुझाउन र कामको प्रतिफलका लागि जवाफदेही बनाउन आवश्यक छ।
<ul><li>जनसहभागिता (Participation):</li></ul>
योजना निर्माणमा विभिन्न सरोकारवालाहरू (विद्यार्थी, शिक्षक, अभिभावक, समुदाय) को सहभागिता सुनिश्चित गर्नुपर्छ। यसले योजना जनउत्तरदायी र व्यवहारिक हुन्छ।
<ul><li>समावेशिता (Inclusiveness):</li></ul>
योजना सबै वर्ग, समुदाय, लिङ्ग र क्षेत्रका व्यक्तिहरूको पहुँच योग्य र समावेशी हुनुपर्छ।
<ul><li>कानुनी राज्य (Rule of Law):</li></ul>
शिक्षा योजनामा कानुनको पालना, नीति र कानुनी मापदण्ड अनुसार काम गरिनुपर्छ, जसले अधिकारहरूको रक्षा र शिक्षाको गुणस्तर सुनिश्चित गर्छ।
<ul><li>प्रभावकारिता (Effectiveness):</li></ul>
शिक्षा योजनाले आफ्ना लक्ष्यहरू प्राप्त गर्न सक्षमता र स्रोतहरूको उचित व्यवस्थापनमा ध्यान दिनुपर्छ।</td></tr>
</table>

| क्र.सं. | शिक्षा योजनाले समेटेका पक्ष | विश्लेषण |
|---|---|---|
| | | |

## १.६. शिक्षा क्षेत्रको SWOT विश्लेषण

| **सवलता (Strengths)** | **कमजोरी (Weaknesses)** |
|---|---|
| संवैधानिक र कानुनी आधारमा शिक्षाका अधिकार स्थानीय तहमा प्राप्त | विद्यालयहरूको भौतिक पूर्वाधार र शैक्षिक वातावरण पूर्ण रूपमा नबनाइएको |
| स्थानीय सरकारको शिक्षामा लगानी बढाउनको लागि अवसरहरू उपलब्ध | शिक्षक दरबन्दीमा कमी, विषयगत र तहगत शिक्षकको अभाव |
| जानकारी र सञ्चार प्रविधिको प्रयोगको विस्तारको अवसर | प्रारम्भिक बालविकास केन्द्रहरूले न्यूनतम मापदण्ड पूरा गर्न स्रोत नहुनु |
| स्थानीय पाठ्यक्रममा मातृभाषामा शिक्षा, वातावरण संरक्षण र जलवायु परिवर्तनको समावेशी अवसर | शिक्षामा अभिभावकको चासो कम हुनु |
| जीवनपर्यन्त सिकाइको अवसर सुनिश्चित गर्ने वातावरण | बालमैत्री, अपाङ्गता मैत्री र लैङ्गिक मैत्रीको सिकाइ वातावरणको कमी |
| स्थानीय रैथाने ज्ञान, सिप र प्रविधिको आन्तरिकीकरणको अवसर। | विद्यालयहरूमा इन्टरनेट र सूचना प्रविधिको पहुँच अभाव |
| स्थानीय स्तरमा शैक्षिक सामग्रीको सहयोग र वैकल्पिक सिकाइको अवसर | शैक्षिक प्रबोधीकरण र पुनर्ताजकी तालिमहरूको अभाव |

| **अवसर (Opportunities)** | **सङ्कट (Threats)** |
|---|---|
| स्थानीय सरकारले शिक्षा क्षेत्रका लागि बजेट वृद्धि गर्न सक्ने वातावरण | बसाइसराइको कारण विद्यार्थी सङ्ख्या घट्ने र स्थिरता नहुनु |
| शिक्षा प्रणालीमा सुधारका लागि नयाँ कानुन र नीतिहरू लागू हुने अवसर | विपद व्यवस्थापन र शिक्षा क्षेत्रमा नपुगेको आपतकालीन योजना |
| नयाँ पाठ्यक्रमको निर्माण र कार्यान्वयनका अवसर, जस्तै: हरित विद्यालय र जलवायु परिवर्तनको समावेश | शिक्षकहरूको तालिम र शैक्षिक प्रबोधनमा नकारात्मक प्रभाव पार्ने समयको कमी |
| शिक्षा क्षेत्रमा सूचना प्रविधिको प्रभावकारी कार्यान्वयन | शिक्षक दरबन्दीको कमी र विद्यालयको शैक्षिक गुणस्तरमा असर पुऱ्याउने समस्याहरू |
| शैक्षिक सुधारका लागि तीन तहको सरकार र संघ | स्थानीय पाठ्यक्रम र शिक्षा प्रणालीमा असमानता |

| | |
|---|---|
| संस्थाहरूको समर्थन | र कमजोर व्यवस्थापन |

# परिच्छेद दुई

## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ परिचय

यस परिच्छेदमा योजनाको दूरदृष्टि, ध्येय, उद्देश्यहरू, मुख्य रणनीति तथा नतिजाहरू र योजनाले अवलम्वन गरेको परिवर्तनको सिद्धान्त प्रस्तुत गरिएको छ। दूरदृष्टि, ध्येय तथा उद्देश्यहरू मूलतः नेपालको संविधानले गरेको मार्गदर्शन, नेपाल सरकारले निर्धारण गरेको विकासको दीर्घकालीन सोचको अनुकूलता र दिगो विकास लक्ष्य तथा पन्ध्रौँ योजनाका प्राथमिकतासँगको सामञ्जस्यतामा आधारित छन्। परिच्छेद १ मा उल्लेख गरिएको स्थानीय शैक्षिक परिवेशको समीक्षा तथा उठान गरिएका मुख्य चुनौती तथा अवसरहरूले नेपालको विद्यालय शिक्षाको आगामी पाँच वर्षको मार्गचित्र पहिचानका लागि आधार तयार गरेका छन्। यसमा मूल रूपमा अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षा, नि:शुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइजस्ता कुराहरू यसमा समेटिएको छ।

### २.१.१ दूरदृष्टि

" समतामूलक र गुणस्तरीय जीवनपयोगी शिक्षाको सुनिश्चितता,
समृद्धिका लागि उद्यमशील नागरिक उत्पादनमा आरुघाटको प्रतिवद्धता "

### २.२ लक्ष्य

शिक्षालाई समतामूलक, सिपमूलक र गुणस्तरीय बनाउँदै दक्ष नागरिक तयार गर्ने

### २.३ उद्देश्य

२.३.१ विद्यालय शिक्षामा सामाजिक तथा आर्थिक कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२.३.२ अनिवार्य र निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षालाई समावेशीता र गुणस्तरीय बनाउँदै अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,
२.३.३. प्राविधिक, सिपमूलक र व्यवसायिक शिक्षामा सबैको पहुँच विस्तार गरी सिर्जनशील, दक्ष, नैतिकवान्, जीवनोपयोगी सीपयुक्त र सकारात्मक सोच भएको सचेत नागरिक तयार गर्नु,
२.३.४. विद्यालयहरुमा शैक्षिक, प्रशासनिक सुशासन तथा आर्थिक पारदर्शिता र जवाफदेहिता कायम गर्नु,
२.३.५.विपद् व्यवस्थापनका साथ बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नु

## २.४. रणनीति

२.४.१ विद्यालयको नक्साङ्कन गरी आवश्यकताका आधारमा समायोजन एकीकरण तथा नयाँ शैक्षिक संस्थाको स्थापना गरी शैक्षिक सेवाको पहुँच विस्तार गर्ने,

२.४.२ समाजमा विद्यमान सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक, लैङ्गिक, जातजातीय लगायतका पहिचानमा आधारित  विविधताहरूको सम्मान गर्ने,

२.४.३ सबै नागरिकका लागि जीवनपर्यन्त र निरन्तर सिकाइमा अवसर उपलब्ध गराउनको लागि सामुदायिक सिकाइ केन्द्रको पुर्नवितरण  र कार्यशैलीमा सुदृढीकरण गर्ने,

२.४.४ अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको मापदण्ड बमोजिम विद्यालय शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच, गुणस्तर र निरन्तरता सुनिश्चित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने,

२.४.५ सबैका लागि निःशुल्क विद्यालय शिक्षा  सुनिश्चित गर्न खास गरी विपन्न, सुविधाविहीन, विभिन्न कठिन परिस्थितिमा रहेका, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति प्रणालीको प्रभावकारी कार्यान्वयनमा सुधार ल्याउने,

२.४.६ बालबालिकामा रहेको विभिन्न प्रकारका अपाङ्गताको पहिचान गरी आवश्यकतानुसार आवासीय वा गैरआवासीय  सुविधासहितको समावेशी वा विशेष सिकाइको प्रबन्ध गर्ने,

२.४.७ विभिन्न कारणबाट औपचारिक शिक्षा लिनबाट बञ्चित भएका व्यक्तिलाई अतिरिक्त, अनौपचारिक तथा आजीवन शिक्षाको  अवसर विकास गर्ने ,

२.४.८ नैतिक शिक्षा, अतिरिक्त क्रियाकलाप, प्रयोगात्मक सिकाइ वातावरण तथा बालमैत्री शिक्षणलाई सकारात्मक पद्धतिको प्रयोगमा  महत्त्व दिने,

२.४.९ रोजगारीमूलक, सिर्जनशीलता, दक्षता र उद्यमशीलता विकास गर्न प्राविधिक तथा व्यवसायिक शिक्षालयको गुणस्तर विस्तार गर्ने,

२.४.१० प्राविधिक तथा व्यवसायिक शिक्षालयका लागि विद्यार्थी प्रोत्साहनका कार्यक्रमहरु सञ्चालन गर्ने,

२.४.११ सुशासन प्रवर्धन मापक सूचकहरु निर्धारण गरी आर्थिक सुशासन प्रवर्धनको मापन गर्ने साथै निरीक्षण, अनुगमन, सुपरीवेक्षण र निर्देशन जस्ता गतिविधिलाई प्रभावकारी बनाउन जोड दिने,

२.४.१२.सेवा प्रवाह सहभागीता मूलक कार्यसम्पादनप्रति उत्तरदायी, विद्यार्थीको सिकाइप्रति जवाफदेही, समतामूलक र समावेशी भई कार्यसम्पादन उद्देश्यमूलक र  प्रभावकारी बनाउने,

२.४.१३ शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने

२.४.१४ शिक्षकहरुका पेसागत क्षमता विकासका कार्यक्रममा गैरसरकारी संघ संस्थासँग साझेदारीमा  सञ्चालन गर्ने,

२.४.१५ विद्यालयको सङ्कटको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना तयार गर्ने,

२.४.१६ विद्यालयका भौतिक पूर्वाधारलाई भूकम्पप्रतिरोधी तथा विभिन्न प्रकोपहरुबाट सुरक्षित रहन जोखिमरहित वतावरणका लागि पहल गर्ने ।

## २.५. कार्यनीति

२.५.१ विद्यालय नक्साङ्कनको आधारमा विद्यालय स्थापना, समायोजन तथा विस्तार गरिने छ ।

२.५.२ सबै बालबालिकलाई विद्यालयमा भर्ना गर्ने अभियानलाई निरन्तरता दिँदै विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गरी स्थानीय तहले आफ्नो सेवा क्षेत्रभित्र कुनै पनि बालबालिका विद्यालयबाहिर नरहेको घोषणा गर्ने कार्यक्रम सञ्चालन गरिने छ ।

२.५.३ सबैका लागि अनिवार्य तथा निःशुल्क  शिक्षा सुनिश्चित गर्न शारीरिक तथा सामाजिक रूपमा पछाडि परेका बालबालिकालाई आवासीय सुविधासहितको शैक्षिक अवसर प्रदान गरिने छ ।

२.५.४ विद्यालय जान नसक्ने बालबालिकाहरुको भर्ना अभियानबाट पहिचान गरी जोखिममा परेका बालबालिकाको शैक्षिक सहयोगका लागि गाँउपालिका अध्यक्षसँग "विद्यार्थी कार्यक्रम" लागू गरी  बालबालिकाको अभिभावकत्व ग्रहण गरिने छ ।

२.५.५ विद्यालय शिक्षामा पहुँच वृद्धि गर्नका लागि विद्यालय भर्ना तथा स्वागत कार्यक्रम, निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री वितरण कार्यक्रम सञ्चालन गरिने छ ।

२.५.६ विद्यार्थी र अभिभावकहरुका लागि लैङ्गिक सचेतीकरण, बालविववाह न्यूनीकरण लागू औषध दुर्व्यसनलगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।

२.५.७ विद्यालय समायोजन, एकीकरण र शिक्षक दरबन्दी मिलानसम्बन्धी कार्यविधि निर्माण गरी विद्यालयमा विषयगत र तहगत शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण गरिनेछ ।

२.५.८ सरकारी तथा गैरसरकारी संघसंस्थाहरुको साझेदारीमा प्रारम्भिक बालविकास तथा प्रारम्भिक कक्षा सिकाइ उपलब्धिका लागि  विभिन्न विकासका कार्यक्रम सञ्चालन गरिने छ ।

२.५.९ शिक्षकहरुलाई पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धि पूरा गर्नका लागि पाठ्यक्रम प्रवोधीकरण, विषयगत क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।

२.५.१० विद्यार्थीहरुको सिकाइ उपलब्धिलाई शिक्षकहरुको कार्यसम्पादनसँग जोडी उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था गरिने छ ।

२.५.११ विद्यार्थीहरुलाई पठनपाठनको अलावा नियमित अतिरिक्त क्रियाकलाप, सहकार्यकलाप, खेलकुद कार्यक्रम सञ्चालन गरी Friday for Future कार्यक्रम प्रभावकारी रुपमा कार्यान्वयन गरिने छ।

२.५.१२ शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षकहरुलाई शैक्षणिक योजना डायरी निर्माण गरी कार्यान्वयनमा ल्याइने छ।

२.५.१३ शिक्षणमा नविनतम विधिहरुको प्रयोग गर्दै उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोतसामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन, शिक्षक पेसागत क्षमता विकास जस्ता कार्यक्रम सञ्चालन गरिने छ।

२.५.१४ हरेक स्थानीय सरकार र विद्यालयको क्षमता विकास गरी विद्यालयमा आपतकालीन, संकटपूर्ण र महामारी जस्ता जोखिमपूर्ण परिस्थितिमा वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने छ।

२.५.१५ यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल तथा आवश्यकताअनुसार अनुभवी शिक्षकबाट सहयोग तथा मार्गदर्शन गर्ने पद्धतिको विकास तथा शिक्षकको उपस्थिति, नियमितता तथा कार्यसम्पादनमा सुधार गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकासका लागि शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग जोडिने छ।

२.५.१६ न्यून सिकाइ उपलब्धि भएका विषयहरुका लागि अतिरिक्त कक्षाको सञ्चालन गरिने छ।

२.५.१७ प्राविधिक तथा व्यवसायिक शिक्षामा सबैको पहुँच पुऱ्याउन प्राविधिक धार पढ्न चाहने अति विपन्न, दलित, अपाङ्गता भएका तथा सामाजिक र भौगोलिक रुपले पछाडि परेका बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गरिने छ।

२.५.१८ माध्यमिक तह तथा प्राविधिक धारमा अध्यननरत विद्यार्थीहरुलाई उद्यमशीलतामा आकर्षित गर्न "Skill hand with Creative mind" कार्यक्रम सञ्चलान गरिने छ।

२.५.१९ विद्यालयहरुको आवश्यकता र मागको आधारमा पढ्दै सिक्दै र सिक्दै कमाउँदै कार्यक्रम सञ्चालन गरिने छ।

२.५.२० IEMIS मा तथ्याङ्क प्रविष्टि तथा अध्यावधिकका लागि क्षमता विकासका कार्यक्रम गरिनेछ र तथ्याङ्क सत्यापनका लागि स्थलगत अनुगमन गरिने छ।

२.५.२१ विद्यालयको सुशासन, जवाफदेहिता तथा ब्यवस्थापनमा प्रभावकारीता ल्याउन गाउँपालिकाले प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षसँग र प्रधानाध्यापकले शिक्षकसँग करार सम्झौता गरी कार्यसम्पादन गरिने छ।

२.५.२२ पुरस्कार र दण्ड, बाह्य परीक्षकबाट हरेक वर्ष विद्यालयको कार्यसम्पादन मूल्याङ्कन, सामाजिक परीक्षण, लेखापरीक्षण र वार्षिक हुने विद्यालयको कार्यसम्पादन मूल्याङ्कनको आधारमा विद्यालयमा जाने कार्यक्रम तथा

निकासालाई जोड्दै अनिवार्य र प्रभावकारी बनाइने तथा विद्यालयको नियमित मासिक शैक्षिक गतिविधिहरुको जानकारीको प्रतिवेदन मासिक रुपमा सूचना प्रविधि मार्फत लिने प्रबन्ध मिलाइने छ।

२.५.२३ विद्यालयमा आपतकालीन र जोखिमपूर्ण परिस्थितिमा बालबालिकाहरुका लागि पाठ्यक्रम अनुसारको अभ्यास पुस्तिका निर्माण गरी कार्यान्वयनमा ल्याइने छ।

२.५.२४ वैकल्पिक विधि, माध्यम, पद्धतिको विकास गरि टोल शिक्षा, अनलाइनमा आधारित सिकाइ कार्यान्वयनमा ल्याइने छ।

२.५.२५ सरकारी तथा गैरसरकारी संस्थाको साझेदारीमा सूचना तथा सञ्चार प्रविधिमैत्री कक्षाकोठाको व्यवस्थापन गरिने छ।

२.५.२६ विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न स्वमूल्याङ्कनको आधार निर्माण गरी कार्यन्वयन गरिने छ।

## २.६. अपेक्षित उपलब्धि

योजनाको अन्त्यसम्ममा निम्नानुसारको उपलब्धि प्राप्त हुने अपेक्षा गरिएको छ :

२.६.१ सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चित भएको हुने छ। परिणामस्वरूप प्रारम्भिक बालविकास शिक्षाको अनुभव लिई कक्षा १ मा भर्ना शतप्रतिशत पुगेको हुने छ।

२.६.२ सबै विद्यालयमा न्यूनतम शिक्षक दरबन्दीको व्यवस्था हुने छ।

२.६.३ माध्यमिक तहमा भर्नादर वृद्धि हुने र भर्ना भएका विद्यार्थीमध्ये उक्त तहको शिक्षा पूरा गर्ने दरमा उल्लेख्य रूपमा सुधार भएको हुने छ।

२.६.४ माध्यमिक तहमा प्राविधिक शिक्षाको आवश्यकता, औचित्य र सम्भाव्यताको अध्ययन गरी प्राविधिक सिप हासिल गर्न चाहने विशेष रूपमा लक्षित विद्यार्थीहरूका लागि गुणस्तरीय, सान्दर्भिक, श्रम बजारअनुकूल र आवश्यकतामा आधारित प्राविधिक शिक्षा प्रदान गर्न सक्ने गरी क्षमता सुदृढ भएको हुने छ।

२.६.५ सबै युवा तथा प्रौढहरूले कार्यमूलक साक्षरता हासिल गरेका हुनेछन्।

२.६.६ अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि भएको हुने छ।

२.६.७ सबै विद्यालयहरू व्यवहारकुशल, गैरसंज्ञानात्मक सिप, सामाजिक तथा नागरिक सक्षमतासहित सान्दर्भिक सिकाइ प्रदान गर्न सक्षम भएको तथा सूचना तथा सञ्चार प्रविधिमा विद्यार्थीहरूको पहुँच पुगेको हुने छ।

२.६.८ सबै विद्यालयमा पर्याप्त सङ्ख्यामा योग्य, तालिम प्राप्त, सक्षम, पेसाप्रति प्रतिबद्ध तथा कार्यसम्पादनप्रति जिम्मेवार शिक्षकको व्यवस्था भएको हुने छ।

२.६.९ लैङ्गिकता, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातीय, प्रादेशिक, क्षेत्रीय, भाषिक पृष्ठभूमि आदिका आधारमा विद्यार्थी भर्ना, कक्षा सहभागिता तथा सिकाइ उपलब्धिजस्ता शैक्षिक सूचकमा हुने विद्यमान असमानताहरू घटेको हुने छ।

२.६.१० सबै विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री, प्रकोप उत्थानशील तथा सुरक्षित वातावरणसहित भौतिक पूर्वाधार भएको हुने छ।

२.६.११ नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली मार्फत विद्यालयको शैक्षिक, सुशासन तथा आर्थिक पारदर्शीता सुनिश्चित भएको हुने छ।

# परिच्छेद तीन

## विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु

### ३.१. प्रारम्भिक बालविकास र शिक्षा

प्रारम्भिक बालविकास र शिक्षा निःशुल्क, सर्वसुलभ तथा गुणस्तरीय हुनु अनिवार्य छ। नेपालको शैक्षिक इतिहासलाई हेर्दा वि.सं.२००५ सालमा मन्टेश्वरी शिक्षा प्रणालीमा आधारित स्कुल स्थापना भएदेखि नै प्रारम्भिक बालविकास र शिक्षामा नवीन प्रणालीको अवधारणाको विकास भएको मानिन्छ। नेपालमा वि.सं.२०२८ सालमा नयाँ शिक्षा योजना लागू भएसँगै शिक्षा ऐन २०२८ ले पनि बालविकास र शिक्षालाई समेटेको र वि.सं.२०३७ सालमा निजी क्षेत्रलाई

प्रारम्भिक बालविकास खोल्न दिने भन्ने रणनीतिले पनि नेपालमा यसको इतिहासलाई पुरानो मान्न सकिन्छ। विद्यालय जाने उमेर पूर्वका बालबालिकाको सर्वाङ्गीण विकासमा सहयोग गर्ने र आधारभूत शिक्षाका लागि तयार हुन सहयोग गर्ने चार वर्से उमेर समूहका एक वर्षीय कार्यक्रम हो। नेपाल सरकारको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ र पन्ध्रौँ योजनामा पनि सोही व्यवस्था गरिएको सन्दर्भमा आरुघाट गाउँपालिकाको स्थानीय शिक्षा योजना नीति तथा कार्यक्रममा पनि एक वर्से प्रारम्भिक बालविकास कार्यक्रम समावेश गरिएको छ। हाल बालविकास केन्द्र विद्यालयमा र समुदायमा आधारित गरी दुई प्रकारका रहेका छन्। प्रारम्भिक बालविकासका छ ओटा सक्षमता सहित पोषण खाना स्वास्थ्यकर बानीको विकास, वैयक्तिक सुरक्षाका उपायहरु अवलम्बन, सरसफाइ, सामाजिक बानी व्यवहारको विकास, सिर्जनात्मक सोचको विकास र भाषिक तथा सञ्चार सीपको विकास गर्नु रहेको छ। नेपालको संविधान २०७२ को धारा ३१ मा शिक्षा सम्बन्धि हक र धारा ३५ मा स्वास्थ्यसम्बन्धि हक तथा धारा ३९ को उपधारा २ मा प्रत्येक बालबालिकालाई परिवार ताथ राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुने छ भन्ने छ। उपधारा ३ मा प्रत्येक बालबालिकालाई प्रारम्भिक बालविकास तथा सहभागिताको व्यवस्था गरेको छ। त्यसैगरी राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ ले ४ वर्ष उमेर पुगेका बालबालिकालाई १ वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गरिने र ४ वर्षमुनिका बालबालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक, संवेगात्मक, बौद्धिक लगायतका विकास हुने गरी क्रियाकलाप सञ्चालन गर्न सकिने व्यवस्था गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ को नीति १०.१ देखि १०.१.८ सम्म प्रारम्भिक बालविकास र शिक्षाका सन्दर्भमा नीतिगत व्यवस्था गरेको पाइन्छ। प्रारम्भिक बालविकास राष्ट्रिय नीति २०७७-२०८८ लाई प्रभावकारी रुपमा बालमैत्री बनाउन तथा शिक्षालाई बोझको रुपमा नभई सहज रुपमा ग्रहण गर्ने वातावरण सिर्जना गर्न सरकारी तथा गैरसरकारी सङ्घ संस्थाहरू र तीनवटै तहका सरकार, अभिभावक तथा अन्य सरोकारवालाहरू बीच साझेदारीमा बालबालिकाको प्रारम्भिक शिक्षाको व्यवस्थापनको न्यूनतम मापदण्ड पूरा गरी कम्तिमा एक वर्षको प्रारम्भिक बालविकासको अवसर प्रदान गर्ने रणनीति तय गरेको छ।

### ३.१.१. वर्तमान अवस्था

प्रारम्भिक बालविकास शिक्षालाई आरुघाटले विशेष महत्वका साथ अघि सारेको छ। बालबालिकाको शारीरिक, मानसिक, भावनात्मक र सामाजिक विकासको आधार नै बालविकास केन्द्र हो। प्रारम्भिक बालविकास शिक्षालाई आफ्नो शिक्षा नीति तथा कार्यक्रमहरूमा प्राथमिकता दिएको छ। शिक्षा ऐन र पञ्चवर्षीय योजनाहरूमा बालबालिकाको सुरुवाती शिक्षालाई सुदृढ बनाउन आवश्यक नीति र कार्यक्रमहरू सञ्चालन भएअनुरुप सबै वडाहरुमा प्रारम्भिक बालविकास केन्द्रहरु सञ्चालनमा छन्। विद्यालय नै केन्द्रका रुपमा सञ्चालित छन्।

बालविकास केन्द्रहरूमा उचित कक्षाकोठा, खेल सामग्री, र तालिम प्राप्त शिक्षकहरूको अभाव रहेको देखिन्छ। प्रारम्भिक बालविकास शिक्षकहरूको क्षमता र तालिमले पनि शिक्षाको गुणस्तरलाई निर्धारण गर्ने भएकाले प्रारम्भिक बालविकास शिक्षकहरूलाई पर्याप्त मात्रामा तालिम सञ्चालन गरी दक्ष बनाउन नसक्नु केही तालिम प्राप्त शिक्षकहरुले पनि सामग्री अभावमा सोचे जस्तो शिक्षा प्रदान गर्न नसकेको तीतो यथार्थ हामी बिच रहेको छ। सबै बालबालिकाको

सर्वाङ्गीण विकासका लागि आवश्यक सबै प्रकारका सेवाहरू एकीकृत रुपमा सुनिश्चित गर्न नसक्नु बालबालिकाले पाउने सेवामा एकरुपता र गुणस्तरमा अपेक्षित उपलब्धि हासिल गर्न नसक्नु महत्त्वपूर्ण नीति तथा कानुनी व्यवस्था भएपनि गुणस्तरीय एकीकृत प्रारम्भिक बालविकासका कार्यक्रम सञ्चालन गर्न पर्याप्त नहुनु बालबालिकाका अपाङ्ग र लैङ्गिकमैत्री पूर्वाधार नभएको प्रभावकारी समन्वय र सहकार्यको अभाव गर्भवती महिला र बालबालिका केन्द्रित नीतिको अभाव संस्थागत र संरचनागत संयन्त्र निर्माण तथा व्यवस्थापनमा समस्या स्रोतको पर्याप्त तथा प्रभावकारी व्यवस्थापनमा कमी अध्ययन अनुसन्धान र प्रकाशन प्रत्यक्ष रुपमा जोडिन नसकेका जनप्रतिनिधिहरु तथा स्थानीय स्तरमा शिक्षा क्षेत्रलाई भन्दा निर्माण र भौतिक योजनातर्फ बढी केन्द्रित हुनु पनि प्रारम्भिक बालविकासमा देखिएका मुख्य चुनौतीहरू हुन् ।

प्रारम्भिक बालविकासका सेवाहरू क्रमश: सुधार हुँदै गइरहेको परिवेशमा हाम्रो जस्तो भौगोलिक विकटता बोकेको भूगोलमा पनि संवैधानिक व्यवस्थालाई सिरानी हालेर शिक्षा स्वास्थ्य पालनपोषण उचित स्याहार खेलकुद मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हकको प्रत्याभूति गराउन सक्नुलाई पनि मुख्य अवसरको रुपमा लिन सकिन्छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को आधारमा बनेका आरुघाटका विभिन्न योजना नीति तथा कार्यक्रममा प्रारम्भिक बालविकासलाई वडा सरकारको प्रत्यक्ष निगरानीमा सञ्चालन हुने वातावरण तय गर्नुलाई पनि अवसरका रूपमा लिन सकिन्छ भने शिक्षा, युवा तथा खेलकुद शाखासँगको समन्वयमा सुरुवात हुँदै गरेको बालबालिकासम्बन्धी विविध महत्त्वपूर्ण क्षेत्र तथा कार्यक्रमहरूलाई लिन सकिन्छ । नितान्त स्थानीय तहको जिम्मेवारीमा शिक्षाको गुणस्तर नक्साङ्कन तथा सिमाङ्कनसहित समायोजन र पुनर्वितरण पनि अवसरका महत्वपूर्ण पाटोहरु हुन् । हाम्रो जस्तो ग्रामीण दुर्गम भेगमा बालबालिकालाई प्रारम्भिक बालविकास शिक्षामा सजिलै पहुँच भएको देखिन्छ । १० ओटा वडा सङ्ख्यामा विभाजित आरुघाटका सबै वडामा गरेर जम्मा ३८ तथा मातृ विद्यालयमा आधरित ३ ओटा प्रारम्भिक बालविकास केन्द्रहरु छन् । वडागत प्रारम्भिक बालविकास केन्द्रहरुः

**तालिका नं. ६**

| वडा | वडानं.१ | वडा नं.२ | वडा नं.३ | वडा नं.४ | वडा नं.५ | वडा नं.६ | वडा नं.७ | वडा नं.८ | वडा नं.९ | वडा नं.१० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | ५+१ | ५+१ | ५ | ५+१ | ४ | ३ | ३ | ४ | २ | ३ |

आरुघाट गाउँपालिकाभित्र सुरक्षित, बालमैत्री, अपाङ्गमैत्री, सिकाइमैत्री, वातावरणमैत्री जस्ता न्यूनतम पूर्वाधार तथा सिकाइ सक्षमता भएका प्रारम्भिक बालविकास केन्द्रहरुको सङ्ख्या ४१ छन् । चार वर्से उमेर समूहका जम्मा बालबालिकको सङ्ख्या र उनीहरुको भर्ना अवस्था तपसिलबमोजिम तालिकाबद्ध गरिएको छ :

**तपसिलः**

**तालिका नं. ७**

| क्र.स. | क्षेत्रहरु | शैक्षिक वर्ष २०८०/८१ को स्थिति | लक्ष्य (२०८७) |
|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास केन्द्र सङ्ख्या | ४१ | ४१ |
| २ | प्रारम्भिक बालविकासमा कूल भर्ना दर प्रतिशत | ६५.९ | १०० |
| ३ | प्रारम्भिक बालविकासमा खुद भर्ना दर प्रतिशत | ६२.८ | १०० |
| ४ | प्रारम्भिक बालविकासको अनुभवसहित कक्षा १ मा हुने भर्ना दर प्रतिशत | ८९.२ | १०० |
| ५ | प्रारम्भिक बालविकास शिक्षक (जनामा) | ४२ | ४५ |

प्रारम्भिक बालविकास र शिक्षामा लैङ्गिक समतालाई अलि फरक दृष्टिले हेर्न सकिन्छ भने कार्यरत शिक्षकहरु योग्य भएर पनि पूर्ण तालिम प्राप्त भने हुन सकेका छैनन् । राज्यले निर्धारण गरेको सेवा सुविधामा आरुघाट गा.पा.ले थप गरी केही हदसम्म भए पनि शिक्षकहरुको मनोबल बढाउने कार्य गरेकोलाई सराहनीय मान्न सकिन्छ । आरुघाटको शिक्षाको गुणस्तर उकास्नका लागि सबैभन्दा मुख्य पाटो बालविकासलाई मजबुत बनाउनु पर्ने भएकाले शिक्षामा लगानी गरे तापनि आवश्यकताअनुरुप लगानी गर्न नसकिएको तथा भएका स्रोत र साधनको समेत उचित प्रयोग गर्न समस्या आएको छ । बालबालिकाको प्रारम्भिक शिक्षाको महत्त्वबारे धेरै अभिभावकमा चेतना छैन, जसले गर्दा धेरै बालबालिकाहरू गुणस्तरीय शिक्षाको दायरामा आउन सकेका छैनन् । व्यवहारिक असमानता, आर्थिक असमानता र भूगोलजन्य चुनौतीले गर्दा सबै बालबालिकाले समान शिक्षाको अवसर प्राप्त गर्न नसकिरहेका वर्तमान अवस्था आरुघाटको चुनौतीका रुपमा रहेको दखिन्छ ।

### ३.१.२. उद्देश्य

१. प्रारम्भिक बालविकास शिक्षामा सहभागीतामूलक पहुँच सुनिश्चित गर्नु,
२. प्रारम्भिक बालविकास र शिक्षाको गुणस्तर सुनिश्चित गर्नु,
३. चार वर्ष उमेरका सबै बालबालिकाको सार्वाङ्गीण विकास र विद्यालयका लागि तयारी सुनिश्चित गर्नु ।

### ३.१.३.रणनीति

१.बालविकास उमेर समूहका बालबालिकाहरुका लागि कानुनी, संस्थागत र संरचनागत संयन्त्र निर्माण गरी बालविकास केन्द्रमा पहुँच पुऱ्याउने ,

२.स्थानीय आवश्यकताअनुसार बालविकास केन्द्रको नक्साङ्कन गरी समायोजन, पुनर्वितरण तथा नयाँ केन्द्रहरुको स्थापना गर्ने,

३.बालविकास केन्द्रको भौतिक व्यवस्थापन तथा शैक्षिक सामग्री व्यवस्थापनमा सुधार गर्ने,

४.पोषण, सरसफाइ, बालविकास र बालअधिकारका बारेमा अभिभावकहरुलाई सचेत गराउने,

५. प्रारम्भिक बालविकासका लागि आन्तरिक सक्षमता, शिक्षकहरुको क्षमता अभिवृद्धि गरी सिकाइ क्रियाकलापको गुणस्तरलाई सुनिश्चित गर्न उत्कृष्ट बालविकास केन्द्रलाई पुरस्कृत गराउने,

६.बालविकास केन्द्रमा सुशासन, पारदर्शीताका साथमा अभिभावकको सहभागीता बढाउने,

७ .बालविकास केन्द्रको प्रभावकारिता बृद्धिका लागि परिवार, समुदाय, गैरसरकारी संघसंस्था, निजी क्षेत्र तथा सरोकारवालाहरुमा समेत सहकार्य गराउने,

८ . बालविकास केन्द्रलाई बालउद्यान तथा सामग्री सजावटमा विशेष ध्यान पुऱ्याउने ।

### ३.१.४. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

स्थानीय तहभित्रका सबै प्रारम्भिक बाल बिकास उमेर समुहका बालबालिकालाई पहुँच, गुणस्तर एवम् सर्वाङ्गीण विकासको सुनिश्चित भएको हुने छ ।

***प्रमुख नतिजा तथा परिमाणत्मक लक्ष्य***

- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकारूलाई बालविकास शिक्षामा सहज पहुँच हुने छ ।
- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभवसहित कक्षा १ भा प्रवेश गर्ने अवसर हुने छ ।
- सबै प्रारम्भिक बालविकास केन्द्रहरूमा न्यूनतम योग्यता र तालिम प्राप्त शिक्षक सहित केन्द्रले न्यूनतम मापदण्ड पूरा गरेको हुने छ ।
- बालबालिकाहरूको विकासात्मक तथा सिकाइ आवश्यकता सम्बोधन हुने पाठ्यक्रम समायोजन तथा अनुकूलन भएको हुने छ ।

- भौगोलिक जटिलता रहेका तथा अपाङ्गता भएका बालबालिकालाई समेट्न आवश्यकतामा आधारित (घरमा आधारित, समुदायमा आधारित, कार्यक्षेत्र तथा घुम्ती) नमूना बालविकास तथा शिक्षा कार्यक्रमका विकास हुने छ ।
- प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी संघसंस्था, विद्यालयहरू र स्थानीय सरकार जिम्मेवार भएको हुने छ ।

  नतिजालाई तलको तालिकाबाट पनि प्रस्ट बनाउन सकिन्छः

### ३.१.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**तालिका नं. ८**

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | | |
| १ | प्रारम्भिक बालविकाससम्बन्धी न्यूनतम् मापदण्ड निर्देशिका २०६७ (पहिलो संसोधन २०७५) अनुसार मापदण्ड पूरा गरेको केन्द्र | ओटा | १० | १८ | २६ | ३४ | ४१ | सबै | |
| २ | शैक्षिक सामग्री निर्माण तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | हरेक वर्ष |
| ३ | बालविकास सहजकर्ताका लागि मन्टेस्वरीमा आधारित क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | हरेक वर्ष |
| ४ | प्रारम्भिक बालविकास केन्द्रहरुको नक्साङ्कन तथा पुनर्वितरण | पटक | १ | - | १ | - | १ | ५ | |
| ५ | बालबालिकाको अभिलेखीकरण | प्रत्येक वर्ष | १ | १ | १ | १ | १ | ५ | |
| ६ | गर्भवती र नवजात शिशु स्वास्थ्य तथा पोषणमा अभिभावक | पटक | १ | १ | १ | १ | १ | ५ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सचेतना कार्यक्रम सञ्चालन | | | | | | | | |
| ७ | पोषणयुक्त दिवा खाजाको व्यवस्था | निरन्तर | | | | | | | |
| ८ | प्रारम्भिक बालविकास शिक्षाका सरोकारवालाहरुसँग अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | | |
| ९ | अभिभावक शिक्षा कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | | |
| १० | पूर्वाधार, सिकाइ क्षेत्र, केन्द्रको भित्रि तथा बाहिरि सिकाइ तथा खेल सामग्री व्यवस्थापन | निरन्तर | | | | | | | |
| ११ | खानेपानी,घेराबार तथा WASH सहितको शौचालय | आवश्यकताको आधारमा | | | | | | | |
| १२ | स्वास्थ्य शाखासँग समन्वय गरी बालबालिकाको स्वास्थ्य जाँच, खोप तथा स्वास्थ्यसम्बन्धी अभिलेख व्यवस्थापन, वृद्धि अनुगमन गर्ने र कुपोषण भएका बालबालिकाको आवश्यक प्रबन्ध गर्ने | निरन्तर | १ | १ | १ | १ | १ | | |
| १३ | बालबालिकाको शारीरिक, सामाजिक, मानसिक तथा भावनात्मक सुरक्षा तथा आवश्यकता अनुसार मनोसामाजिक परामर्श उपलब्ध गराउने | निरन्तर | | | | | | | |
| १४ | शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा बालविकासको तथ्याङ्क व्यस्थापन गर्ने | निरन्तर | | | | | | | |

## ३.२ आधारभूत शिक्षा

शिक्षा ऐन २०२८ अनुसार  नेपालमा प्रारम्भिक बालकक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई आधारभूत शिक्षा भनिएको छ। आधारभूत शिक्षाले हरेक नागरिकलाई आधारभूत ज्ञान र सिप आर्जन गरी घर, परिवार तथा समुदायमा आफ्ना कुराहरु सजिलैसँग अभिव्यक्त गर्न समाजमा घुलमिल भई जीवन यापन सहज बनाउने शिक्षा नै आधारभूत शिक्षा हो। आधारभूत शिक्षाले बालबालिकाको सर्वाङ्गीण विकास गुणस्तरीय जीवनयापन, सामाजिक योजनामा सहयोग तथा माध्यमिक शिक्षामा प्रवेशका लागि आधार तयार गर्दछ। यसले व्यक्तिलाई निरन्तर सिकाइको मार्ग प्रशस्त गरी मुलुकको सामाजिक तथा आर्थिक रूपान्तरणमा सहभागी हुने अवसर प्रदान गर्दछ।

नेपालको संविधानमा आधारभूत शिक्षालाई मौलिक हकको रुपमा लिई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क हुने व्यवस्था भएकाले आधारभूत शिक्षामा समतामूलक पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्व हो। अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत् सम्बन्धी आवश्यक व्याख्या मिलाउने जिम्मेवारी नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको हुने र आधारभूत शिक्षा उमेर समूहका बालबालिकालाई विद्यालय पठाउनु प्रत्येक नागरिकको कर्तव्य हुने छ भन्ने कुरा उल्लेख गरेको छ।

विद्यालय क्षेत्र सुधार योजना २०६६ ले विद्यालय शिक्षाको पुनर्संरचना गरेर कक्षा एक आठलाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरेपछि विद्यालय शिक्षा हाल दुई तहको भएको छ। प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ मा नागरिकको मौलिक हकअन्तर्गत राखिएको छ। गुणस्तरीय आधारभूत शिक्षाले गरिबी हटाउन मद्दत गर्ने, व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने साथै राष्ट्रप्रेम र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण तथा सम्बर्धन गर्ने, अधिकार र कर्तव्यको पालना सम्मान गर्ने सामाजिक एवम् प्राकृतिक वातावरणप्रति सचेत भई मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने, आफ्ना विचार आदानप्रदान एवम् दैनिक जीवनमा आइपर्ने व्यावहारिक समस्या समाधान गर्ने, सक्षम स्वावलम्बी, परिश्रमी वैज्ञानिक सोचबुझ भएका, स्वास्थ्यप्रति सचेत र नैतिकवान नागरिक तयार गर्ने अभीष्ट राखेको छ। राष्ट्रिय स्तरका आवधिक योजनाले आधारभूत तहको क्षेत्रमा सबैको लागि अनिवार्य तथा निःशुल्क शिक्षा सुनिश्चित गर्ने, विद्यालय छोड्ने बालबालिकालाई टिकाइ राख्न  खाजा कार्यक्रम व्यवस्थित बनाउने, विषयगत शिक्षक दरबन्दीको व्यवस्था गर्ने, शिक्षण संस्थालाई प्रविधिसहितको भौतिक विकासमा जोड दिने सिकाईलाई सिपसँग सिपलाई प्रविधि विकासमा रूपान्तरण गरी गुणात्मक शिक्षामा जोड दिने, विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गरी समान गुणस्तर कायम गर्ने कुरालाई आरुघाट गाउँपालिकाले आगामी पाँच वर्षका लागि यस तहको शिक्षा विकासमा उद्देश्य, रणनीति  नतिजा र प्रमुख क्रियाकलापहरुका साथमा लक्ष्यसमेत निर्दिष्ट गरेको छ।

संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र तथा संघ प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि राखेको छ। संविधानमा उल्लेख भएबमोजिमका प्रावधानहरूले सबै बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न एकल तथा साझा सूचीका आधारमा तीन तहका सरकार जिम्मेवार हुनुपर्ने देखिन्छ।

### ३.२.१. वर्तमान अवस्था

आरुघाट गाउँपालिकाको आधारभूत तहमा ९७.२ प्रतिशत खुद भर्नादर रहेको छ । आर्थिक तथा सीमान्तकृत समुदायका दलित, जनजाति तथा भौगोलिक रूपमा दुर्गम तथा सङ्कटापन्न अवस्थामा रहेका बालबालिकाहरूको गुणस्तरीय आधारभूत शिक्षामा पहुँच कम छ। आधारभूत तहका विद्यालय जाने उमेर (५-१२ वर्ष) का २ प्रतिशत बालबालिका अझै विद्यालयबाहिर नै छन्। आधारभूत तहमा कक्षा दोहोऱ्याउने दर कक्षा १-५ मा १२.९ ,कक्षा ६-८ मा ९.४ र कक्षा ९-१० मा १.७ रहेको छ भने छाड्ने दर कक्षा १-५ मा ४.१ कक्षा ६-८ मा ४.१ र कक्षा ९-१० मा २.३ रहेको छ। विशेष गरी कक्षा १-५ मा दोहोऱ्याउने दर अरू कक्षामा भन्दा बढ्दो छ। लैङ्गिक, जात/जाति, स्थान, सामाजिक-आर्थिक स्तर, अपाङ्गता आदिका कारणले यी बालबालिकाहरूको पहुँच तथा सहभागितामा वृद्धि हुन सकेको छैन।

आधारभूत शिक्षामा भर्ना भई अपेक्षित सिकाइ उपलब्धि हासिल गराउनु सबैभन्दा ठुलो चुनौतीका रूपमा रहेको छ भने प्रारम्भिक कक्षाहरूमा पढाइ र गणितको सिकाइ उपलब्धि न्यून छ। एउटा वाक्य पनि पढ्न नसक्ने वा आधारभूत गणितीय समस्या समाधान गर्न नसक्ने विद्यार्थीको सङ्ख्या अधिक रहेको छ। शैक्षिक गुणस्तर परीक्षण केन्द्रले सञ्चालन गरेको विद्यार्थीहरूको उपलब्धि परीक्षणअनुसार तल्लो कक्षाका विद्यार्थीको सिकाइ उपलब्धि विद्यालय क्षेत्र विकास योजनाकालदेखि नै वृद्धि हुन सकेको छैन।

शिक्षक, प्र.अ., वि.व्य.स. पदाधिकारीहरू विद्यार्थीको सिकाइप्रति उत्तरदायी हुने तथा आधारभूत विद्यालयहरूमा अनुकूल सिकाइ वातावरण बनाउन सुनिश्चित गर्ने प्रणालीको विकास हुनु आवश्यक छ। विद्यालयहरुमा न्युनतम शिक्षक व्यवस्थापन हुन सकेको छैन। आधारभूत तह कक्षा ६-८ मा न्यूनतम विषयगत शिक्षकको व्यवस्था हुन सकेको छैन।

जनसाङ्ख्यिक परिवर्तन,बसाइँसराइ, बस्तीको स्वरूपमा आएको परिवर्तनका कारण आधारभूत तहका धेरै विद्यालयहरूको नक्शाङ्कन गरी समायोजन गर्न आवश्यक छ। विद्यालयका भौतिक तथा शैक्षिक (बाल/लैङ्गिक/अपाङ्गतामैत्री) अवस्था पहुँचयोग्य तथा समावेशी बनाउन थप प्रयास आवश्यक छ। यसै गरी पोषण, स्वास्थ्य, पानी, सरसफाइ आदि जस्ता बालबालिकाहरूको विकास, कल्याण तथा सिकाइमा प्रभाव पार्ने सेवाहरूलाई विस्तार तथा एकीकरण गर्नु आवश्यक छ।

यस पालिकामा जम्मा सञ्चालित ४१ विद्यालयमध्ये सामुदायिक विद्यालय सङ्ख्या ३८, संस्थागत २ र धार्मिक १ रहेका छन्। आधारभूत तह (कक्षा १-८ ) मात्र सञ्चालन भएको विद्यालय सङ्ख्या २१ रहेको छ। पालिकाको आधारभूत शिक्षासँग सम्बन्धित प्रमुख शैक्षिक सूचकहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**आधारभूत शिक्षासम्बन्धी सूचकहरु- २०८०**

**तालिका नं. -९**

| सि.नं. | विवरण | सङ्ख्या/दर | कैफियत |
|---|---|---|---|
| ४ | कूल भर्नादर (१-५) | ११५.६ | |
| ५ | खुद भर्नादर(१-५) | ९७.२ | |
| ६ | कूल भर्नादर (१-८) | ११९.८ | |
| ७ | खुद भर्नादर (१-८) | ९६.८ | |
| ८ | कक्षा ५ पूरा गर्ने दर | ८४.१ | |
| ९ | कक्षा ५ को टिकाउ दर | ९६.१ | |
| १० | कक्षा ८ पूरा गर्ने दर | ८७.४ | |
| ११ | कक्षा ८ को टिकाउ दर | ८८ | |
| १२ | विद्यालयबाहिर रहेको आधारभूत तह उमेर **समूह**को जनसङ्ख्या दर | २ | |
| १३ | कक्षा दोहोऱ्याउने दर (१-८) | ११.१५ | |
| १४ | कक्षा छाड्ने दर (१-८) | ४.१ | |

## ३.२.२. उद्देश्य

- सबैको लागि समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
- दिवा खाजाको गुणस्तर वृद्धि गरी अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्नु,
- विद्यालयमा भर्ना भएका सबै बालबालिकाहरूलाई न्यूनतम सिकाइ उपलब्धिसहित आधारभूत तहको शिक्षाको पूर्ण चक्र पूरा गर्न समर्थ तुल्याउनु,
- आधारभूत तहमा अध्ययनरत सबै बालबालिकाहरूको सिकाइ उपलब्धि सुधार गर्नु,
- विद्यालय शिक्षाको शासकीय तथा व्यवस्थापकीय प्रबन्धमा सुधार गर्नु र विद्यालय पद्धतिलाई समावेशी, उत्थानशील र जवाफदेही बनाउनु ।

### ३.२.३. रणनीतिहरू

- सबै बालबालिकालाई पहुँचयोग्य शैक्षिक सुविधा तथा समान अवसर प्रदान गर्न औचित्यपूर्ण रूपमा विद्यालयको वितरण सुनिश्चित गर्न विद्यालय नक्साङ्कन गर्ने,
- सबैका लागि निःशुल्क विद्यालय शिक्षा सुनिश्चित गर्न खास गरी विपन्न, सुविधाविहीन, विभिन्न कठिन परिस्थितिमा रहेका, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति प्रणालीको प्रभावकारी कार्यान्वयनमा सुधार ल्याउने,
- स्थानीय स्वास्थ्यसम्बन्धी र अन्य सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य तथा समन्यव गरी आधारभूत तहका बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी एक विद्यालय एक करेसाबरीको अवधारणासहित दिवा खाजाको प्रबन्ध गर्ने,
- सबै विद्यालयले बृहत् विद्यालय सुरक्षा मापदण्ड पूरा गर्न विद्यालय सुरक्षाको अवधारणालाई प्रवर्धन गर्ने,
- कक्षा १-३ को एकीकृत पाठ्यक्रमअनुसार साक्षरता तथा गणितीय सिपको आधारभूत सक्षमतामा सुधार गर्ने,
- सिकाइ क्रियाकलापमा बालबालिकाहरूको सहभागिताका लागि भौतिक तथा शैक्षिक वातावरण सुधार गरी विद्यालयलाई भय, विभेद, दुर्व्यवहार मुक्त, समावेशी बालमैत्री तथा सुरक्षित बनाउने,
- विद्यालय शिक्षालाई विविधता अनुकूल समावेशी र समतामूलक बनाउन स्थानीय परिवेशअनुकूल सिकाइ क्रियाकलाप सञ्चालन, भाषिक विविधताअनुकूलको माध्यम भाषाको उपयोग तथा सामाजिक, सांस्कृतिक विविधताको सम्मान हुने गरी सिकाइ सामग्री, विधि तथा प्रक्रिया प्रयोग गर्ने,
- विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण गरी सोका आधारमा सिकाइ सहजीकरणको प्रक्रिया तथा जवाफदेहीतामा सुधार गर्ने,
- मापदण्डअनुसार पर्याप्त सङ्ख्यामा योग्य, उत्प्रेरित र सक्षम शिक्षक व्यवस्था गर्ने,
- शिक्षकको अनुपस्थिति वा अन्य कुनै कारणले विद्यार्थीको सिकाइमा पर्ने बाधा न्यून गर्न शिक्षक सहायक, स्वयम् सेवी वा सट्टा शिक्षकबाट कक्षा सञ्चालन गर्ने,
- एकीकृत पाठ्यक्रमको कार्यान्वयन गर्न र शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई व्यवस्थित शिक्षकको शैक्षणिक तथा डिजिटल सिपको विकास गर्ने,
- आपत्कालीन तथा सङ्कटको परिस्थितिमा सिकाइको निरन्तरता सुनिश्चतता गर्ने गरी विद्यालयहरूको क्षमता विकास गर्ने।

### ३.२.४. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

आधारभूत शिक्षामा सबैको सहभागीतामूलक पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने छ।

## प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य

- पाँचदेखि बाह्र वर्ष उमेर समूहका सबै बालबालिका विद्यालयमा भर्ना भई सबैले आधारभूत शिक्षाको चक्र पूरा गरेका हुने छन् ।
- विद्यार्थीको समग्र शैक्षिक उपलब्धिमा उल्लेख्य सुधार भई आधारभूत तहका सबै विद्यार्थीहरूले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुने छन् ।
- लैङ्गिक, सामाजिक-आर्थिक अवस्था, अपाङ्गता, जातिगत, भाषिक पृष्ठभूमि, प्रादेशिक, क्षेत्रीय वा अन्य कुनै पनि आधारमा विद्यार्थीको भर्ना, सहभागिता तथा सिकाइ उपलब्धिमा हुने सबै प्रकारका विभेद न्यूनीकरण हुनुका साथै स्वस्थकर दिवा खाजाको प्रवन्ध भएको हुने छ ।

## ३.२.५.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**तालिका नं. १०**

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | भौतिक लक्ष्य (५ वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा नक्साङ्कन, पुनर्वितरण तथा समायोजन | आवश्यता अनुसार | १ | - | १ | - | १ | ३ | ३ | |
| २ | दरबन्दी निर्धारणका मापदण्ड पुनरावलोकन तथा परिमार्जन र कार्यान्वयन | पटक | १ | - | १ | - | १ | ३ | २ | |
| ३ | आधारभूत तहका सबै बालबालिकालाई | निरन्तर | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | विद्यालयमा भर्ना गर्ने | | | | | | | | | |
| ५ | विद्यालयको कार्यसम्पादन परीक्षण तथा विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ६ | कक्षा शिक्षण, विषयवस्तुको एकीकृत सिकाइ, व्यवहारकुशल सिपहरूको एकीकरण तथा विद्यार्थी मूल्याङ्कनसम्बन्धी शिक्षक क्षमता विकास (बहुभाषिक सिकाइ सहजीकरण तथा विद्यार्थी परामर्श सेवासमेत) | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ७ | वि.व्य.स., शि.अ.संघ पदाधिकारीको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ८ | विद्यालय शिक्षालाई प्रकोप, सङ्कट तथा | आवश्यकता अनुसार | १ | १ | १ | १ | १ | ५ | ५ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महामारीलगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन | | | | | | | | | |
| ९ | सिकाइका लागि सूचना तथा सञ्चार प्रविधिलगायतका प्रविधिको प्रयोगमा वृद्धि गर्न आवश्यक संरचना, सामग्री तथा क्षमता विकास एवम् | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १० | शिक्षक पेशागत सहायता प्रणालीको विकास | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ११ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम र दिवा खाजाको प्रबन्ध | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | |
| १२ | विभिन्न किसिमका अपाङ्ता भएका विद्यार्थीलाई सहयोग | आवश्यता अनुसार | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १३ | आर्थिक रूपमा विपन्न तथा सीमान्तकृत बालबालिकाहरूका लागि पोशाक , स्टेशनरी इत्यादिका लागि छात्रवृत्ति | आवश्यता अनुसार | | | | | | | | | |
| १४ | बालमैत्री कक्षा कोठा तथा सिकाइ सामग्रीको व्यवस्थापन | विद्यालय | १ | १ | १ | १ | १ | | | | ११<br>१<br>१<br>१<br>१ |
| १५ | आधारभूत तहमा सञ्चालन गरिने परीक्षालाई थप व्यवस्थित बनाउने | निरन्तर | १ | १ | १ | १ | १ | | | | |
| १७ | कक्षा १ देखि ३ सम्मको पठन सिप तथा गणितीय सिप विकासको लागि शिक्षक तथा विद्यार्थी निर्मित स्थानीय सामग्रीहरु सहितको छापायुक्त कक्षाकोठा | पटक | १ | १ | १ | १ | १ | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | | | | | |
| १८ | बालबालिकाहरुको पठनसहित सिकाइ सुधारमा योगदान पुऱ्याउने उत्कृष्ट अभिभावक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | | | |
| १९ | कक्षा १-३ मा कक्षाकोठामा आधारित प्रारम्भिक कक्षा पढाइ तथा गणितीय सीप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | | | |
| २२ | उत्कृष्ट शिक्षक छनोट गरी सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | | | |
| २३ | शैक्षिक सुशासन कायम गर्नका लागि छलफल तथा अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | | | |
| २४ | शिक्षकले | निरन्तर | १ | १ | १ | १ | १ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षाकोठामा बिताउने समयको पूर्ण कार्यान्वयनमा सहयोग | | | | | | | | | |
| | जम्मा | | | | | | | | | |

## ३.३ माध्यमिक शिक्षा

माध्यमिक शिक्षालाई नेपालको संविधान २०७२ ले शिक्षासम्बन्धी हकलाई मौलिक हकका रुपमा प्रत्याभूत गर्दै माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक सुनिश्चित गरेको छ । राष्ट्रिय पाठ्यक्रम २०७६ ले कक्षा ९-१२ लाई माध्यमिक शिक्षा कायम गरेको छ । श्रमप्रति सकारात्मक भावना भएका सिपमूलक जनशक्ति उत्पादन गर्ने र माध्यमिक तहको शिक्षालाई साधारण परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने व्यवस्था गरेको छ । माध्यमिक शिक्षाको पाठ्यक्रम संरचना एकल पथीय हुने साथै कक्षा ९-१० को वार्षिक पाठ्य घण्टा १०२४ र कक्षा ११-१२ को पाठ्यघण्टा ८६४ कायम गरिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनाशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुणसहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ ।

नेपालमा विद्यालय शिक्षामा पहुँच बढाउन तथा गुणस्तरमा सुधार ल्याउन राष्ट्रिय स्तरमा विभिन्न प्रयासहरु यसै सन्दर्भमा १० वर्से विद्यालय क्षेत्रको योजना २०२१ - २०३० स्वीकृत भई कार्यान्वयनमा रहेको छ । यस योजनाले २०८७ सालसम्ममा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता तथा जीवनपर्यन्त सिकाइ जस्ता विषयमा जोड दिएको छ ।

### ३.३.१. वर्तमान अवस्था

आरुघाट गाउँपालिकाभित्र आधार वर्ष २०८० को माध्यमिक तह कक्षा ९- १० को कुल भर्ना दर ९२ .४% र खुद भर्नादर ७२.३% रहेको छ । साथै कक्षा ११ - १२ को कुल भर्नादर ७५.२% र खुद भर्नादर ५२.७ % कक्षा ९-१२ को कुल भर्नादर ७५.२ र खुद भर्नादर ५२.७ कक्षा १ देखि १० सम्मको टिकाउ दर ७५.२% देखिएको छ ।

यस पालिकाभित्र सामुदायिक १३ र संस्थागत १ गरी १४ ओटा माध्यमिक विद्यालयहरू सञ्चालित छन् । जसमा पाँचओटा सामुदायिक विद्यालयहरूमा कक्षा १- १२ सञ्चालित छन् र एउटा सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक धारअन्तर्गत कक्षा ९-१२ मा कृषि बाली विज्ञान विषयमा कक्षा सञ्चालन भएको छ।

यसपालिकामा सामुदायिक माध्यमिक विद्यालयको कक्षा ९- १० मा स्वीकृत दरबन्दी १५ ओटा राहत दरबन्दी ८ ओटा र शिक्षण सिकाइ अनुदान १४ गरी जम्मा ३७ साथै११-१२ मा अस्थायी दरबन्दी दुई र राहत अनुदान ४ गरी जम्मा ६ दरबन्दी रहेका छ। प्राविधिक धारतर्फ सहायक प्रशिक्षक २ र प्रशिक्षक ६ जना गरी ८ जना कार्यरत छन्। महिला शिक्षक १ जना कार्यरत छन्। यस पालिकामा सामुदाय माध्यमिक विद्यालयको कक्षा ९ -१० मा छात्र ३८१ जना र छात्रा ४२३ जना गरी जम्मा ८०४ जना र कक्षा ११- १२ मा छात्र २२० जना र छात्रा २७८ जना गरी जम्मा ४९८ जना साथै संस्थागत विद्यालयमा कक्षा ९-१०मा छात्र १७ जना र छात्रा २० जना गरी जम्मा जना ३७ विद्यार्थी रहेका छन्।

सबै बालबालिकाहरूको विद्यालयमा पहुँच हुन नसक्नु प्रविधिमैत्री शैक्षिक वातावरण नहुनु, दक्ष एवम् तालिम प्राप्त प्रविधिको ज्ञान भएका विषयगत शिक्षकको अभाव हुनु, समयमै शिक्षक व्यवस्थापन गर्न नसक्नु तथा अभिभावक शिक्षामा कमी आउनु पनि वर्तमान आरुघाट गाउँपालिकाको समस्याका रूपमा रहेको देखिन्छ।

आरुघाट गाउँपालिकाभित्र राष्ट्रिय नीति तथा कार्यक्रममा राखिएका व्यवस्थाअनुसार विद्यालयहरूमा विद्यार्थी झिकाउने सिकाउने टिकाउने र बिकाउने कार्यका लागि समेत पनि चुनौती नै देखिन्छ। प्रविधिमैत्री वातावरण सिर्जना गरी प्रभावकारी प्रयोग गर्न, शिक्षक दरबन्दी व्यवस्थापन गर्न, बालमैत्री अपाङ्ग मैत्री भौतिक पूर्वाधार निर्माण गर्न, व्यावसायिक तथा सीपमूलक व्यवहारिक शिक्षा प्रदान गर्न जस्ता कार्यहरू चुनौतीका रूपमा रहेका छन्।

माध्यमिक तहसम्मको शिक्षामा स्थानीय तहलाई संवैधानिक तथा कानुनी अधिकार प्रदान गरिनु स्थानीय आवश्यकताको आधारमा प्राविधिक तथा व्यावसायिक शिक्षा प्रदान गर्न सकिने व्यवस्था हुनु सूचना तथा सञ्चार प्रविधिको सुविधा विस्तार हुनु जस्ता व्यवस्थाहरुलाई अवसरका रुपमा लिन सकिन्छ। माध्यामिक शिक्षाको वर्तमान अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. ११**

| सि.नं. | विवरण | सङ्ख्या/दर | कैफियत |
|---|---|---|---|
| १ | कुल भर्नादर (९-१०) | ९२.४ | |
| २ | खुद भर्नादर(९-१०) | ७२.३ | |
| ३ | कुल भर्नादर (९-१२) | ७५.२ | |
| ४ | खुद भर्नादर(९-१२) | ५२.७ | |
| ५ | कक्षा १० पूरा गर्ने दर | ६२ | |
| ६ | कक्षा १० को टिकाउदर | ७५.२ | |

| | | | |
|---|---|---|---|
| ७ | शिक्षक विद्यार्थी अनुपात (९-१२) | १:२२ | |
| ८ | विद्यालयबाहिर रहेका माध्यमिक तह उमेर समूहको प्रतिशत | ३.२ | |
| ९ | कक्षा दोहोर्‍याउने दर (९-१०) | १.७ | |
| १० | कक्षा छाड्ने दर (९-१२) | २.३ | |
| ११ | तालिम प्राप्त माध्यमिक शिक्षक प्रतिशत | ९५ | |

### ३.३.२. उद्देश्य

१. माध्यमिक शिक्षामा समतामूलक पहुँच तथा सहभागीता सुनिश्चित गर्नु,

२. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्दै जीवनोपयोगी व्यवहारिक सीप प्रदान गर्नु,

३. विद्यालयहरुको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, प्रविधिमैत्री, सिकाइप्रेमी, समावेसी र सुरक्षित  गर्नु।

### ३.३.३. रणनीति

**माथिका उद्देश्यहरु हासिल गर्न निम्न लिखित रणनीतिहरु अवलम्बन गर्ने**

- ☞ माध्यमिक विद्यालयहरूको नक्साङ्कन गरी गाउँपालिकाभित्रका सबै बालबालिकाको पहुँच  सुनिश्चित गर्न कक्षा थप तथा समायोजन गरी पुनर्विरण गर्ने,
- ☞ माध्यमिक तहमा विद्यार्थीको भर्नादर र टिकाउ दर बढाउन छात्रवृत्ति तथा अन्य प्रोत्साहन  कार्यक्रम सञ्चालन गर्ने,
- ☞ सबै विद्यालयहरूमा गुणस्तरयुक्त सिकाई वातावरणको सुनिश्चित गर्ने,
- ☞ माध्यमिक तहमा दक्ष तथा योग्य विषयगत शिक्षकको व्यवस्था गर्ने,
- ☞ शिक्षक निरन्तर अध्यावधिक हुन र पेशाप्रति उत्प्रेरित हुन शिक्षक पेशागत तालिम तथा  अभिप्रेरणात्मक कार्यक्रम सञ्चालन गर्ने,
- ☞ माध्यमिक तहका विषयगत शिक्षकहरूको समूह गठन गरी विषयगत तालिमको व्यवस्था गर्ने,
- ☞ शिक्षक विद्यार्थीको नियमितताको सुनिश्चितता गर्ने,
- ☞ सूचना तथा सञ्चार प्रविधिको विस्तार गरी शिक्षण सिकाइ पद्धतिमा सुधार गर्ने,
- ☞ सबै विद्यालयहरूमा भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई बालमैत्री विद्यालय बनाउने,

- ☞ विद्यालयहरूलाई प्रकोप, सङ्कट तथा महामारी लगायतका विपद्जन्य परिस्थितिप्रति उत्थानशील बनाउने,
- ☞ शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूको निरन्तर अनुगमन निरीक्षण तथा मूल्याङ्कनको व्यवस्था गर्ने ।

### ३.३.४. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित गरी सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुने छ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. सबै बालबालिकाहरूलाई निःशुल्क र माध्यमिक शिक्षाको पहुँच सुनिश्चित भएको हुने छ ।

२. माध्यमिक तहको खुद भर्नादर र टिकाउ दरमा वृद्धि भएको हुने छ ।

३. माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा अभिवृद्धि भएको हुने छ ।

४. पेशाप्रति उत्प्रेरित दक्ष शिक्षकको व्यवस्थापन भएको हुने छ ।

५. सूचना तथा सञ्चार प्रविधिको समुचित प्रयोग भई उचित सिकाइ वातावरण निर्माण भएको हुनेछ ।

६. माध्यमिक तहको शिक्षामा सुशासन कायम भई गुणस्तरीय शिक्षा प्रवाह भएको हुने छ ।

७. माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुने छन् ।

८. विद्यालयहरू विपद् व्यवस्थापनप्रति उत्थानशील भएको हुने छ।

### ३.३.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

माध्यमिक तहमा आरुघाट गाउँपालिकाभित्र कार्यान्वयन गर्नुपर्ने प्रमुख क्रियाकलाप र वार्षिक लक्ष्यलाई तपसिल बमोजिम तालिकामा उल्लेख गरिएको छ :

तालिका नं.१२

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ वर्ष | | भौतिक लक्ष्य १० वर्ष | कैफियत | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १ | निःशुल्क माध्यमिक शिक्षाको कार्यान्वयनका लागि आवश्यक कानुन कार्यविधि निर्देशिका तयारी | एकाइ | १ | १ | १ | १ | १ | १ |
| २ | विद्यालय सेवा क्षेत्रको यकिन गरी सीमाङ्कन भित्रका बालबालिकामा भर्नाको सुनिश्चितता | पटक | १ | १ | १ | १ | १ | १ |
| ३ | विद्यालयमा शिक्षक विद्यार्थीको नियमितताका लागि कक्षा कोठाभित्र मूल्याङ्कन साधनको व्यवस्था | निरन्तर | | | | | | |
| ५ | शिक्षक व्यवस्थापन | निरन्तर | | | | | | |
| ६ | शिक्षक क्षमता विकास तालिम | पटक | १ | १ | १ | १ | १ | |
| ७ | वि.व्य.स.,शि.अ.संघका पदाधिकारीहरूको क्षमता विकास तथा अभिमुखीकरण | पटक | १ | १ | १ | १ | १ | |
| ८ | छात्राहरूलाई निःशुल्क सेनिटरी प्याडको व्यवस्था | निरन्तर | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | निरन्तर | | | | | | |
| १० | विद्यार्थीहरूमा पढ्दै सिक्दै, सिक्दै कमाउँदै कार्यक्रम | निरन्तर | ३ | ५ | ७ | १० | १३ | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

नेपालमा माध्यमिक तहमा साधारण र प्राविधिक धारको शिक्षा प्रदान गरिन्छ । प्राविधिक धारको कक्षा ९-१२ मा बाली विज्ञान, पशु विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ र सङ्गीत गरी ६ विषय क्षेत्रहरू छन् । माध्यमिक शिक्षाअन्तर्गतका प्राविधिक धारका अतिरिक्त प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट सम्बन्धन प्राप्त प्राविधिक शिक्षा प्रदायक संस्थाहरूद्वारा एस.ई.ई. पश्चात् तीन बर्से प्राविधिक शिक्षा कार्यक्रम पनि सञ्चालन गरिरहेका छन् । जसले श्रमबजारको मागबमोजिमका प्राविधिक जनशक्ति उत्पादन गर्दछन् । यस योजनामा कक्षा ९-१२ को प्राविधिक धारका कार्यक्रम समेटिएको छ ।

नेपालको संविधान, शिक्षा ऐन र उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०७५ ले प्राविधिक तथा व्यावसायिक शिक्षालाई प्राथमिकतामा राखेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको माध्यमबाट न्यून मध्यमस्तरका दक्ष जनशक्ति उत्पादन गरी रोजगारी सिर्जना गर्ने तथा व्यक्तिलाई आत्मनिर्भर बनाउने उद्देश्य राखेको छ । प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रभावकारिता उपलब्ध जनशक्ति, पूर्वाधार, विद्यार्थी, रोजगारी, पाठ्यसामग्री, आर्थिक लगानी जस्ता कुरामा भर पर्दछ ।

### ३.४.१. वर्तमान अवस्था

नेपालमा रा.शि.पा.यो.२०२८ ले विद्यालयमा व्यावसायिक शिक्षा दिन सुरु गरे तापनि देशमा उद्यमशील नागरिक उत्पादन गर्ने उद्धेश्यसाथ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद (CTEVT) र नेपाल सरकार शिक्षा तथा मानवस्रोत विकास केन्द्रले प्राविधिक तथा व्यावसायिक शिक्षा दिइरहेको छ । प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम कार्यक्रम सम्बन्धी कार्यविधि २०७८ अनुसार -

- अर्गानिक प्राविधिक शिक्षालय
- सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम

- साझेदारीमा सञ्चालित प्राविधिक शिक्षालय
- संस्थागत प्राविधिक शिक्षालय

रहेका छन् । CTEVT अन्तर्गत विभिन्न संस्थाहरु मार्फत प्राविधिक जनशक्ति उत्पादन भइरहे तापनि हाल विभिन्न संस्थाहरुमा अध्यान गर्ने विद्यार्थीहरुको अभावमा ती संस्थाहरु धरासायी अवस्थामा पुगिरहेका छन् भने शिक्षा तथा मानवस्रोत विकास केन्द्र मार्फत विद्यालयहरुमा कक्षा ९-१२ मा बाली विज्ञान, पशु विज्ञान, सिभिल इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ, इलेक्ट्रोनिक इन्जिनियरिङ, म्युजिक विषयमा अध्ययन भइरहेको छ । हाल नेपालमा ५०६ विद्यालयहरुमा प्राविधिक शिक्षा सञ्चालित छ भने गोरखा जिल्लामा हाल श्री  ज्ञान ज्योति मा.वि. घ्याल्चोकमा पशु विज्ञान, श्री त्रिवेणी मा.वि. पालुनटार-९ मा वाली विज्ञान साथै CTEVT अन्तर्गत पनि विभिन्न विद्यालयहरु मा र अन्य संस्थाहरुमा प्राविधिक शिक्षा सञ्चालन भइरहेको छ भने आरुघाट गाउँपालिकामा वि.सं. २०७४ देखि भवानी मा.वि. मान्बुमा बाली विज्ञान कक्षा सञ्चालन भइरहेको छ, जसमा १६८ जना विद्यार्थीहरु बाली विज्ञान विषयमा अध्ययरत छन् भने ७५ जना विद्यार्थीहरुले कक्षा १२ पास गरिसकेका छन् । साथै आरुघाट गा.पा.बाट प्राविधिक शिक्षामा सबैमा पहुँच पुगोस् भन्नका लागि आरुघाट गा.पा.को सामुदायिक विद्यालयबाट SEE उत्तीर्ण भई कम्तीमा २.८ GPA ल्याउने दलित तथा विपन्न विद्यार्थीहरुलाई रु. ५०,०००/ को छात्रवृत्ति दिँदै आइरहेको छ ।

भवानी मा.वि.मा बालीविज्ञान अध्ययन गर्ने विद्यार्थीहरुलाई आवश्यकताको आधारमा नि:शुल्क आवासीय सुविधा प्रदान गरिएको छ । साथै मा.वि. द्वितीय तहको ४ जना, मा.वि. तृतीय तहको २ जना, नि.मा.वि. तह २ जना, ल्याब ब्वाइ, कर्मचारीसहित १० र अन्य शिक्षकहरुबाट छुट्टै भवनमा अत्याधुनिक सुविधासहित प्राविधिक शिक्षा दिइरहेको छ । सीपमूलक उद्यमशील नागरिक उत्पादन गरी देशको अर्थिक विकासमा सहयोग पुऱ्याउने लक्ष्यसहित पालिका अघि बढेको छ ।

### ३.४.२. उद्देश्य

- प्राविधिक तथा व्यावसायिक शिक्षामा समतामूलक पहुँच अभिवृद्धि गर्नु ,
- प्राविधिक तथा व्यावसायिक शिक्षामा गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम प्रदायक संस्थाको संस्थागत क्षमता अभिवृद्धि गर्नु ।

### ३.४.३. रणनीति

- स्थानीय तहभित्र आवश्यकता र मागमा आधिरत शिक्षालयको नक्साङ्कनका आधारमा विषयगत संस्थाको सङ्ख्या निर्धारण गरी समतामूलक पहुँच अभिवृद्धि गर्ने,
- प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गराउने प्रशिक्षक र सहायक प्रशिक्षकलाई तालिम तथा प्रशिक्षणको प्रबन्ध मिलाउने,

- ☞ प्राविधिक शिक्षा प्राप्त गर्नका लागि कक्षा ८ पछि कम्तीमा ४ वर्षको माध्यमिक प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गरिने,
- ☞ प्राविधिक धारको परिमार्जित पाठ्यक्रमलाई श्रम बजारलाई ध्यानमा राखी कार्यान्वयन गर्ने तथा विद्यालयमा आवश्यक पूर्वाधार र उपयुक्त शिक्षकको व्यवस्था गरिने,
- ☞ राष्ट्रिय योग्यता प्रारूपअनुसार साधारण र प्राविधिक तथा व्यावसायिक शिक्षा बीच गतिशीलता र पारगम्य सुनिश्चित हुने गरी समतलीय तथा लम्बीय सम्बन्ध विकास गरिने,
- ☞ दक्ष जनशक्ति टिकाउका लागि नीतिगत व्यवस्था मिलाइने।

### ३.४.४. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

माध्यमिक तहमा प्राविधिक शिक्षाको आवश्यकता, औचित्य र सम्भाव्यताको अध्ययन गरी प्राविधिक सिपहासिल गर्न चाहने विशेष रूपमा लक्षित विद्यार्थीहरूका लागि गुणस्तरीय, सान्दर्भिक, श्रम बजार अनुकूल र आवश्यकतामा आधारित प्राविधिक शिक्षा प्रदान गर्न सक्ने गरी क्षमता सुदृढ भएको हुने।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. प्राविधिक विद्यालयमा शिक्षाको समतामूलक पहुँच सुनिश्चित भएको हुने छ।

२. प्राविधिक तथा व्यावसायिक शिक्षा अध्यापन गराउने प्रशिक्षक र सहायक प्रशिक्षकलाई तालिम तथा प्रशिक्षणको प्रबन्ध मिलाइएको हुने छ।

३. प्राविधिक शिक्षा प्राप्त गर्नका लागि कक्षा ८ पछि कम्तीमा ४ वर्षको माध्यमिक प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गरिएको हुने छ

४. प्राविधिक धारको परिमार्जित पाठ्यक्रमलाई श्रम बजारलाई ध्यानमा राखी कार्यान्वयन गर्ने तथा विद्यालयमा आवश्यक पूर्वाधार र उपयुक्त शिक्षकको व्यवस्था गरिएको हुने छ।

### ३.४.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**तालिका नं. १३**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ वर्ष | २ वर्ष | ३ वर्ष | ४ वर्ष | ५ वर्ष | जम्मा | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक धारका विद्यालयको नक्शाङ्कन | पटक | १ | १ | १ | १ | १ | | |
| २ | प्राविधिक धारतर्फ शिक्षक वृत्ति विकास पद्धति विकास र शिक्षक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | | |
| ३ | प्राविधिक धारका विद्यालयमा भौतिक संरचना र प्रयोगात्मक सामग्री व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | | |
| ४ | व्यावसायिक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | | |
| ५ | प्राविधिक धारमा अध्ययनरत विद्यार्थी अभिमुखीकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | | |
| ६ | व्यावसायिक तालिम सञ्चालन | किसिम | १ | १ | १ | १ | १ | | |
| ७ | स्वरोजगार तथा उद्यमशीलता सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | | |

### ३.५. अनौपचारिक शिक्षा र आजीवन सिकाइ

वि. सं. २००७ सालमा नेपालमा आधुनिक प्रजातान्त्रिक युग सुरु हुँदा कुल जनसङ्ख्याको झन्डै २ प्रतिशत मात्रै नागरिकहरु साक्षर थिए। प्रजातन्त्रको आगमनसँगै नेपालमा शैक्षिक जागरणको शिक्षा, माध्यमिक शिक्षा, उच्च शिक्षा, प्राविधिक शिक्षाको साथै अनौपचारिक शिक्षालाई के, कसरी अगाडि बढाउन पर्छ भन्ने बारेमा युगानुकूल सुझाबहरु दिएको थियो । उक्त प्रतिवेदन प्रौढ साक्षरता कार्यक्रमलाई जोड दिन सिफारिस गरेपछि वि. सं. २०१३ सालदेखि योजनाबद्ध रुपमा अनौपचारिक प्रौढ साक्षरता कार्यक्रम सञ्चालनमा ल्याइएको हो । संयुक्त राष्ट्रसंघको युनेस्कोलगायत अन्य अन्तर्राष्ट्रिय संस्थाहरुले पनि दिगो विकासको लक्ष्य प्राप्तिको रणनीतिमा आजीवन सिकाइलाई महत्त्वकासाथ प्रस्तुत गरेका छन्। युनेस्कोले अघि सारेको परिभाषा र व्याख्याअनुसार आजीवन सिकाइको अवधारणा लोकतन्त्र, मानवीय र मानव मुक्तिको मूल्य मान्यतामा आधारित रहेको छ। सुखी र खुशी जीवनयापनका लागि सिक्ने प्रक्रिया जीवनभर चलिरहनु पर्छ। हरेक उमेर समूहका मानिसहरु सिकाइ प्रक्रियामा संलग्न भइरहनु पर्छ र घरपरिवार, कार्यथलो, विद्यालय, समुदाय र हरेक सामाजिक स्थानमा सिकाइ प्रक्रिया हुन सक्छ।

औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा एवम् आजीवन

शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्नो लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तर वृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ ।

साक्षरता तथा निरन्तर शिक्षा कार्यक्रमहरूको समन्वयात्मक रूपले विकास, योजना तथा सञ्चालनका लागि संघीय सरकार र प्रदेश सरकारहरूसँग सहकार्य गर्ने, अनौपचारिक शिक्षा र औपचारिक शिक्षाको दोहोरो प्रवेशको अवसर प्रदान गरी प्राप्त ज्ञानको समकक्षता निर्धारण तथा प्रमाणीकरण गर्ने तथा निरक्षर र नवसाक्षरलाई जीवनपर्यन्त शिक्षा दिन सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता स्वयम् सेवक परिचालन गर्ने नीति लिएको छ ।

निरक्षर जनताहरुलाई साक्षर बनाउने र नव साक्षरलाई निरन्तर शिक्षा दिने राज्यको दायित्व हो । अर्कोतिर उनीहरुका लागि आयमूलक र कार्यमूलक कार्यक्रम दिनु पनि आवश्यक देखिन्छ ; जसलाई सार्थक बनाउनका लागि सामुदायिक सिकाइ केन्द्रको अवधारणा  कार्यान्वयनमा आएको छ । एकातिर सञ्चालनमा रहेका सिकाइ केन्द्रको व्यवस्थापन प्रभावकारी ढङ्गले हुन सकिरहेको छैन भने साक्षर भएकाहरु पनि निरन्तर शिक्षाको अवसर नपाउँदा पुनः निरक्षर बन्नु पर्ने अवस्था टड्कारो रुपमा रहेको देखिन्छ ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११(ज ) ले स्थानीय तहलाई प्राप्त अनौपचारिक र निरन्तर शिक्षासम्बन्धी नीतिनिर्माण, मापदण्ड तयार, सञ्चालन, व्यवस्थापन र नियमनका क्षेत्रमा जवाफदेही बनाउँदै शैक्षिक सुशासन कायम गर्ने अधिकार दिएको छ ।

### ३.५.१. वर्तमान अवस्था

आरुघाट गाउँपालिकामा ५ वर्ष माथिको जनसङ्ख्या १९,९८७ छ जसमध्ये पुरुषको जनसङ्ख्या ९,२९३ छ भने महिलाको सङ्ख्या १०,६९४ छ । यस गाउँपालिकामा ५ वर्ष माथिको समग्र साक्षरता ६८.४५ प्रतिशत छ भने पुरुषको साक्षरता ७६.१० प्रतिशत र महिलाको साक्षरता ६१.८१ प्रतिशत छ ।

माथिको तथ्याङ्क हेर्दा यस पालिकामा ५ वर्ष माथिको जनसङ्ख्या ३१.५५ प्रतिशत निरक्षर रहेका छन्, जसमध्ये निरक्षर पुरुषको प्रतिशत २३.९० छ भने निरक्षर महिलाको प्रतिशत ३८.२० छ । यसरी हेर्दा अझै पनि ६१३१ जनालाई आधारभूत साक्षरता शिक्षा प्रदान गर्ने पर्ने छ, जसमध्ये पुरुषको सङ्ख्या २१५४ छ भने महिलाको सङ्ख्या ३९७० छ ।वडागत रुपमा निरक्षरताको संख्या यस प्रकार रहेको छ जसलाई यो योजना अवधिमा आरुघाट गाउँपालिकाभित्र रहका ४ ओटा सामुदायिक सिकाइ केन्द्रमार्फत आधारभूत साक्षरता शिक्षा प्रदान गर्नुपर्ने छ । वडागत रुपमा निरक्षर जनसङ्ख्याको विवरण

**तालिका नं. १४**

| वडा नं. | जम्मा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साक्षरताता% | ६८.४५ | ५५.३९ | ५८.४१ | ५५.४१ | ६६.०४ | ७१.२६ | ७०.२२ | ६२.७६ | ७४.९६ | ६७.५८ | ६२.०५ |
| जम्मा | ६३०५ | १५७० | ६४८ | ५७६ | ५७२ | ५३० | ६२० | ४३८ | ५१० | ४०३ | ४३८ |
| पुरुष | २२२१ | ५९८ | २३० | २१२ | २२२ | १७४ | २४२ | १३८ | १५१ | ११२ | १४२ |
| महिला | ४०८४ | ९७२ | ४१८ | ३६४ | ३५० | ३५६ | ३७८ | ३०० | ३५९ | २९१ | २९६ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

त्यसै गरी आधारभूत साक्षरता प्राप्त गरिसकेका नवसाक्षरले आधारभूत साक्षरतामा सिकेका कुराहरु विस्मरण हुन सक्ने भएकाले उनीहरुलाई निरन्तर शिक्षाका अवसरहरु प्रदान गर्नु पर्ने हुन्छ । अतः यसभन्दा पहिला आधारभूत साक्षरता शिक्षा प्राप्त गरेका र यो योजना अवधिमा साक्षर हुने नवसाक्षरहरुका लागि निरन्तर शिक्षा प्रदान गर्नु पर्ने हुन्छ । निरन्तर शिक्षा प्रदान गर्नु पर्ने सङ्ख्या तलको तालिकामा प्रस्तुत  गरेबमोजिम हुनेछ । वडागत रुपमा निरन्तर शिक्षा प्रदान गर्नु पर्ने जनसङ्ख्याको विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १५**

| वडा नं. | जम्मा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| साक्षरता % | ६८.४५ | ५५.३९ | ५८.४१ | ५५.४१ | ६६.०४ | ७१.२६ | ७०.२२ | ६२.७६ | ७४.९६ | ६७.५८ | ६२.०५ |
| जम्मा | ६३०५ | १५७० | ६४८ | ५७६ | ५७२ | ५३० | ६२० | ४३८ | ५१० | ४०३ | ४३८ |
| पुरुष | २२२१ | ५९८ | २३० | २१२ | २२२ | १७४ | २४२ | १३८ | १५१ | ११२ | १४२ |
| महिला | ४० | ९७ | ४१ | ३६ | ३५ | ३५ | ३७ | ३० | ३५ | २९ | २९ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ८४ | २ | ८ | ४ | ० | ६ | ८ | ० | ९ | १ | ६ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित गर्नु, साक्षरता, निरन्तर सिकाइ, आयमूलक सिपसँगै समयसापेक्ष सूचना प्रविधियुक्त कार्यमूलक सिकाइलगायत आजीवन शिक्षा तथा समकक्षताको व्यवस्था गर्नु, सामुदायिक सिकाइ केन्द्रलाई समय सापेक्ष सिकाइ अवश्यकता सम्बोधन गर्न सक्ने बनाउनु, नागरिक व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालय स्थापन तथा प्रवर्धन गर्ने विषयलाई सामुदायिक सिकाइ केन्द्रसँग आबद्ध गर्नु, निरन्तर शिक्षाको कार्यक्रम कार्यक्रमलाई दैनिक व्यवहारसँग जोड्नु, साक्षरता कार्यक्रममा सहभागी भएका व्यक्तिहरुले सिकेको ज्ञान र सिपलाई रोजगारसँग जोड्न सिपको प्रमाणपत्र रोजगारसँग जोडिनु आदि ।

### ३.५.२. उद्देश्य

- निरक्षर युवा तथा प्रौढहरुका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर र पहुँच सुनिश्चित गर्नु,
- विद्यालयको पहुँचबाहिर रहेका बालबालिकालाई वैकल्पिक शिक्षाको माध्यमबाट शिक्षामा पहुँचको सुनिश्चित गर्नु,
- आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइका लागि एकीकृत प्रणालीमा आधारित संस्थागत सुदृढीकरण गर्नु,
- अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सिपहरूको परीक्षण र प्रमाणीकरण गर्नु ।

### ३.५.३. रणनीति

- केन्द्र सरकारको समन्वयमा सामुदायिक सिकाइ केन्द्रहरुको आवश्यकताअनुसार समायोजन, पुनर्सरचना तथा पनर्वितरण गरी स्थानीय आवश्यकता, माग र स्रोतका आधारमा स्थानीय समुदायसँगको सहकार्यमा सामुदायिक सिकाइ केन्द्र स्थापना तथा सञ्चालन गरी सुदृढ गर्ने,
- सामुदायिक सिकाइ केन्द्र, विद्यालय, विकास साझेदार, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक, अन्य साझेदारहरु परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरु सञ्चालन गर्ने,
- सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधासम्पन्न पुस्तकालय, सामुदायिक सूचना केन्द्र, एफएम सञ्चालन र सेवाप्रवाह गर्ने बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने,
- सरोकारवालासँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयको सुदृढीकरण गर्ने,

- ☞ सामुदायिक सिकाइ केन्द्रमार्फत विभिन्न सिप विकास र आयआर्जन तथा सिपमूलक कार्यक्रम सञ्चालन गर्ने,
- ☞ अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सिपहरूको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारूपले गरेको व्यवस्थाबमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने ।

### ३.५.४. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसर प्राप्त भएको हुने छ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

- ☞ अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको व्यवस्थापनका लागि आवश्यक संरचनागत व्यवस्था तयार भई कार्य सञ्चालन भएको हुने छ ।
- ☞ सबै नागरिकहरुका लागि  साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइका अवसरहरु प्राप्त भएको हुने छ ।
- ☞ आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा निरन्तर सिकाइका लागि एकीकृत प्रणालीमा आधारित संस्थागत सुदृढीकरण भएको हुने छ ।
- ☞ अनौपचारिक माध्यमबाट सिकिएका संज्ञान तथा सिपहरूको परीक्षण र प्रमाणीकरण भएको हुने छ ।

### ३.५.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**तालिका नं. १६**

| क्र.सं. | प्रमुख क्रियाकलाप | **एकाइ** | **आधार वर्ष २०८१/८२** | **२०८२/८३** | **२०८३/८४** | **२०८४ /८५** | **२०८५ /८६** | **२०८५ /८६** |
|---|---|---|---|---|---|---|---|---|
| १ | निरक्षरहरुको तथ्याङ्क सङ्कलन तथा खण्डीकृत डाटाबेस तयारी | पटक | १ | १ | १ | १ | १ | |
| २ | आधारभूत साक्षरता शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | सामुदायिक सिकाइ केन्द्रको स्थापना र सञ्चालन | पटक | १ | १ | १ | १ | १ | |
| ४ | वैकल्पिक विद्यालय स्थापना र सञ्चालन | पटक | १ | १ | १ | १ | १ | |
| ५ | सामुदायिक सिकाइ केन्द्रको क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | |
| ६ | जीवनपर्यन्त सिकाइका लागि सामग्री विकास र प्रयोग | पटक | १ | १ | १ | १ | १ | |
| ७ | आधारभूत साक्षरताका स्वयंसेवक परिचालन | पटक | १ | १ | १ | १ | १ | |
| ८ | सामुदायिक सिकाइ केन्द्रहरुमा सूचना प्रविधिमा आधारित डिजिटल सामग्रीको व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | |

# परिच्छेद चार

## अन्तर सम्बन्धित विषय तथा क्षेत्र

विभिन्न अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरूबाट विद्यालय शिक्षाको योजनामा अपेक्षित परिणाम हासिल गराउन सक्षम बनाउने कारकका रुपमा काम गरेका हुन्छन् यस्ता शिक्षा योजनामा पाठ्यक्रम विकास तथा विद्यार्थी मूल्याङ्कन शिक्षकहरूको व्यवस्थापन तथा पेशागत विकास समता तथा समावेशीकरण स्वास्थ्य पोषण तथा दिवाखाजा जोखिम व्यवस्थापन तथा सङ्कटपूर्ण अवस्थाका समस्याहरु समाधान शिक्षामा सूचना तथा सञ्चार प्रविधि विद्यालयमा भौतिक विकास तथा सुरक्षित वातावरणीय अवस्था जस्ता अन्तरसम्बन्धित विषयहरु सबैका लागि महत्वपूर्ण हुन्छ। यस्ता अन्तरसम्बन्धित विषयहरूको समग्रमा विश्लेषण गरी योजनामा प्राथमिकता प्रदान गर्दै विभिन्न उपक्षेत्रहरूसँग अन्तरसम्बन्धका कुरा थप आवश्यक देखिन्छ। सोहीअनुसार यस उपक्षेत्रमा समावेश गरिने उपक्षेत्रहरूलाई वर्तमान अवस्था, उद्देश्य, रणनीति, उपलब्धि तथा नतिजा र मुख्य क्रियाकलाप तथा लक्ष्य निर्धारण गरी पाँचओटा उपशीर्षकमा विभाजन गरी विश्लेषण गर्नुपर्ने हुन्छ स्थानीय तहको आवश्यकताअनुसार अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरू समावेश गर्न सकिन्छ।

### ४.१.पाठ्यक्रम, पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन

पाठ्यक्रमले बालबालिकाहरूको शारीरिक, सामाजिक, संवेगात्मक, संज्ञानात्मक तथा बौद्धिकलगायत चौतर्फी विकासका लागि सिकाइका विषयहरू, शिक्षण सिकाइ क्रियाकलाप, मूल्याङ्कन तथा सिकाइ उपलब्धिको प्रारूप प्रदान गर्छ। राम्रो पाठ्यक्रमले सैद्धान्तिक,प्राज्ञिक र व्यावहारिक पक्षबिच सन्तुलन कायम राख्छ। यसले विषयवस्तु मात्र नभई सिप तथा सक्षमताको समेत विकास गर्छ। उपयुक्त प्रकारको शिक्षण सिकाइ तथा मूल्याङ्कन प्रक्रियाले विद्यार्थीहरूको ज्ञान, सिप, अभिवृद्धि गर्न सहयोग गर्छन्। पाठ्यक्रमले शिक्षकलाई बालबालिकाहरू जानकारी सहित, सक्रिय भई समाजमा वा सामाजिक प्रक्रियामा सहभागी हुन तयार छन् भन्ने कुरामा सुनिश्चित हुन दिशानिर्देश गर्छ। यसले अर्थपूर्ण रोजगारी, आर्थिक कार्यमा संलग्नतासहित दिगो रूपमा जीविकोपार्जन गर्न अगुवाइ गर्छ। पाठ्यक्रमले विविध सामाजिक बनोट तथा संस्कृतिको संरक्षण गर्दै महिला, बालिका र सङ्कटापन्न एवम् सुविधाबिहीन समुदायका लागि गलत संस्कार तथा परम्परा रूपान्तरण गर्न मद्दत गर्छ।

#### ४.१.१.वर्तमान अवस्था

विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को कार्यान्वयन गर्ने सन्दर्भमा २०७७ देखि कक्षा १ र कक्षा ११ मा नयाँ पाठ्यक्रम लागु गरिएको छ। कक्षा १-३को पाठ्यक्रमलाई अन्तरसम्बन्धित क्षेत्रकाआधारमा सक्षमता र विषयक्षेत्र समेटी एकीकृत गरिएको छ। व्यवहार कुशल, गैरसंज्ञानात्मक सिप तथा जीवनोपयोगी सिपहरूको विकास तथा कार्यान्वयन गरिएको छ। वर्तमान अवस्थामा आरुघाट गाउँपालिकाभित्र सञ्चालित भएका विद्यालयहरूमा सिकाइ सामग्रीका रूपमा सूचना तथा सञ्चारलाई जोडिँदै आइएको छ भने सोहीअनुसार तहगत विषयगत र उमेरगत रुपमा बालबालिकाहरुलाई सिकाइमा सक्षम बनाउनका लागि शैक्षिक सामग्रीहरूको व्यवस्थापन र प्रयोग गरिँदै

आएको छ । पालिकाभित्रको शैक्षिक गुणस्तर उकास्नका लागि शैक्षिक सामग्रीहरूलाई अवस्थाअनुसारको व्यवस्थापन गर्दै अगाडि बढ्नु पर्ने जरुरी देखिन्छ ।

स्थानीय परिवेशमा आधारित पाठ्यक्रम निर्माण गरी कार्यान्वयनको चरणमा रहेको छ । यसले कक्षाकोठामा प्रयोग गरिने भाषा र सिकारुको घरमा बोल्ने भाषाबिच तादात्म्यता राख्न सहयोग गर्छ । जसले सिकाइमा आउने बाधालाई पनि हटाउँन सहयोग गर्छ । मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गका रूपमा मानिएको छ र सिकाइका लागि निरन्तर रूपमा पृष्ठपोषण प्रदान गर्न मूल्याङ्कन एक माध्यमका रूपमा रहने पाठ्यक्रमको नीतिगत व्यवस्था छ ।

सामुदायिक विद्यालयको कक्षा १-१२ मा अध्ययन गर्ने विद्यार्थीले निःशुल्क रूपमा पाठ्यपुस्तक प्राप्त गर्ने व्यवस्था गरिएको छ । सामुदायिक विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्रले प्रकाशन गर्ने पाठ्यपुस्तकहरू प्रयोग गर्छन् तथापि संस्थागत तथा केही सामुदायिक विद्यालयहरूले निजी क्षेत्रबाट प्रकाशित र पाठ्यक्रम विकास केन्द्रले सन्दर्भ सामग्रीका रूपमा प्रयोग गर्ने प्रयोजनका लागि सूचीकृत पुस्तकमध्येबाट छनोट गरी पाठ्यपुस्तकका रूपमा प्रयोग गर्छन् । सबै विद्यार्थीलाई समयमै पाठ्यपुस्तक उपलब्ध गराउने व्यवस्था स्थानीय तहबाट हुँदै आएको छ । माध्यमिक तहमा प्राविधिक धारको कार्यान्वयनमा देखा परेका जटिलतालाई हेर्दा स्थानीय आवश्यकताअनुसारका सिप हासिल हुने गरी पाठ्यक्रममा सुधार तथा समायोजन-पुर्नसमायोजन गर्नुपर्ने देखिन्छ । आधारभूत तहमा निर्माणात्मक तथा निरन्तर मूल्याङ्कन, माध्यमिक तहमा आन्तरिक तथा बाह्य मूल्याङ्कन पद्दति स्तरीकृत गरी परीक्षा तथा मूल्याङ्कनका क्षेत्रमा विगत वर्षहरूमा विभिन्न सुधारहरू गरिए । कक्षा ५ र ८ परीक्षा पालिकास्तरमा सञ्चालन गर्ने गरिएको छ । विद्यालयमा आधारित परीक्षाका नतिजाको विश्लेषण गर्न र तिनलाई व्यवस्थित रूपमा सिकाइ सुधारमा प्रयोग गर्न शिक्षकहरूलाई उपयुक्त किसिमले तालिम दिनु आवश्यक छ ।

सीमित स्रोतसाधन तथा सम्बन्धित भाषाका दक्ष जनशक्तिको उपलब्धता, मातृभाषाका सामग्रीको विकास र प्रयोगका लागि चुनौतीका रूपमा रहेको छ । बालबालिकाको सिकाइलाई माध्यम भाषाका कारण अवरोध नहुने गरी उपयुक्त माध्यम भाषा छनोट तथा प्रयोग गर्ने कार्य पनि चुनौतीको रुपमा रहेको छ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था, विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन गर्नु आवश्यक छ । अपाङ्गता भएका बालबालिकाका लागि समायोजित पाठ्यक्रम तथा सिकाइ सामग्रीमा अपाङ्गताको प्रकृतिअनुसार अधिकतम लचकता प्रदान गर्ने कार्य पनि चुनौतीपूर्ण छ ।

### ४.१.२.उद्देश्य

१. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कनको प्रभावकारी कार्यान्वयन गर्नु,

२.स्थानीय पाठ्यक्रम तथा पाठ्यसमग्री विकास गरी कार्यान्वयन गर्नु,

३.परीक्षा एवम् मूल्याङ्कन पद्धतिको सबलीकरण गर्नु।

### ४.१.३. रणनीति

१. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गर्ने,
२.राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गर्दै स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष,हरित विद्यालय वातावरण निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुलाई प्राथमिकताका साथ समावेश गर्ने,
३. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री,स्वअध्ययन तथा सन्दर्भ सामग्रीको व्यवस्थापन गर्ने,
४. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई आवश्यकताको आधारमा व्यवस्थित गर्ने,
५. पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने,
६. शैक्षिक गुणस्तर अभिवृद्धिका लागि परीक्षामा एकरुपता कायम गर्दै परीक्षा समिति मार्फत गाउँपालिका स्तरीय परीक्षा सञ्चालन गरी परीक्षा फलको विश्लेषणसहित पृष्ठपोषण प्रदान गर्ने ।

### ४.१.४.प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन क्षेत्रमा पाठ्यक्रम र पाठ्यसामग्रीको विकास र प्रयोगका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि भएको हुनेछ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

आरुघाट गाउँपालिकाभित्रका पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन पद्धतिमा निम्नानुसारका नतिजा उपब्धि भएको हुने छः

१.पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुने छ ।

२.स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुने छ ।

३.निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भई विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुने छ ।

### ४.१.५.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**तालिका नं. १७**

| प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | कैफियत |
|---|---|---|---|

| | | १ वर्ष | २ वर्ष | ३ वर्ष | ४ वर्ष | ५ वर्ष | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| पाठ्यक्रमको प्रभावकारी रूपमा कार्यान्वयनका लागि शिक्षक तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | | |
| कक्षा कोठामा आधारित विद्यार्थी मूल्याङ्कन | पटक | १ | १ | १ | १ | १ | | |
| स्थानीय पाठ्यक्रम विकास तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | | |
| ICT तालिम | पटक | १ | १ | १ | १ | १ | | |

## ४.२. शिक्षक व्यवस्थापन र विकास

योग्य, उत्प्रेरित, प्रतिबद्ध तथा जिम्मेवार शिक्षक शैक्षिक प्रणालीका खम्बा हुन् । नेपालमा शिक्षकको उत्पादन विश्वविद्यालय तथा माध्यमिक तहको कक्षा ११ र १२ सञ्चालित विद्यालयहरूले गर्छन् भने शिक्षक सेवा आयोगले अध्यापन अनुमति पत्र प्रदान गर्नुका साथै रिक्त स्थानमा स्थायी शिक्षक नियुक्ति गर्न सिफारिस गर्दछ । आयोगले शिक्षकको बढुवा सम्बन्धी कार्य पनि गर्छ । आयोगले सिफारिस गरेका व्यक्तिलाई शिक्षा विकास तथा समन्वय इकाइले नियुक्ति र स्थानीय तहसँगको समन्वयमा पदस्थापन गर्छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षक पेसागत विकासका लागि नीतिनिर्माण गर्छ भने शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रमाणीकरण र कष्टमाइज्ड तालिमको पाठ्यक्रमहरू विकास गर्दछ । प्रदेश शिक्षा तालिम केन्द्रहरूले शिक्षकको क्षमता विकासका तालिम सञ्चालन गर्छन् । स्थानीय सरकार संचालन ऐन २०७४ ले आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको क्षेत्राधिकार दिएसंगै शिक्षक कर्मचारी व्यवस्थापन र दरबन्दी मिलानको कार्य स्थानीय तहले गर्दै आएको छ ।

### ४.२.१. वर्तमान अवस्था

आरुघाट गाउँपालिकामा हाल स्वीकृत दरबन्दी १७४ , राहत अनुदान ६०, शिक्षण सहयोग अनुदान ३० र प्राविधिक धारतर्फ ८ गरी जम्मा २७२ ओटा दरबन्दी मौजुदा रहेका छन् । प्रारम्भिक बालविकास शिक्षक ४२ रहेका छन् जसमध्ये स्वीकृत दरबन्दी ३९ र गाउँपालिकाको स्रोतबाट तलब भत्ता खाने गरी ३ जना प्रारम्भिक बालविकास शिक्षक रहेका छन् । आधारभूत कक्षा १-५ मा १६८ ओटा, कक्षा ६-८ मा ४४ ओटा र माध्यमिक तह कक्षा ९-१० मा ४६ ओटा तथा साविक उच्च माध्यमिक तह (कक्षा ११-१२) मा ६ ओटा शिक्षक दरबन्दी रहेका छन् । प्राविधिक धारतर्फ सहायक प्रशिक्षक २ ओटा, प्रशिक्षक ६ ओटा गरी जम्मा ८ ओटा दरबन्दी रहेका छन् । प्रारम्भिक बालविकासमा शिक्षक विद्यार्थी अनुपात १:१२, आधारभूत तह (कक्षा १-५) मा १:१४, आधारभूत तहको कक्षा ६-८ मा १:२७, माध्यमिक तह कक्षा ९-१० मा १:१७, माध्यमिक तह कक्षा ११-१२ मा १:५८ र कक्षा ९-१२ मा १:२२ रहेको देखिन्छ । सामुदायिक विद्यालयहरुमा माध्यमिक तह र आधारभूत तहको न्यूनतम विषयगत शिक्षक दरबन्दी पुग्न

सकेको छैन । कार्यरत शिक्षक मध्ये आधारभूत तहका शतप्रतिशत शिक्षकहरु आधारभूत तालिम प्राप्त छन् भने माध्यमिक तहका ९६ प्रतिशत शिक्षकहरु आधारभूत तालिम प्राप्त छन् ।

शिक्षकहरूलाई पेसागत सहयोग गर्न र कार्यरत शिक्षकहरूको अनुभव साटासाट गर्न स्थानीय तह जिम्मेवार रहेको छ। यसका लागि एक गतिशील शिक्षक पेसागत सहयोग प्रणालीको स्थापना गरी शिक्षक पेसागत सहायताको पद्दति कार्यान्वयनमा ल्याउनु आवश्यक छ। विद्यालय शिक्षा क्षेत्र योजनाले स्थानीय तहमा शिक्षकहरूलाई पेसागत सहयोग गर्न शिक्षकहरूको रोस्टर तयार गरी परिचालन गर्ने कार्यक्रम रहेको छ । शिक्षकको पेशागत सहायता सम्बन्धमा मार्गदर्शनहरु तय भएका छन् । गुणस्तरीय शिक्षाको निर्धारणमा प्रधानाध्यापकको सक्षम नेतृत्व पहिचान गरिएको सन्दर्भमा विद्यालय क्षेत्र शिक्षा योजनामा शिक्षकहरूलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउन प्रधानाध्यापकलाई अझै जिम्मेवार बनाउने लक्ष्य राखेको छ।

शिक्षकको नियमितता तथा कक्षाकोठामा बिताउने समय वृद्धि गर्न सकिएको छैन । शिक्षक व्यवस्थापन तथा विकासको चुनौतीपूर्ण कुरा भनेको शिक्षणलाई आकर्षक पेसाका रूपमा विकास गर्न नसक्नु हो। हाल प्रतिभावान व्यक्तिहरूलाई यस पेसामा आकर्षित गर्न तथा टिकाउन सकिएको छैन। विश्वविद्यालयका अधिकांश शिक्षक तयारीका कार्यक्रमहरू पर्याप्त विषयवस्तु तथा शिक्षण सिपयुक्त जनशक्ति उत्पादन गर्न नसक्दा क्षमतावान् शिक्षकहरूको आपूर्ति गर्न सकिएको छैन। विद्यमान सेवाकालीन तालिम तथा पेसागत विकासका कार्यक्रमले पनि शिक्षकहरूमा ज्ञान तथा सिप पूर्ण रूपमा सिकाउन सकेको छैन। सङ्घीयता कार्यान्वयनपश्चात् स्थानीय शिक्षक पेसागत सहयोग प्रणालीको पनि अभाव देखिएको छ। शिक्षा तालिम केन्द्रहरूको सङ्ख्यामा भएको कटौती तथा पर्याप्त क्षमता नहुनुले पनि चुनौती थपेको छ। विद्यार्थीको सिकाइ र शिक्षकको कार्यसम्पादन तथा वृत्ति विकासबिच सम्बन्ध कायम गर्न नसक्नुका कारण शिक्षकको उत्प्रेरणा, वृत्ति विकास तथा उत्तर दायित्वमा चुनौती देखिन्छ।

आरुघाट गाउँपालिकाभित्रका शिक्षक कर्मचारी व्यवस्थापन गर्न लागि आरुघाट गाउँपालिका शिक्षा ऐन २०७५ (संसोधनसहित), विद्यालयमा करार शिक्षक व्यवस्थापन सम्बन्धी कार्यविधि २०८०, विद्यालय समायोजन तथा एकीककरण र शिक्षक दरबन्दी मिलान सम्बन्धी नियम तथा कार्यविधिहरु निर्माण भई कार्यान्वयनमा आएका छन् । शिक्षक व्यवस्थापन र विकासका सन्दर्भमा पालिकाभित्रको वर्तमान अवस्थालाई तालिकामा देखाइएको छ।

**तालिका नं. १८**

| तह | विद्यार्थी सङ्ख्या | दरबन्दी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात | कैफियत |
|---|---|---|---|---|
| प्रारम्भिक बालविकास शिक्षा | ४९७ | ४२ | १:१२ | |
| १ - ५ | २२२९ | १६८ | १:१४ | |
| ६ - ८ | ११५९ | ४४ | १:२७ | |
| ९ - १० | ७७९ | ४६ | १:१७ | |
| ११ - १२ | ३४६ | ६ | १:५८ | |
| ९-१२ | ११२५ | ५२ | १:२२ | |

### ४.२.२. उद्देश्य

१. तहगत, कक्षागत तथा विषयगत रूपमा शिक्षकको व्यवस्थापन गर्नु,
२. शिक्षक तालिम, शिक्षक सक्षमता प्रारूपको प्रभावकारी कार्यान्वयन गर्नु,
३. शिक्षकका लागि निरन्तर पेसागत विकासका अवसरको सुनिश्चितता गर्नु,
४. शिक्षकको कार्यसम्पादनको मूल्याङ्कन प्रणालीलगायत प्रोत्साहन तथा वृत्ति विकासका अवसरहरूमा सुधार र विद्यार्थीको सिकाइप्रति जबाफदेही हुने पद्धतिको विकास गरी सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको व्यवस्था गर्नु ।

### ४.२.३. रणनीति

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान पुनर्वितरण तथा व्यवस्थापन गर्ने,
२. रिक्त दरबन्दीमा स्थानीय तहद्वारा शिक्षकको व्यवस्थापन गर्ने,
३. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ तथा प्रदेशसँगको समन्वयमा शिक्षण सिप विकासलगायतका विषयमा सेवाकालीन तालिम सञ्चालन गर्ने,
४. ICT सम्बन्धी आधारभूत ज्ञानलाई अनिवार्य बनाइ सहपाठी साझेदारीमा प्रोत्साहन गर्ने,
५. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,

६. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने,
७. विषयगत रुपमा उच्चतम सिकाइ उपलब्धी ल्याएका शिक्षकलाई प्रोत्साहन स्वरुप पुरस्कृत गर्ने,
८. शिक्षक तथा प्रधानाध्यापकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने ।

### ४.२.४ .प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

सबै विद्यालयमा पर्याप्त सङ्ख्यामा योग्य, सक्षम, तालिम प्राप्त, पेसाप्रति प्रतिबद्ध तथा कार्य सम्पादनप्रति जिम्मेवार शिक्षकको व्यवस्थापन भएको हुने छ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. दरबन्दी मिलान सम्पन्न भई विषयगत र कक्षागत रूपमा शिक्षकको व्यवस्थापन भएको हुने छ ।
२. शिक्षकहरूलाई निरन्तर पेसागत विकासका अवसर प्राप्त भएको हुने छ ।
३. शिक्षकहरूलाई पेसागत सहयोग गर्न र कार्यरत शिक्षकहरूको अनुभव साटासाट गर्न स्थानीय तह जिम्मेबार बनेको हुने छ । यसलाई तालिकामा देखाइएको छ ।

**तलिका नं. १९**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | ४२ | ४१ | ४० | ३९ | ३९ |
| २ | आधारभूत तहमा कार्यरत शिक्षक तालिम प्राप्त शिक्षक (%) | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत तालिम प्राप्त शिक्षक (%) | ९६ | १०० | १०० | १०० | १०० |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी आधारभूत तालिम प्राप्त शिक्षक (%) | ५१ | ६५ | ८५ | ९५ | १०० |
| ५ | विद्यालयमा सुपरिवेक्षण तथा पृष्ठपोषण प्रदान गरिएको/गरिने (प्रत्येक विद्यालयमा वार्षिक) | २ | ३ | ४ | ५ | ६ |
| ६ | पेसागत विकास तालिम प्राप्त शिक्षक (%) | ५० | ६० | ७५ | ८५ | १०० |

### ४.२.५.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**तालिका नं. २०**

| क्र. सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २० ८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | ज म्मा | |
| १ | तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान र पुनर्वितरण | निरन्तर | १ | १ | १ | १ | १ | | |
| २ | स्थानीय तहमा शिक्षक पेसागत सहयोग सञ्जाल गठन तथा तिनको कार्य प्रक्रिया निर्धारण | निरन्तर | १ | १ | १ | १ | १ | | |
| ३ | शिक्षकले शिक्षण सिकाइ क्रियाकलापमा बिताउने समय वृद्धि | निरन्तर | १ | १ | १ | १ | १ | | |
| ४ | विद्यालयमा आधारित शिक्षक पेसागत सहयोग | निरन्तर | १ | १ | १ | १ | १ | | |
| ५ | सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइका लागि अनलाइन-अफलाइन शिक्षक तालिम सहयोग , तथा पृष्ठपोषणको विकास र  सञ्चालन | निरन्तर | १ | १ | १ | १ | १ | | |
| ६ | प्रारम्भिक बालविकासमा कार्यरत शिक्षकका लागि १५  दिने तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | | |
| ७ | एकीकृत पाठ्यक्रम कार्यान्वयनसम्बन्धी तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | | |

### ४.३ शैक्षिक समता र समावेशीकरण

सामाजिक, सांस्कृतिक र धार्मिक विविधता भएको आरुघाटको शैक्षिक समता र समावेशीकरण एक मुख्य पहिचान हो। यहाँ विभिन्न भाषिक, सांस्कृतिक तथा जातीय समुदायहरूको बसोबास छ। नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा सामर्थ्यका रूपमा लिने गरिन्छ भने अर्कोतिर ऐतिहासिक रूपमा यही भिन्नताका कारणले सामाजिक, आर्थिक रूपमा विभेद र वञ्चितीकरणमा परेका समुदायहरू पनि रहेका छन्। उदाहरणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपाली बाहेकका मातृभाषी समुदाय, अल्पसङ्ख्यक सांस्कृतिक समुदायहरू ऐतिहासिक रूपमा वञ्चितीकरणमा परेकाले हालसम्म पनि यसको असर कुनै न कुनै रूपमा शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा देखिने गरेको छ । आर्थिक तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परेको देखिन्छ । विभिन्न अपाङ्गता भएका बालबालिकाहरू तथा कठिन परिस्थितिमा रहेका बालबालिकाहरूको शिक्षामा पहुँच र सहभागिता तुलनात्मक रूपमा कमजोर छ।

विद्यालयमा भर्ना भएका बालबालिकाहरूलाई भयरहित र सुरक्षित वातावरणमा स्वागत गर्दै विद्यालयको सामाजिक तथा शैक्षिक प्रक्रियामा सुरक्षित भावनाका साथ सहभागी गराउनु आवश्यक हुन्छ । विभेदका कारक तत्त्व (लिङ्ग, जाति, स्थान, क्षमता, सामाजिक आर्थिक अवस्था आदि) लाई सम्बोधन गरी प्रमाणमा आधारित तथा सन्दर्भअनुसारको अनुकूलित विधि अपनाई बालबालिकाहरूले पहुँच, सहभागिता तथा सिकाइमा भोग्नुपरेका बाधा हटाउनुपर्छ । एकीकृत समता रणनीति सन् २०१४ ले शैक्षिक उपलब्धिमा हुने विभेद हटाउन स्थानीय तहमा विद्यमान असमानता र यसको तीव्रताको मापन गर्नका लागि समता सूचकाङ्कसहित अवधारणात्मक कार्यढाँचा प्रदान गरेको छ ।

### ४.३.१.वर्तमान अवस्था

आरुघाट गाउँपालिकामा अध्ययनरत विद्यार्थीमध्ये दलित विद्यार्थीको भर्नादर ९९ प्रतिशत, जनजाति विद्यार्थीको भर्नादर ९० प्रतिशत, अपाङ्गता भएका विद्यार्थीको संख्या १७ रहेको छ । पिछडिएको समुदायबाट विद्यार्थीहरु अध्ययनरत रहेका छन् । विद्यार्थी भर्नामा समतादर सतप्रतिशत रहेको छ । कूल विद्यार्थीमध्ये छात्राको भर्नादर धेरै रहेको छ । अपाङ्गता भएका विद्यार्थीको शैक्षिक प्रबन्धका लागि यस पालिकामा १ स्रोत कक्षा , विशेष विद्यालय सञ्चालनमा रहेको छ । विभिन्न प्रकारका छात्रवृत्ति तथा विद्यार्थी प्रोत्साहनमूलक कार्यक्रम जस्तै दिवा खाजा, निःशुल्क शिक्षाको प्रावधान कार्यान्वयन गरिएको छ ।

सामाजिक सचेतनासँगै विद्यालय सङ्ख्यामा भएको विस्तार, माध्यमिक तहसम्म निःशुल्क शिक्षा तथा निःशुल्क पाठ्यपुस्तकको प्रबन्ध, प्रारम्भिक बालशिक्षा तथा विकासदेखि कक्षा ५ सम्म विद्यालय दिवा खाजा कार्यक्रम विस्तार जस्ता विभिन्न लक्षित कार्यक्रमहरूका कारण भर्नादरमा यो उत्साहजनक प्रगति सम्भव भएको हो ।

समावेशी राज्यको अवधारणासहित संविधानले आधारभूत तहको शिक्षालाई नागरिकको मौलिक हकका रूपमा लिँदै आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क हुने, सबै भाषिक समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने हक हुने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि शिक्षामा समता र समावेशिता अभिवृद्धिका लागि विभिन्न नीतिहरू तय गरेको छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५, अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन २०७४ र अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ ले अपाङ्गता भएका व्यक्ति तथा आर्थिक सामाजिक रूपले पछाडि परेका समुदायलाई छात्रवृत्ति तथा नेपाल सरकारले निर्धारण गरेबमोजिम शैक्षिक संस्थाद्वारा

निःशुल्क रूपमा विद्यालय शिक्षा, उच्च शिक्षा र प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउने प्रावधान राखेको छ।

आर्थिक रूपले विपन्न तथा दुर्गम हिमाली क्षेत्रमा आवासीय विद्यालय सञ्चालन तथा घुम्ती विद्यालयसमेत सञ्चालनमा ल्याइएको छ। पहुँचमा वृद्धि भए तापनि विभिन्न सामाजिक समूह तथा क्षेत्रमा अझै पनि असमानता घटाउने कार्य चुनौतिपूर्ण रहेको छ।

## ४.३.२उद्देश्य

१. लक्षित समूहका बालबालिकाको शिक्षामा समावेशी रूपमा समतामूलक पहुँच सुनिश्चित गर्नु,
२. लक्षित समूहका बालबालिकाको सिकाइ सहभागिता वृद्धि तथा सिकाइ उपलब्धि सुधार गर्नु,
३. विद्यालयमा कुनै पनि प्रकारको विभेद तथा दुर्व्यवहार नहुने वातावरण सिर्जना गर्नु।

## ४.३.३.रणनीति

१. विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक तथा शैक्षिक अवस्था पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री बनाउने,

२. बालमैत्री विद्यालय प्रारूप (CFSF) तथा निर्धारित सिकाइका लागि आवश्यक पूर्वाधार पूरा गर्ने

३. अपाङ्गताको प्रारम्भिक लेखाजोखा (Disability Screening) गर्दै अपाङ्गताका किसिम तथा स्वरूप पहिचान गर्ने,

४.आवश्यकतानुसार विशेष विद्यालयको प्रबन्ध तथा क्षमता विस्तार गर्ने,

४. छात्रवृत्तिका लागि आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिका सहभागी हुने व्यवस्था गर्ने,

५. कार्यविधि तयार गरी आवश्यकताअनुसार थप विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न सक्ने व्यवस्था गर्ने,

६. पाठ्यक्रममा स्थानीय भाषा, संस्कृति, भूगोल, वातावरण, इतिहास तथा नागरिक ज्ञान तथा सिपका साथै बृहत यौनिकता शिक्षा तथा प्रजनन स्वास्थ्यसम्बन्धी विषयवस्तु समावेश गरी सिकाइलाई जीवनोपयोगी सिपसँग आबद्ध गर्ने,

७. विद्यालयमा सरसफाई तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षाको प्रबन्ध तथा किशोरी लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गर्ने,

८. सिकाइ क्रियाकलापलाई सहभागितामूलक बनाई विद्यार्थीका आवश्यकता सम्बोधन गर्ने,

९. विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, बहिष्करण र हेपाइ न्यूनीकरणको सुनिश्चिततासहित बालमैत्री वातावरण सिर्जना गर्ने।

## ४.३.४. प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

लैङ्गिकता, सामाजिक,आर्थिक, अपाङ्गता, जातीय, प्रादेशिक, क्षेत्रीय, भाषिक पृष्ठभूमि आदिका आधारमा विद्यार्थी भर्ना, कक्षा सहभागिता तथा सिकाइ उपलब्धिजस्ता शैक्षिक सूचकमा हुने विद्यमान असमानताहरू घटेका हुने छन् ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्यः**

१. विद्यालयहरुले आवश्यक भौतिक तथा शैक्षिक अवस्था पूरा गरी अपाङ्गमैत्री तथा लैङ्गिकमैत्री वातावरण सिर्जना गरेको हुने छ ।

२. आर्थिक रूपले विपन्न, सुविधाविहीन, कठिन परिस्थतिमा रहेका र अपाङ्गता भएका बालबालिकाका सहभागिता सुनिश्चित भएको हुने छ ।

३. विद्यालयमा सरसफाइ, स्वच्छतासम्बन्धी सेवा, शिक्षाको प्रबन्ध तथा किशोरी लक्षित महिनावारी स्वच्छतासम्बन्धी सेवा तथा शिक्षा प्रदान गरिएको हुने छ ।

४. मातृभाषा, स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइको अवसर प्रदान गर्न प्राथमिकता दिइएको हुनेछ । आरुघाट गाउँपालिकाले प्राप्त गरेका नतिजालाई निम्नानुसार तालिकामा देखाइएको छ :

**तालिका नं. २१**

| | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.९८ | १ | १ | १ | १ | १ |
| २ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | १.०२ | १ | १ | १ | १ | १ |
| ३ | अपाङ्गता भएका विद्यार्थीको विद्यालयमा भर्ना दर | १०० | १०० | | | | |
| ४ | अपाङ्गता भएका विद्यार्थीको विद्यालयमा टिकाउ दर | ९८ | १०० | १०० | १०० | | |
| ५ | विशेष विद्यालय/स्रोत कक्षा सङ्ख्या | १ | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | लक्षित समुदायका विद्यार्थीको भर्ना दर | ९८ | | | | | |
| ७ | लक्षित समुदायका अध्ययनरत विद्यार्थीको टिकाउ दर | ८० | | | | | |

## ४.३.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**तालिका २७**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | बालबालिकाको अपाङ्गताको लेखाजोखा गरी सोका आधारमा वर्गीकरण र अभिलेखीकरण गरी उपयुक्त शिक्षाको प्रबन्ध | पटक | १ | १ | १ | १ | १ | | | |
| २ | विद्यालयमा कुनै पनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइ नहुने सुनिश्चित गर्न संयन्त्र स्थापना | निरन्तर | | | | | | | | |
| ३ | लैङ्गिक सञ्जाललाई स्थानीय तहहरूमा विस्तार गरी बालविवाह | पटक | १ | १ | १ | १ | १ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | एवम् लैङ्गिक हिंसा विषयमा सचेतनामूलक कार्यक्रम सञ्चालनमा परिचालन गर्ने | | | | | | | | | |
| ४ | पाठ्यक्रम तथा सिकाइ सामग्रीलाई अपाङ्गमैत्री तथा लैङ्गिक उत्तरदायी | निरन्तर | | | | | | | | |
| ६ | मातृभाषाका पाठ्यपुस्तक विकास तथा निर्माण | आवश्यकता अनुसार | | | | | | | | |
| ७ | दुर्गम क्षेत्रका तथा अन्य लक्षित समूहका लागि आवासीय सुविधाको व्यवस्था | निरन्तर | | | | | | | | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

नेपालमा सन् १९७४ देखि केही सीमित आधारभूत विद्यालयमा विश्व खाद्य कार्यक्रमको सहयोगमा दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो। सन् २००८ देखि छनोट गरिएका प्राथमिक विद्यालय तथा समुदायमा प्रारम्भ गरिएको सरकारको नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरी आर्थिक वर्ष २०७७/७८ मा सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीलाई दिवा खाजाको व्यवस्था गरिएको छ I

### ४.४.१. वर्तमान अवस्था

सामुदायिक विद्यालयको प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका विद्यार्थीका लागि संघीय सरकारको ससर्त अनुदानबाट दिवाखाजाका लागि बजेट प्राप्त हुँदै आएको छ। स्थानीय उत्पादनलाई प्रोत्साहन हुने गरी खाद्य सामग्रीको

व्यवस्थाका लागि हाल स्थानीय तहले ससर्त अनुदानबाट आएको बजेटमा कुनै पनि थप व्यवस्थापन गर्न नसकेको हुनाले यसमा पुनर्विचार गर्नु पर्ने देखिन्छ। विद्यार्थीको स्वास्थ्य तथा सरसफाइका लागि सबै विद्यालयमा स्वच्छ पिउने पानी, शौचालय तथा स्वच्छताका कार्यक्रम सञ्चालन गरिए पनि पूर्णता पाउन बाँकी देखिन्छ। स्थानीय उत्पादनलाई प्रोत्साहन दिएर खाद्य सामग्री व्यवस्था गर्ने भनिए तापनि बालबालिकाको रुचिअनुसार व्यव्थापन गर्न नसक्दा प्रभावकारी बन्न सकेको छैन।

नेपाल सरकारले प्रारम्भिक बालविकास तथा शिक्षादेखि कक्षा ५ सम्मका सार्वजनिक विद्यालयमा अध्यनरत सबै विद्यार्थीका लागि दिवा खाजाको प्रबन्धका लागि बजेट छुट्याएर महत्त्वपूर्ण उपलब्धि हासिल गरेको भए तापनि नीति तथा कानुनी व्यवस्था, वित्तीय पर्याप्तता तथा दिगोपन, कार्यक्रमका लागि उपयुक्त सङ्गठनात्मक व्यवस्था, उपयुक्त कार्यक्रम विकास र कार्यक्रम सञ्चालन तथा व्यवस्थापनका क्षेत्रमा विभिन्न चुनौती देखिएका छन्।

### ४.४.२.उद्देश्य

१. बालबालिकालाई स्वस्थ्य एवम् पोषणयुक्त तथा रैथाने पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,
२. एक विद्यालय एक करेसाबारी कार्यक्रम अनिवार्य गर्नु,
३. स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवाको गुणस्तर वृद्धि गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु।

### ४.४.३ रणनीति

१. दिवा खाजा कार्यक्रमलाई व्यवस्थित बनाउन स्वस्थ्य एवम् पोषणयुक्त रैथाने पौष्टिक खाद्यान्नको प्रबन्ध गर्न प्रोत्साहन गर्ने,
२. दिवा खाजाका लागि विद्यालयमा आवश्यक पर्ने विभिन्न सुविधा तथा जनशक्ति विस्तार गर्ने,
३. दिवा खाजासहितको स्वास्थ्य तथा पोषण कार्यक्रमको स्थायित्व र दिगोपनका लागि तीनै तहका सरकारहरूसँग साझेदारी विकास,
निजी सार्वजनिक साझेदारी, अभिभावकहरूको सहभागिता, विकास साझेदारको सहयोगका लागि आवश्यक सहयोगी वातावरण तथा संयन्त्रको विकास गर्ने,
४. एक विद्यालय एक करेसाबारी कार्यक्रम प्रभावकारी बनाउन स्थानीय कृषि विकास शाखासँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने,
५. करेसाबारीमा उत्पादन गरिएका तरकारीलाई विद्यालय दिवा खाजामा प्रयोग गरी सम्बन्धित तह वा कक्षालाई प्रोत्साहन गर्ने वातावरण मिलाउने,
६.विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था गर्ने,

७.विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित र प्रभावकारी बनाउने,
८.एक विद्यालय एक नर्सको अवधारणालाई कार्यान्वयन पक्षमा ल्याइ हरेक विद्यालयमा विद्यार्थी शयन कक्ष स्थापनामा पहल गर्न,
९.दिवा खाजालगायत स्वास्थ्य, पोषण तथा सरसफाइ र स्वच्छतासम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने।

### ४.४.४. मुख्य उपलब्धि तथा नतिजा

**उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, मनोसामाजिक कुशलता (well-being) मा अभिवृद्धि तथा सिकाइमा सुधारसहित सुरक्षित तथा रमाइलो (joyful) सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता भएको हुनेछ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. गम्भीर रोगबाट सुरक्षित भई पर्याप्त पोषणका साथ बालबालिकाहरूलाई स्वस्थ रूपमा विद्यालयमा सहभागी गराइएको हुने छ।
२. एक विद्यालय एक करेसाबारी कार्यक्रम प्रभावकारी रुपमा सञ्चालित हुनका साथै उत्पादित तरकारी दिवा खाजामा प्रयोग गरी सम्बन्धित तह वा कक्षालाई प्रोत्साहन गरिएको हुने छ।
३. एक विद्यालय एक नर्सको अवधारणालाई कार्यान्वयन पक्षमा ल्याई हरेक विद्यालयमा विद्यार्थी शायन कक्ष स्थापना भएको हुने छ। समग्रमा उपलब्धीलाई तालिकामा देखाइएको छ।

**तालिका नं. २२**

| क्र.सं. | सूचक | इकाइ | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राथमिक उपचार किट भएका; जुकाका चक्की, आइरन चक्की प्राप्त गर्ने विद्यालय | | निरन्तर | | | | | | |
| २ | पिउने पानी तथा स्वच्छता सहितको शौचालय भएका विद्यालय सङ्ख्या | | २० | ३० | ३८ | ३८ | ३८ | ३८ | |
| ३ | तोकिएको कक्षामा दिवा खाजा प्राप्त गर्ने विद्यालय | | सबै | | | | | | |
| ४ | वार्षिक रूपमा विद्यार्थी को नियमित स्वास्थ्य | | १ | १ | १ | १ | १ | १ | |

| क्र.सं. | सूचक | इकाइ | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | परीक्षण गर्ने विद्यालयको सङ्ख्या | | | | | | | | |
| ५ | नर्सिङ् सेवा तथा सुविधा पुगेका वडा सङ्ख्या | | | १ | १ | | | | घुम्ति नर्सिङ सेवामार्फत् |
| ६ | एक विद्यालय एक करेसाबरी सञ्चालित विद्यालय सङ्ख्या | | ३ | ५ | १० | १५ | २० | सबै | |

### ४.४.५.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**तालिका नं. २४**

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य १० ) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार, | निरन्तर | | | | | | | | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य १० ) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| | भाँडावर्तन तथा आवश्यक सामग्रीको प्रबन्ध | | | | | | | | | |
| २ | स्वस्थकर तथा पौष्टिक दिवा खाजाको प्रबन्ध | निरन्तर | | | | | | | | |
| ३ | दिवा खाजाका लागि चाहिने खाद्य सामग्री आपूर्तिमा भाग लिने स्थानीय कृषि सहकारी, किसान समूहलाई तालिम तथा सहयोग | पटक | १ | १ | १ | १ | १ | | | |
| ४ | विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सफाइ सामग्रीसहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | | | |
| ५ | कक्षा ६ देखि १२ सम्मका छात्राहरूलाई | निरन्तर | | | | | | | | |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य १० ) (वर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| | महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याडको व्यवस्था | | | | | | | | | |
| ६ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि र सूक्ष्मपोषक तत्त्व प्रदायक ट्याबलेटहरू (भिटामिन ए र आइरन, फोलिक एसिड) आदि प्रदान | सबै | | | | | | | | |
| ७ | विद्यालयलाई प्राथमिक उपचारको किट प्रदान तथा प्रतिस्थापन | सबै | | | | | | | | |

### ४.५.विद्यालय सुरक्षा विपद् न्यूनीकरण तथा उत्थानशीलता

युद्ध, द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायसहितको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा (Education in Emergency and Crisis Situation) को रूपमा लिने गरिन्छ। यसको मूल उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिकालगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द्व, हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणाअन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी [ Preparedness ] आपतकालीन

अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने [ Response] र आपतकाल पश्चात् क्षतिको आपूरण (Recovery) गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ ।
आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार भएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो । अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा स्थानीय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् राष्ट्रिय घोषणा तथा प्रतिबद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न स्थानीय सरकारले आ–आफ्नो नीति, कानुन तथा योजनाहरूमा आपतकालीन अवस्थामा शिक्षालाई समावेश गर्ने गरेका छन् । आरुघाटमा पनि प्रकोप व्यवस्थापन तथा सङ्कटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दीर्घकालीन योजना र बजेट तथा कार्यक्रममा समावेश गरिएको छ । विशेषतः द्वन्द्वको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड-१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा योजना (२०८१-२०८६) मा आगामी ५ वर्षका लागि नीति तथा कार्यक्रम प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ ।
शिक्षा योजनाले आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा प्रकोप जोखिम न्यूनीकरण र व्यवस्थापन, महामारी, द्वन्द्व, विस्थापन तथा बसाइसराइ जस्ता पक्षलाई समेट्नु पर्दछ । प्रकोप जोखिम न्यूनीकरण व्यवस्थापनअन्तर्गत भूकम्प, बाढीपहिरो, हावाहुरी, असिना, आगलागी, चट्याङ, अतिवृष्टि, अनावृष्टि, खडेरी, दुर्घटना, अति चिसो वातावरण आदि प्रकोपहरूका बारेमा पूर्वसावधानी, प्रकोपबाट बाँच्ने उपायहरूका बारेमा जानकारी तथा सिप विकास, र प्रकोपबाट शिक्षा क्षेत्रलाई बचाउन आवश्यक तयारी पर्दछन् । त्यसैगरी महामारीअन्तर्गत झाडापखाला, हैजा, भाइरल ज्वरो, टाइफाइड,, बर्डफ्लू, एनफ्लूएन्जा, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू कोभिडलगायतका सरुवा रोग तथा महामारीहरूबाट बच्न पूर्वसावधानी, रोकथाम तथा उपचारको आवश्यक तयारी र महामारीका समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपयहरूको तयारी पर्दछन् ।

### ४.५.१.वर्तमान अवस्था

" समुन्नत, खुसी र सुखी आरुघाट गाउँपालिका बासी" भन्ने मूल मन्त्रसहित आरुघाट गाउँपालिकाले आफ्ना नीति तथा कार्यक्रमलाई अघि सारेको छ । वि.सं. २०७२ सालको भूकम्पपश्चात् २०७४ सालको शिक्षा विभागको तथ्याङ्कअनुसार नेपालमा रहेका ३४ हजार २९२ विद्यालयहरुमध्ये २८ हजार ११४ सामुदायिक विद्यालयमा पढ्ने करिव ५९ लाख विद्यार्थी, ५ हजार ३९६ संस्थागत विद्यालयमा पढ्ने १३ लाख विद्यार्थी र ७८२ धार्मिक विद्यालयमा पढ्ने ८९ हजार १९६ विद्यार्थी एवम् शिक्षक शिक्षिकासहित सम्पूर्ण विद्यालय परिवार भूकम्पको ठूलो जोखिममा रहेको देखिन्छ, जसमा आरुघाट गाउँपालिकाका अधिकांश विद्यालयहरु ध्वस्त बनेर सिकाइ वातावरण खल्वलिन पुगे ।

बृहत विद्यालय सुरक्षा कार्यान्वयन कार्यविधि २०७५, विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७९, शिक्षा नीति २०७६ ले विपदको पूर्व तयारी प्रतिकार्य न्यूनीकरण तथा पुनर्लाभसम्बन्धी कार्यक्रमलाई विद्यालय सुधार कार्यक्रममा राख्ने कुरा उल्लेख गरेको छ । सुरक्षित सिकाइ वातावरणका लागि भौतिक तथा मानवीय प्रतिकार्यको व्यवस्थापन एवम् कार्यान्वयनका मापदण्ड तयार गर्ने, सरोकारवालाहरूलाई विपतद् व्यवस्थापनसम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिइ विद्यालयमा हुनसक्ने विभिन्न प्रकारका हेपाइ, हिंसा, असुरक्षा, भय, त्रास, गाली, बेइज्जती, विभेद् लगायतका गैर संरचनात्मक विपद् तथा जोखिमहरूको न्यूनीकरणका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, सरकारी तथा गैरसरकारी सङ्स्थासंस्था, समुदायका सदस्यहरू, शिक्षक, विद्यार्थीहरूको सहकार्यमा कार्यक्रम सञ्चालन गर्दै विद्यालयलाई बालमैत्री अपाङ्गमैत्री तथा सुरक्षित हिंसा रहित र भयरहित सिकाइ केन्द्रको रुपमा विकास गरिने उल्लेख गरिएको छ ।

कोभिड-१९ का कारण विद्यालय शिक्षामा सिर्जना भएका चुनौतीहरूमा बालबालिकाको सिकाइ क्षतिलाई कम गर्न शिक्षकहरूको अभिप्रेरणा र प्रतिबद्धतालाई कायम राख्न विभिन्न समूहका लागि उपयुक्त वैकल्पिक सिकाइका माध्यमहरू प्रयोग गरी सिकाइलाई निरन्तरता दिन र सबै तहमा विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक क्षमता विकास गर्न प्रयास गरिएका छन् । कोभिड-१९ बाट भएको क्षति कम गर्न परिपूरण शिक्षण सिकाइलाई निरन्तरता दिन शिक्षा क्षेत्रमा कोभिड-१९ को प्रभाव तथा यसबाट भएको योजना निर्माण तथा कार्यान्वयन आवश्यक देखिन्छ।

आरुघाट गाउँपालिकामा प्रमुख रुपमा बाढी, पहिरो, भौगोलिक विकटता, चट्याङ, हावाहुरी,आगलागी जस्ता प्रकृतिजन्य र मानव सिर्जित विषयहरु बढी जोखिमपूर्ण रहेका छन् । आपत्कालीन अवस्थामा दिइने शिक्षालाई अन्तर सम्बन्धित विषयको रुपमा वा छुट्टै विधाको रुपमा सम्बोधन गर्न यसका लागि छुट्टै योजना बनाउने र योजनाको हरेक अवयवमा समावेश गर्नु पर्ने देखिन्छ । प्राकृतिक प्रकोपमा मात्र सीमित अथवा महामारी, सामाजिक तथा राजनीतिक द्वन्दले सिर्जना गर्ने अवरोधको समेत सावधानी अपनाउने योजनालाई अल्पकालीन वा दीर्घकालीन बनाउने भन्ने विषय प्रमुख चुनौतीको रुपमा रहेको छ।२०७२ सालको भूकम्पपश्चात क्षतिग्रस्त बनेका विद्यालयको भैतिक संरचना हाल सुविधासम्पन्न पुनः संरचित हुनुलाई पनि एक अवसरका रुपमा लिन सकिन्छ ।

### ४.५.२. उद्देश्य

१.सङ्कटको सम्भावित जोखिम कम गर्न औपचारिक तथा अनौपचारिक शिक्षाको माध्यमबाट पूर्वसावधानी र तयारीको वातावरण तयार गर्नु,

२.सम्भावित सङ्कटको सामना गर्नु अर्थात् उत्थानशील प्रणालीका लागि भौतिक, मानवीय र आर्थिक स्रोतको तयारी गर्नु,

३.सङ्कटको प्रतिकार्यको संयन्त्र र कार्यढाँचा तयार गर्नु,
४.अल्पकालीन र दीर्घकालीन पुनस्थापना केन्द्र स्थापना गर्नु।

### ४.५.३. रणनीतिहरु

१. शिक्षा क्षेत्रमा प्रत्येक्ष वा परोक्ष रूपमा प्रभाव पार्ने विपद वा सङ्कटहरूको पूर्वानुमान तथा त्यसको मात्रा वा संकटासन्नताको मूल्याङ्कन तथा विश्लेषण गर्ने,
२. आरुघाट गाउँपालिकाले सङ्कटासन्नताको मूल्याङ्कनका आधारमा पूर्वानुमान तथा प्रतिकार्यको बृहत् योजना र विद्यालयहरूले आ-आफ्ना विद्यालयको योजना तयार गर्ने,
३. विपद् प्रतिरोधी भौतिक पूर्वाधारको निर्माण तथा पुनर्स्थापन गर्ने,
४. शैक्षिक सेवा निरन्तरताको लागि आवश्यक हुने यन्त्र उपकरण, औषधि, खाद्यान्न, पोशाक तथा अन्य राहत सामग्रीको प्रबन्ध गर्ने,
५. विद्यार्थी, शिक्षक, अभिभावक तथा स्थानीय सरकारको तयारी, रोकथाम, प्रतिकार्य, र पुनर्स्थापनका लागि क्षमता विकास गर्ने,
६. विपद् व्यवस्थापनको तयारी, प्रतिकार्य र पुनर्स्थापनमा गैरसरकारी क्षेत्र तथा विकास साझेदारहरूको सहभागिता र सहयोगसमेत परिचालन गर्ने,
७. विपद व्यवस्थापनका परम्परागत ज्ञान, सिप तथा अनुभवहरूलाई समयानुकूल पुनर्व्याख्या तथा प्रयोगमा ल्याउने,
८. प्राकृतिक विपद, महामारी, शान्ति सुरक्षा कायम आदिमा संघीय सरकार र प्रदेश सरकारको सहयोग र समन्वयमा काम गर्ने
९. प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरणका लागि हरित विद्यालय वातावरण अभियान, जलवायु परिवर्तन शिक्षा तथा दिगो विकासका निमित्त शिक्षा जस्ता कार्यक्रमहरूलाई कार्यान्वयनमा ल्याउने,
१०.विपद् कारणले सिर्जना हुने मनोसामाजिक समस्या समाधानका लागि परामर्श सेवा प्रदान गरिने।

### ४.५.४. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

आपत्कालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि बालबालिकाको सुरक्षासहित शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने,

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

१. विद्यालय तथा समग्र शिक्षा प्रणालीमा प्राकृतिक प्रकोप व्यवस्थापनका लागि पूर्वतयारी, प्रतिकार्य तथा पुनःउत्थानको योजना तथा क्षमता विकास भएको हुने छ।

२. आवश्यक भौतिक, मानवीय र आर्थिक स्रोतको व्यवस्थापनसहित विद्यालय तथा शिक्षा प्रणाली उत्थानशील भएको हुने छ ।

३. महामारीको समयमा स्वास्थ्य उपचारसहित शिक्षाको व्यवस्थापन , सेवा प्रवाह र सिकाइको निरन्तरता भएको हुने छ ।

४. युद्ध, सामाजिक द्वन्द्व, हिंसा, बसाइँसराईँको अवस्थामा पनि आधारभूत आवश्यकताको पूर्तिसहित सिकाइको निरन्तरता गरिएको हुने छ । योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजा तालिकामा उल्लेख गरिएको छ :

तालिका नं. २५

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | सबै | | | | | |
| २ | हरित विद्यालय सङ्ख्या | १ | ३ | ५ | ७ | १३ | |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ५ | ७ | ९ | १० | १३ | |

### ४.५.५. प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य:

**तालिका नं. २६**

| क्र. स. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य५वर्षे- | | | | | | बाँकी ५ वर्षको लक्ष्य | कैफियत | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| १ | मनोसामाजिक परामर्श तालिम सञ्चालन | आवश्यकता अनुसार | | | | | | | | | |
| २ | विपद सम्बन्धी विद्यालय स्तरीय विपद योजना निर्माण | ओटा | १ | १ | १ | १ | १ | | | | |
| ३ | पालिकास्तरीय विद्यालय शिक्षा सहयोग विपद कोष स्थापना | ओटा | १ | १ | १ | १ | १ | | | | |
| ४ | विद्यालयको भौगोलिक अवस्था र परिस्थिति अनुसार वैकल्पिक सिकाइको व्यवस्थापन | आवश्यकता अनुसार | | | | | | | | | |
| ५ | उद्दार कार्यक्रममा खटिने स्वयम् सेवकका लागि तालिम सञ्चालन | जना | १० | २० | ३० | ४० | ५० | | | | |
| ६ | वडा स्तरीय प्रतिकार्य कार्यदलको गठन र परिचालन | ओटा | १ | १ | १ | १ | १ | | | | |
| ७ | वडा स्तरीय | निरन्तर | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | सचेतना कार्यक्रम | | | | | | | | | | |
| ८ | विपद व्यवस्थापनका लागि आवश्यक उपकरण तथा सामाग्री सहितको व्यवस्थापन केन्द्र स्थापना | ओटा | ३ | ६ | १० | १२ | १३ | | | | |
| | जम्मा | | | | | | | | | | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

शिक्षण सिकाइका लागि सुरक्षित विद्यालय भवन र कक्षाकोठासहित खेलमैदान, शौचालय तथा सुरक्षित पानी तथा स्वच्छताको सुनिश्चिततताको आवश्यकता पर्दछ। शिक्षा नियमावली, २०५९ ले एक विद्यार्थीका लागि सुविधाजनक रूपमा पठनपाठनमा सहभागी हुनका लागि प्रारम्भिक बालविकास शिक्षा र आधारभूत तह १-५ का लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर, उच्च आधारभूत तह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफलको मापदण्ड तोकिएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले विद्यालयहरूमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिम मुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवम् बालमैत्री, हरित विद्यालय वातावरणका साथै विपद् जोखिममा उत्थानशील बनाउने नीतिगत व्यवस्था गरिएको छ । राष्ट्रिय शिक्षा नीतिले आत्मसात् गरेका सबैका लागि सुरक्षित भौतिक पूर्वाधार विकास एवम् विस्तारको नीति र हालसम्मको अभ्यास र सिकाइ अनुभवका आधारमा शिक्षा क्षेत्रको यस योजनामा भौतिक पूर्वाधार विकासको कार्यक्रम तर्जुमा गरिएको छ ।

### ४.६.१.वर्तमान अवस्था

आरुघाट गाउँपालिकामा सञ्चालित ३८ ओटा विद्यालयहरुमध्ये सबै विद्यालयमा पक्की भवनहरुको सुविधा रहेका छन् । उक्त विद्यालयमा कक्षाकोठा, कार्यालय कक्ष, पुस्तकालय, प्रयोगशाला कक्ष लगायतका भौतिक सुविधा उपलब्ध छन् तथापि केही विद्यालयमा अझै पनि भौतिक व्यवस्थापन पर्याप्तता छैनन् । आरुघाट गाउँपालिकाका वडा

नं. १ र २ का विद्यालयहरुको भौगोलिक अवस्थितिका हिसाबले पहिरोको जोखिममा रहेका छन् । २०७२ को भूकम्पपश्चात् पुनर्निर्माण भएका सम्पूर्ण विद्यालयका भवन भूकम्प प्रतिरोधी निर्माण भएका छन् । आगामी ५ वर्षमा प्रशासनिक कक्षहरुलाई सवलीकरण गर्नका लागि ५ ओटा विद्यालयमा आवश्यकताअनुसार कक्षाकोठा थप गर्नुपर्ने अवस्था रहेको छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ ले गरेको नीतिगत प्रावधान कार्यान्वयन गर्दा विद्यालयमा तहगत एवम् विद्यार्थी सङ्ख्याका आधारमा बन्नुपर्ने भौतिक पूर्वाधार ( शिक्षण सिकाइ कक्ष, कार्यशालाप्रयोगशाला/, पुस्तकालय, अतिरिक्त क्रियाकलाप एवम् खेलकक्ष, विद्यालय सभा हल, मञ्च, बगैँचा, कम्प्युटर कक्ष, शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष ) को आवश्यकता पहिचान गरी पूर्वाधार निर्माणको लागि तहगत सरकारको जिम्मेवारी स्पष्ट पार्नु अर्को चुनौती रहेको छ ।

भवन पुनर्निर्माण कार्यविधि २०७५ (पहिलो संशोधनसहित) अनुरूप विद्यालय भवनहरू निर्माण हुने विषय अर्को चुनौतीको रूपमा रहेको छ । विद्यालयको निर्माण पूर्णताको अवधारणाअनुरूप हुन नसक्दा कतिपय विद्यालयहरूका कक्षाकोठा नै आंशिक मात्र बनेका छन् भने कतिपयमा प्रयोगशाला नबनेका, सेनिटरी प्याड व्यवस्थापनसहित शौचालय पर्याप्त नबनेका, खानेपानी तथा सरसफाइका लागि संरचना नबनेका वा उपयुक्त नभएका, घेराबारा तथा खेल मैदान नबनेका, संरचनाहरू समावेशी तथा अपाङ्ता मैत्री नभएका देखिन्छन् ।

### ४.६.२. उद्देश्य

१. विद्यालय शिक्षा पूर्वाधारका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,

२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधाहरू सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मतसम्भार तथा सबलीकरण गर्नु ।

### ४.६ .३ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपण र भौगोलिक क्षेत्रको आधारमा मापदण्ड विकास गर्ने,

२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने,

३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने,

४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुननिर्माण एवम् मर्मत सम्भार गर्ने,

५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने,

६. भौतिक निर्माणको स्रोत परिचालनमा प्रदेश र संघ सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने,
७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घ संस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने।

### ४.४.६. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

सबै विद्यालयहरूमा बालमैत्री, अपाङ्गतामैत्री, प्रकोप उत्थानशील तथा सुरक्षित वातावरणसहित भौतिक पूर्वाधार भएको हुनेछ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

**तालिका नं. २७**

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी विद्यालय सङ्ख्या | ३८ | २६ | २७ | ३० | ३५ | ३८ |
| २ | सफाइ सहितको शौचालय सङ्ख्या | ० | ५ | १० | १५ | २० | ३८ |
| ३ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य भएका विद्यालय सङ्ख्या | २५ | २६ | २७ | ३० | ३५ | ३८ |
| ४ | | | | | | | |

### ४.६.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**तालिका नं. २८**

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | जम्मा | | |
| १ | विद्यालय भवन निर्माण | ओटा | ० | २ | ३ | १ | १ | | | |
| २ | विद्यालयको सवलीकरण | आवश्यकता अनुसार | | | | | | | | |
| ३ | विद्यालयमा बनेका संरचनाको सम्बर्दन तथा मर्मत सम्भार र फर्निचर व्यवस्थापनसमेत | विद्यालय सङ्ख्या | ० | ३ | ३ | २ | २ | | | |
| ४ | छात्रा र छात्रलाई अलग्गै शौचालय तथा पानी तथा सरसफाइको प्रबन्ध | विद्यालय सङ्ख्या | ० | २ | २ | २ | २ | २ | | |
| ५ | प्रारम्भिक बालविकासका लागि पानी तथा सरसफाइका साथै अलग्गै शौचालय | विद्यालय | ० | २ | २ | २ | २ | २ | | |
| ६ | अपाङ्तामैत्री संरचना निर्माण | विद्यालय | ० | १ | २ | २ | २ | २ | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७ | विद्यालय भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षासम्बन्धी रुजु सूची भर्ने | निरन्तर | | | | | | | | | |

## ४.७. विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

सूचना प्रविधि भन्नाले ध्वनि, तस्बिर, अक्षर तथ्याङ्कका रुपमा सूचनाहरुलाई विद्युतीय यन्त्रहरु, कम्प्युटर तथा दूरसञ्चारको प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन, सम्प्रेषण संग्रह र प्रवाहलाई चिनिन्छ । २१ औ शताब्दीको युग सूचना र प्रविधिको युगमा परिभाषित भइसकेको छ ।अबको शिक्षा विश्वव्यापीकरण, प्रतिस्पर्धात्मक तथा आधुनिकताले भरिपूर्ण हुन जरुरी छ । विश्वका शक्तिशाली राष्ट्रहरु विश्व बजारमा आफ्नो मानव संसाधनलाई कसरी सुरक्षित राख्ने र आफ्नो प्रविधिलाई कसरी विश्व बजार सामु अग्रपङ्क्तिमा पुऱ्याउने भन्ने होडमा रहेका छन् । शिक्षक तथा विद्यार्थीले शैक्षिक आवश्यकताका लागि छापिएका पुस्तकहरुमा मात्र भर पर्नु पर्ने आवश्यकताको अन्त्य भएको छ । उनीहरु आफ्नो आवश्यकताको पूर्तिका लागि इन्टरनेट तथा वेभसाइटहरुको उपयोग गर्न सक्ने भएका छन् । सयौं व्यक्तिहरुले एकै पटक कुनै पनि समय कुनै ठाउँबाट कुनै पनि सामग्रीलाई हासिल गर्न सक्छन् । अब सिकाइलाई अनलाइन पाठ्यवस्तुका माध्यमबाट चौबिसै घण्टा हेर्न सकिन्छ । सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइले विद्यार्थीहरु एकै ठाउँमा भेला हुनु पर्ने अवस्थाको अन्त्य भएको छ । भौगोलिक, सामाजिक, साँस्कृतिक तथा पूर्वाधारहरुको अभावका कारण औपचारिक तवरबाट शिक्षा दिन नसकिने अवस्था अब रहेन । यसका लागि रेडियो, टेलिभिजन, भर्चुअल विद्यालय, भर्चुअल विश्वविद्यालयको माध्यमबाट शिक्षा हासिल गर्न सकिन्छ ।
कोभिड -१९ को विषम परिस्थितिबाट सूचना प्रविधिको महत्त्व अझ बढेको छ । नेपाल सरकार शिक्षा मन्त्रालयले मिति२०७७/०२/१८ मा जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारीजस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, टेलिभिजन, अनलाइन, अफलाइन, परियोजना पाठहरु, स्वअध्ययन, दूर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन अध्यापन सुचारु राख्ने विधि र प्रक्रियालाई सम्झनु पर्दछ । यस निर्देशिकाले पनि सूचना प्रविधिलाई विशेष जोड दिएको छ। वैकल्पिक प्रणालीबाट सिकाइ गर्न सूचना प्रविधिको अहम् भूमिका रहन्छ ।

शिक्षाको राष्ट्रिय नीति २०७६ को नीति नं १० को उपनीति ४८ मा सूचना तथा सञ्चार प्रविधिलाई शिक्षा प्रणालीको अङ्गका रुपमा एकीकृत गर्दै विद्यालय तथा शिक्षण संस्थामा प्रविधिको पूर्वाधार विकास गर्ने र शिक्षण सिकाइ प्रक्रियालाई सूचना प्रविधिमैत्री बनाउने नीति ल्याइएको छ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभूत पहुँच पुऱ्याइ डिजिटल भिन्नता कम गर्ने,

सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइका साधनका रूपमा प्रयोग गरी सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्धतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभूतिका लागि सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिनु पर्दछ।

### ४.७.१. वर्तमान अवस्था

सूचना तथा सञ्चार प्रविधि (ICT) को क्षेत्रमा नीतिगत व्यवस्थाले प्रविधिको विकास, प्रवर्द्धन, र प्रयोगलाई प्रवर्द्धन गर्न महत्त्वपूर्ण भूमिका खेल्छ। डिजिटल समाज निर्माण गर्ने उद्देश्यले विभिन्न नीतिगत व्यवस्था र योजना अगाडि सारेको छ। सूचना तथा सञ्चार नीति २०५९ [Information and Communication Policy, 2003], सूचना प्रविधि नीति २०७२, जसमा ICT मा सबै जनताको पहुँच सुनिश्चित गर्ने, E-Governance प्रणालीलाई प्रोत्साहन दिने, देशभरमा प्रविधि सम्बन्धी पूर्वाधार विकास गर्ने, ICT मार्फत रोजगारीका अवसरहरू सिर्जना गर्ने, ICT शिक्षा तथा तालिमलाई प्रोत्साहन गर्ने जस्ता विषाय क्षेत्र समेटिएका छन्। नेपाल दूरसञ्चार प्राधिकरण, डिजिटल नेपाल फ्रेमवर्क [Digital Nepal Framework, 2019], साइबर सुरक्षा [E-Governance] नीति, बौद्धिक सम्पत्ति अधिकार नीति, इलेक्ट्रोनिक कारोबार ऐन [Electronic Transaction Act, 2063], विद्युतीय मिडिया तथा डिजिटल प्रसारण नीति, यी र यस्ता नीतिहरूले नेपालमा सूचना तथा सञ्चार प्रविधिको विकासलाई तीव्र बनाउने र डिजिटल युगतर्फ अघि बढाउने कार्यमा सहयोग पुऱ्याउँदै छन्।

आरुघाटमा रहेको विद्यालय तथा शैक्षिक संस्थामा प्रविधिको प्रयोग विस्तार हुन थालेको छ। कम्प्युटर शिक्षा र अनलाइन माध्यमबाट शिक्षा दिने प्रयास भए पनि इन्टरनेटको कमजोर पहुँच, उपकरणहरूको अभाव, र जनशक्ति अभावले गर्दा प्रभावकारी शिक्षा दिन कठिन भइरहेको छ। कोभिड-१९ को महामारीले गर्दा प्रविधिको आवश्यकता ठहर गरी डिजिटल शिक्षामा थप सुधारको खाँचो देखाएको छ। नेपालको ग्रामीण क्षेत्रको स्थानीय तहहरूमा सूचना तथा प्रविधिको अवस्था सहरको तुलनामा केही पछाडि भए तापनि पछिल्ला वर्षहरूमा आरुघाटका विद्यालयहरुमा उल्लेखनीय प्रगति हुँदै आएको देखिन्छ। यस क्षेत्रमा सूचना तथा प्रविधिको विकासका लागि स्थानीय सरकार, वडा सरकार, गैरसरकारी संस्था, निजी क्षेत्रले विभिन्न पहलहरू सुरु गरेका छन्। यद्यपि, ग्रामीण क्षेत्रमा अझै प्रविधिको पहुँच र यसको प्रभावकारी प्रयोगका लागि थप काम गर्न आवश्यक छ।

इन्टरनेटको कमजोर पहुँचले धेरै ठाउँमा इन्टरनेट सेवा स्थिर नहुनुका साथै गति पनि कम छ। यस क्षेत्रमा सस्तो र द्रुत इन्टरनेटको अभाव हुनु, प्राविधिक ज्ञानको अभावले सूचना प्रविधिको प्रयोगका लागि यहाँका जनताको साक्षरता र प्राविधिक ज्ञान अझै पनि कम भएकाले यसको सुधारका लागि ठोस कदम चाल्नु पर्ने, पूर्वाधारको अभावका कारण आवश्यक पूर्वाधार, जस्तै: इलेक्ट्रिसिटी, अप्टिकल फाइबर र डिजिटल उपकरणहरूको पहुँच न्यून हुनु, प्रशिक्षण र जनशक्तिको कमीका कारण सूचना प्रविधि सञ्चालनका लागि प्रशिक्षित जनशक्तिको अभावले गर्दा प्रविधि उपयोगिता सीमित हुनु विद्यालयमा कम जनशक्ति भएकाले तयारी गर्ने समयको अभाव हुनु, अधिकांश शिक्षाकको घरपाइकका कारण घरको काममा बढी अल्झनु जस्ता कारण आरुघाटको शिक्षाको मुख्य चुनौतीका रुपमा देखिन्छन्।

सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा ठूला सम्भावनाहरू पनि रहेका छन्। स्थानीय वडा सरकारले एक शिक्षक एक ल्यापटप; एक कक्षाकोठा एक प्रोजेक्टर जस्ता सान्दर्भिक योजनाको सुरुवात गरेको, स्थानीय तह र विद्यालयहरुबाट पूर्ण रुपमा सूचनाहरु विद्युतीय प्रणालीबाट गर्ने गरेको, IEMIS लाई अनिवार्य क्षेत्र बनाइएको, ICT तालिमलाई

अनलाइन प्रणालीबाट व्यवस्था गरिएकोमा क्षमता विकासका लागि शिक्षकहरु छनोट गरिएको, स्थानीय सरकारको प्रविधिकरणले यस तहमा प्रशासनिक प्रक्रियाहरूलाई डिजिटल बनाउने प्रयासले पारदर्शिता, सुशासन र जनताको पहुँचमा उल्लेखनीय सुधार ल्याउन सकिएका कारणले पनि अवसरहरु प्रवल रुपमा देखिन्छन् ।आरुघाट गाउँपालिकाभित्रका विद्यालयहरुमा ICT सम्बन्धी वर्तमान अवस्था तलको तालिकामा प्रष्ट्याइएको छ :

तालिका नं. २९

| क्र.स. | विषय क्षेत्र | जम्मा |
|---|---|---|
| १ | जम्मा विद्यालय सङ्ख्या | ३९ |
| २ | विद्युतीय हाजिरी जडान भएका विद्यालय | १३ |
| ३ | कम्प्युटर भएका विद्यालय | ३९ |
| ४ | ल्यापटप भएका विद्यालय | ३९ |
| ५ | E-पुस्तकालय भएका विद्यालय | ४ |
| ६ | CC Camera भएका विद्यालय | ५ |
| ७ | Smart बोर्ड भएका विद्यालय | ५ |
| ८ | Smart TV भएका विद्यालय | १० |
| ९ | WiFi जडान भएका विद्यालय | ३९ |

### ४.७.२. उद्देश्यहरु

१.पालिकाभित्रका प्रत्येक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच विस्तार र बृद्धि गर्ने,
२. सिकाइलाई गुणस्तरीय र सान्दर्भिक बनाउने,
३ .विद्यालयको व्यवस्थापन तथा तथ्याङ्क पद्धतिलाई प्रभावकारी, कार्यकुशल, पारदर्शी, समतामुलक बनाउने ।

### ४.७.३. रणनीतिहरु

१.आधारभूत संरचना जस्तै: विद्युत, कम्प्युटर, इन्टरनेट जडानका साथै भौतिक प्राविधिक प्रबन्ध मिलाउने,
२. CC क्यामेरा, विद्युतीय हाजिरी, E-लाइब्रेरी, ल्याब व्यवस्थापन जस्ता डिजिटल सामग्रीको विकास गर्ने,
३.अपाङ्गता भएकाहरुका लागि पहुँच पुऱ्याउने साथै सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधिको विकास गर्ने,
४. शिक्षकमा ICT सम्बन्धी आधारभूत ज्ञान सिपको अनिवार्यता गर्ने,
५. ICT तथा Smart बोर्ड प्रयोगसम्बन्धी आधारभूत तालिम सञ्चालन गर्ने,
६.सूचना व्यवस्थापन प्रणालीलाई मासिक र E-लाइब्रेरीलाई वार्षिक रुपमा अध्यावधिक गर्ने,
७.अनुगमन, मूल्याङ्कन तथा पृष्ठपोषण पद्धतिमा चुस्तता ल्याउने,
८.केन्द्रीय शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रयोग महत्त्वपूर्ण शैक्षिक सिकाइ पोर्टलको प्रयोगमा प्रोत्साहन गर्ने,
९.ICT व्यवस्थापनमा उत्कृष्ट विद्यालय र शिक्षक छनोट गरी पुरस्कृत गर्ने ।

### ४.७.४. प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

विभिन्न आधारभूत तथा माध्यमिक विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि प्रयोगशाला स्थापना भई विद्यालयको प्रशासनिक, शैक्षिक र व्यवस्थापकीय क्षेत्रमा प्रयोग गरिएको हुने छ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पूर्वाधार विकास भई सबैको पहुँच पुगेको हुने छ।
- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास गरी एक पूर्णकालीन ICT शिक्षक व्यवस्थापन, डिजिटल ल्याब स्थापना र सञ्चालन भएको हुने छ।
- शारीरिक रुपमा अशक्तता भएका बालबालिकाहरुलाई सहज पहुँच पुगेको हुने छ।
- सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोगमा  विस्तार भएको हुने छ।
- सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकास तथा सञ्चालन भएको हुने छ।
- शिक्षकहरूको क्षमता विकास गरी सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सिप अनिवार्य गरिएको हुने छ।
- विभिन्न कक्षा तथा विषयका शिक्षकहरुको शिक्षणमा Smart बोर्ड, सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास भएको हुने छ।
- सूचना व्यवस्थापन प्रणालीलाई मासिक र E-लाइब्रेरीलाई वार्षिक रुपमा  अध्यावधिक गराइएको हुने छ।
- सूचनामा आधारित एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको अधिकतम प्रयोग भएको हुने छ।
- गाउँपालिका तथा वडा स्तरबाट अनुगमन, मूल्याङ्कन  गरी पृष्ठपोषण दिइएको हुने छ।
- केन्द्रीय शैक्षिक व्यवस्थापन सूचना प्रणालीको प्रयोग गरिएको हुने छ।
- सबै विद्यालयहरुले अनिवार्य रुपमा सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग गरेका हुने छ।
- महत्त्वपूर्ण शैक्षिक सिकाई पोर्टलको प्रयोगलाई प्रोत्साहन गरिएको हुने छ।
- उत्कृष्ट विद्यालय र शिक्षक छनोट गरी पुरस्कृत गरिएका हुने छन्।

### ४.७.५. प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

आरुघाट गाउँपालिकाले विद्यालयहरुलाई ICT मैत्री विद्यालयका रुपमा स्थापित गरी सूचना तथा सञ्चार प्रविधि पूर्वाधार विकासका साथमा प्रयोग पक्षलाई विशेष ध्यान राख्दै तपसिलबमोजिम क्रियाकलाप सञ्चालन गरी लक्ष्य निर्धारण गरेको हुनेछ :

**तालिका नं. ३०**

| क्र.स | प्रमुख क्रियाकलापहरु | इकाई | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | आधार वर्ष ८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | |
| १ | सूचना तथा सञ्चार प्रविधि पूर्वाधार विकास भएका विद्यालय | सङ्ख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ | सबै |
| २ | सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगका लागि अगुवा विद्यालय विकास | सङ्ख्या | ५ | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ३ | पूर्णकालीन ICT शिक्षक व्यवस्थापन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ |
| ४ | डिजिटल ल्याव स्थापना र सञ्चालन | सङ्ख्या | ० | १ | १ | १ | १ | १ | १ |
| ५ | शारीरिक रुपमा अशक्तता भएका बालबालिकाहरुलाई सहज पहुँच | प्रतिशत | १ | १ | १ | १ | १ | १ | १ |
| ६ | सामुदायिक सिकाइ केन्द्रमा सूचना तथा सञ्चार प्रविधको प्रयोग | संख्या | ० | | | | | | |
| ७ | शिक्षक सहायता प्रणालीको विकास | निरन्तर | | | | | | | |
| ८ | सेवा प्रवेशका लागि आधारभूत सूचना तथा सञ्चार प्रविधिको सीपको अनिवार्यता | निरन्तर | | | | | | | |
| ९ | शिक्षणमा Smart बोर्ड, सूचना तथा सञ्चार प्रविधिको प्रयोग | निरन्तर | | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १० | सूचना व्यवस्थापन प्रणालीलाई मासिक अध्यावधिक | निरन्तर | | | | | | | |
| ११ | E-लाइब्रेरीलाई वार्षिक रुपमा अध्यावधिक | निरन्तर | | | | | | | |
| १२ | एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीको प्रयोग | निरन्तर | | | | | | | |
| १३ | अनुगमन, मूल्याङ्कन गरी पृष्ठपोषण | निरन्तर | | | | | | | |
| १४ | सिकाइ तथा व्यवस्थापकीय कार्यमा सूचना र सञ्चार प्रविधिको प्रयोग | निरन्तर | | | | | | | |
| १५ | महत्तवपूर्ण शैक्षिक सिकाई पोर्टलको प्रयोग | निरन्तर | | | | | | | |

पालिकालाई प्रविधिमैत्री बनाई आधुनिक शिक्षासँग जोड्नका लागि यस पालिकाले विभिन्न क्रियाकलापहरु सञ्चालन गरी सम्पन्न गरेको हुने छ। प्रत्येक विद्यालयहरूमा भौतिक पूर्वाधारको विकास तथा प्रत्येक शिक्षकहरूमा आइसिटी सम्बन्धी आधारभूत ज्ञान तथा सिपको विकास भएको हुने छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा बिक्न सक्ने सक्षम दक्ष तथा सिपयुक्त नागरिक उत्पादन गर्नका लागि सूचना तथा सञ्चार प्रविधिसम्बन्धी पूर्ण रुपले कार्यक्रम सञ्चालन गरिएको हुने छ।

# परिच्छेद पाँच: सुशासन तथा व्यवस्थापन

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ५.१.१ परिचय

शैक्षिक उद्देश्यहरू हासिल गर्न योजना बनाउने, सङ्गठन गर्ने, निर्देशन दिने एवम् नियन्त्रण गर्ने सम्पूर्ण कार्यहरूको समष्टि नै शैक्षिक व्यवस्थापन हो। शिक्षाको सम्पूर्ण पक्षहहरूको अध्ययन र सुधार गर्ने दक्ष मुख्य प्राविधिक सेवा हो। अपेक्षित शैक्षिक उद्देश्यहरू हासिल गर्न आवश्यक आर्थिक, भौतिक, शैक्षिक तथा मानवीय स्रोत साधनहरू जुटाई त्यसको सुपरिचालन गर्ने कलात्मक कार्य नै शैक्षिक व्यवस्थापन हो। उपलब्ध स्रोत साधनको प्रभावकारी परिचालन गर्न, अपेक्षित शैक्षिक उपलब्धिहरू हासिल गर्न, शिक्षामा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्दै गुणस्तर अभिवृद्धि गर्न, शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू समाधान गर्न, शिक्षा क्षेत्रमा देखिएका नव प्रवर्तन संस्थागत गर्न, शैक्षिक सुशासन कायम गर्न शिक्षाको शैक्षिक व्यवस्थापनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ।

विद्यालय क्षेत्रको योजनाका सन्दर्भमा शासकीय प्रबन्धअन्तर्गत योजनाको प्रभावकारी ढङ्गले कुशलतापूर्वक कार्यान्वयन गरी बालबालिकाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्य प्रक्रिया समावेश हुन्छन्। यस्ता संरचना तथा कार्य प्रक्रियाहरुले सहभागिता तथा सहमतिमा निर्णय गर्नु तथा निर्णय कार्यान्वयन गर्नु, निश्चित दृष्टिकोण वा उद्देश्यमा आधारित हुनु, कार्यसम्पादनमा प्राथमिकता दिई उत्तरदायी हुनु, कार्यसम्पादनमा प्रभावकारिता तथा कार्य कुशलता कायम गर्नु, विद्यार्थीको सिकाइप्रति जवाफदेही भई पारदर्शी हुनु र विधिको सर्वोच्चता तथा समतालाई प्रोत्साहन गरी सुशासन (good governance) को प्रत्याभूति गर्नुपर्दछ। शिक्षामा तीनै तहका सरकार, विद्यालय तथा समुदाय, गैरसरकारी निकाय तथा विकास साझेदारीहरुको भूमिका रहने भएकाले भूमिकाअनुसार सुशासन कायम गर्न यी सबैको योगदान रहन्छ।

शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनका लागि आवश्यक संस्थागत संरचनासहित क्षमता विकास, योजना कार्यान्वयनको जिम्मेवारी सहितको प्रबन्ध र उपयुक्त अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ। सुशासन तथा व्यवस्थापन सम्बन्धी उल्लिखित तीन पक्षहरुको उचित व्यवस्थापनका लागि योजनाका उद्देश्य, अपेक्षित नतिजा र कार्यक्रमको स्वरुप संवैधानिक प्रावधानअनुसारको सङ्घीय संरचनामा विभिन्न तहका सरकारको दायित्व तथा ज्ञान, प्रविधि, मूल्य मान्यता र दृष्टिकोणमा आएको परिर्वतनलाई विचार गर्नु पर्दछ। नेपालको संविधानमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूचिसहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था भएको छ। त्यसैगरी योजना कार्यान्वयन तथा व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, समता र समावेशिताको प्रवर्द्धन, नतिजा प्रतिको जिम्मेवारी र उत्तरदायित्व जस्ता पक्षहरुलाई प्राथमिकता दिनु पर्दछ।

यस परिच्छेदमा सुशासन प्रवर्द्धन गरी शिक्षा क्षेत्रको यस योजनाको कार्यान्वयनबाट अपेक्षित नतिजा हासिल गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीका सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरिएको छ। वर्तमान अवस्थाको समीक्षाका

आधारमा यस योजानाका अपेक्षित नतिजा प्राप्तिका लागि प्रस्तावित कार्यक्रमहरुको कुशल तथा प्रभावकारी कार्यान्वयन गर्नका लागि आवश्यक संस्थागत संरचना, क्षमता विकास, योजना कार्यान्वयनको समग्र व्यवस्था र अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीको स्वरुप प्रस्तुत गरिएको छ।

### ५.१.२ वर्तमान अवस्था

आरुघाट गाउँपालिकाभित्र रहेका संस्थागत र सामुदायिक विद्यालय गरी ४१ ओटा विद्यालय तथा ४ ओटा सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन, नियमन तथा युवा र खेलकुदसम्बन्धी तोकिएका कार्य गर्नका लागि गाउँ कार्यपालिकाको संरचनाभित्र शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ। उक्त शाखामा शिक्षा सेवाका अधिकृत (१) र प्राविधिक सहायक पद (१) को दरबन्दी संरचना कायम रहेको छ।

गाउँपालिकाभित्रका शैक्षिक संस्थाहरुलाई नियमन गर्न तथा सुशासन कायम गर्नका लागि आरुघाट गाउँपालिका शिक्षा ऐन २०७५ (संशोधनसहित), विद्यालयमा करार शिक्षक व्यवस्थापनसम्बन्धी कार्यविधि २०८०, विद्यालय समायोजन तथा एकीककरण र शिक्षक दरबन्दी मिलानसम्बन्धी नियम तथा कार्यविधिहरु निर्माण भई कार्यान्वयनमा आएका छन् । वार्षिक रुपमा समुदायको माग र आवश्यकताको आधारमा बजेट निर्माण तथा गाउँसभाबाट स्वीकृत भई कार्यक्रम कार्यान्वयनमा जाने व्यवस्था रहेको छ। सामुदायिक विद्यालयका सम्पूर्ण व्यवस्थापन समितिहरु गठन भई क्रियाशील रहेका छन् भने विद्यालयहरुले नियमित सामाजिक परीक्षण तथा लेखापरीक्षण गर्ने गरेका छन्।

### ५.१.३ अवसर र चुनौतीहरु

राष्ट्रिय तथा स्थानीय परिवेशको विश्लेषणका आधारमा शिक्षामा विद्यालय सुशासन तथा व्यवस्थापन सम्बन्धी शिक्षा सेवाका जनशक्ति व्यवस्थापन गर्न, विद्यालयलाई विशुद्व शैक्षिक तथा प्राज्ञिक संस्थाका रुपमा मात्र स्थापित गर्नु, विद्यालयका शिक्षकहरुलाई बालबालिकाकाको उपलब्धिप्रति थप उत्तरदायी तथा जवाफदेही बनाउनु, विद्यालय शिक्षामा अभिभावकको चासो तथा सहभागिता अभिवृद्धि गर्नु, विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको क्षमता विकास गर्नु, शिक्षा सम्बन्धी ऐन, नियम तथा कार्याविधिहरुको अन्योलता अन्त्य गर्नु जस्ता चनौतीहरु रहेका छन्।
स्थानीय सरकार सञ्चालन ऐनबमोजिम गाउँपालिकाले आवश्यकताको आधारमा नीति तथा कानुन निर्माण गरी आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा सञ्चालन तथा व्यवस्थापन, अनुगमन र मूल्याङ्कन तथा नियमन जस्ता कार्यहरु अवसरका रुपमा रहेका छन्।

### ५.१.४ उदेश्यहरु

१. शिक्षा युवा तथा खेलकुद शाखामा आवश्यक शैक्षिक जनशक्तिको व्यवस्थापन गर्नु,
२. जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु,
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु।

### ५.१.५ रणनीति

१. स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा र परिमार्जन गर्ने,
२. संस्थागत संरचना अनुसार जनशक्तिको व्यवस्था गर्ने,
३. कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
४. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,
५. प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने,
६. कार्यक्रमको प्रभावकारी ढङ्गवाट कार्यसम्पादन गर्नका लागि आवश्यक स्रोत साधनहरुको व्यवस्थापन गर्ने ।

### ५.१.६ प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन, संस्थागत क्षमता अभिवृद्धि, उत्तरदायित्व तथा जिम्मेवारीमा वृद्धि, आवश्यक स्रोत साधनको व्यवस्थापन भई प्रभावकारी रुपमा कार्यसम्पादन भएको हुने छ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

**तालिका नं. ३१**

| क्र.सं | सूचक | आधार वर्ष (२०८०/८१) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | १३ | १३ | १३ | १३ | १३ | १३ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त | १४ | ११ | २५ | २५ | २५ | २५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रधानाध्यापक सङ्ख्या | | | | | | |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ३८ | ३८ | ३८ | ३८ | ३८ | ३८ |
| ५ | प्रचलित कानुनमा व्यवस्था भए बमोजिम योग्यता पुगेका प्रधानाध्यापक नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ३ | १३ | १३ | १३ | १३ | १३ |

५.१.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

तालिका नं. ३२

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (पहिलो ५ वर्ष) | | | | | | दोस्रो ५ वर्षको लक्ष्य | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयहरूमा सूचना अधिकारीको व्यवस्था | जना | १३ | १३ | १३ | १३ | १३ | १३ | १३ | |
| २ | सामाजिक परीक्षण | हरेक वर्ष | | | | | | | | |
| ३ | वार्षिक सार्वजनिक सुनुवाई कार्यक्रम | हरेक वर्ष | | | | | | | | |
| ४ | गाउँपालिकासँग प्रधानाध्यापक र प्रधानाध्यापकसँग शिक्षकको कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| ५ | प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापनमा संलग्न जनशक्तिलाई व्यवस्थापकीय तालिम तथा प्र.अ.लाई थप भत्ताको ब्यवस्था | सबै | १० ०% | १० ० % | १० ० % | १० ० % | १० ० % | १०० % | १०० % | |
| ६ | सबै विद्यालयहरूले सम्पादन गरेका कार्यलाई अर्धवार्षिक रुपमा सार्वजनिक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | १ | १ | |
| ७ | लेखा व्यवस्थापनमा विद्युतीय प्रणालीको विस्तार | सबै | | | | | | | | |
| ८ | विद्यालयसँग सरोकार राख्ने पदाधिकारी, शिक्षक, विद्यार्थीहरूको आचार संहिता निर्माण | सबै | | | | | | | | |
| ९ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनका लागि पूर्व विद्यार्थी समाज गठन | आवश्यकता अनुसार | | | | | | | | |
| ११ | वार्षिक विद्यालय कार्य सम्पादन परीक्षण कार्यक्रम | पटक | | | | | | | | |
| १२ | सार्वजनिक विद्यालयको जग्गा जमिनलाई दिगो रुपमा उपयोग गर्ने कार्यविधि निर्माण | आवश्यकता अनुसार | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १३ | **वार्षिक वजेट तथा कार्यक्रम निर्माण** | | | | | | | | | |
| १४ | **विद्यालय सुधार योजना निर्माण** | | | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **एवम् अद्यावधिक** | | | | | | | | | |
| १५ | **एकिकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण** | | | | | | | | | |
| १६ | | | | | | | | | | |
| १७ | | | | | | | | | | |

### ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

यस योजनाले प्रस्ताव गरेका उद्देश्य तथा लक्ष्यहरूलाई नतिजा र उपलब्धिमा रूपान्तरण गर्न कार्यान्वयनको उपयुक्त र सबल संरचनात्मक प्रवन्ध आवश्यक हुन्छ। योजनाको कार्यान्वयन प्रबन्धअन्तर्गत आवश्यक सङ्गठन तथा संरचना, जनशक्ति, नीति, कानुन तथा मापदण्ड र जिम्मेवारी सहितको उत्तरदायित्त्वको संरचना पर्दछन्। यसअन्तर्गत बार्षिक योजना तथा बजेट तर्जुमाको संयन्त्र, क्रियाकलाप निर्धारण तथा कार्यान्वयन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन पर्दछन्।

### ५.२.१. वर्तमान अवस्था

स्थानीय तहमा शिक्षा विभाग, महाशाखा वा शाखामार्फत शिक्षासम्बन्धी कार्यहरू भइरहेका छन्। स्थानीय तहका शिक्षा शाखाहरूले सम्बन्धित तहअन्तर्गत विद्यालयस्तरीय शिक्षा योजना निर्माण, कार्यक्रम कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्दछन्। प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षकमध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ।

स्थानीय तहलाई विद्यालय शिक्षाका सवालहरूमा प्राविधिक सहायता र सहयोग उपलब्ध गराउने र प्रादेशिक तथा सङ्घीय सरकारहरूले स्थानीय तहहरूसँग शिक्षाका विभिन्न विषयहरूमा साझेदारी तथा समन्वय गर्ने विषयमा स्पष्ट गर्नु जरुरी रहेको छ।

स्थानीय तहले शिक्षा क्षेत्र विकासका लागि आवधिक योजना तयार गर्ने, सङ्घीय तथा प्रदेश तहबाट प्राप्त ससर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने, योजना कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, मापदण्ड तथा निर्देशिका विकास गर्ने, शिक्षा शाखाको क्षमता सुदृढ गरी कार्यक्रम कार्यान्वयनका लागि सरोकारवालाहरू संलग्न रहेको समन्वय समिति आवश्यकतानुसार अन्य समितिहरू निर्माण गर्ने कार्यहरु भइरहेका छन्। साथै शिक्षण सिकाइमा आवश्यक सहयोग आदन प्रदानका लागि

स्थानीय स्तरमा शिक्षक तथा विज्ञ समूह सम्मिलित शिक्षक सहायता प्रणाली विकास तथा सञ्चालन गर्ने, विद्यालयमा विद्यालय व्यवस्थापन समिति र अभिभावक शिक्षक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने कार्य हुँदै आएको छ।

विद्यालय सुधार योजना बनाई वार्षिक रूपमा अद्यावधिक गर्ने, स्थानीय तहबाट प्राप्त बजेट तथा आफ्नै स्रोतका बजेट प्रयोग गरी विद्यालय व्यवस्थापन समितिले वार्षिक कार्यक्रम तथा बजेट निर्माण गर्ने र कार्यान्वयन गर्ने, विद्यालय सुधारसँग सम्बन्धित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापक जिम्मेबार बनाउने, विद्यालय व्यवस्थापनका लागि प्रधानाध्यापकहरूको सशक्तीकरण तथा क्षमता अभिवृद्धि गर्ने, वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षाकोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने, अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र विद्यालयको कार्यसम्पादनका सम्बन्धमा सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने, स्थानीय तहका सम्बन्धित शाखाहरू, स्थानीय सामुदायिक तथा गैरसरकारी संस्था तथा स्रोतव्यक्तिसमेतको सहकार्यमा विद्यार्थीका लागि पोषण, स्वास्थ्य, सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा विपद्को अवस्थामा समेत शिक्षाको निरन्तरताका लागि आवश्यक समिति वा संरचना तयार गर्ने जस्ता कार्यहरु विद्यालयस्तरबाट हुँदै आएको छ।

### ५.२.२. उद्देश्य

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु,
२. जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु,
३. आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु।

### ५.२.३. रणनीति

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने,
- संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने,
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने,
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने,
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने,
- कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने।

### ५.२.४. प्रमुख उपलब्धि र नतिजा

**उपलब्धि**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

*योजनाको कार्यान्वयनबाट हासिल हुने मुख्य नतिजाहरू तलको तालिकामा उल्लेख गर्ने । उदाहरणका लागि*

१ शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रबर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी प्रणालीको विकास हुने छ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

**तालिका नं. ३३**

| क्र. सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | | | | | | | | | |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | | | | | | | | | |
| ३ | एकिकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |

## ५.२.५.प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**तालिका नं. ३४**

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | | |
| १ | आवश्यक कानुनी प्रबन्ध तथा मापदण्ड विकास | आवश्यकता अनुसार | | | | | | | | | |
| २ | संस्थागत संरचना निर्माण तथा क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | | | | |
| ३ | प्रतिवेदन तथा तथ्याङ्क प्रणालीको सुदृढीकरण | आवश्यकता अनुसार | | | | | | | | | |
| ४ | कार्यसम्पादन करार गरी नतिजाप्रति जिम्मेबार | पटक | १ | १ | १ | १ | १ | | | | |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ०८१ | ०८२ | ०८३ | ०८४ | ०८५ | ०८६ | जम्मा | | |
| | बनाउने | | | | | | | | | | |
| ५ | विद्यालय कार्यसम्पादन एवम् स्वमूल्याङ्कन गर्ने, गराउने | पटक | १ | १ | १ | १ | १ | | | | |

## ५.३ अनुगमन तथा मूल्याङ्कन

स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरुमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ। शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैन भन्ने सुनिश्चितताको लागि एउटा संयन्त्र निर्माण गरी कार्यकम कार्यान्वयनको लक्ष्य तथा प्रगतिका बारेमा समय तालिकाअनुसार निरीक्षण, पर्यवेक्षण, निगरानी, पुननिरक्षिण, रेखदेख, जाँचबुझ भौतिक रुपमा वा अन्य कुनै साधनको प्रयोग गरी गर्ने गराउने काम अनुगमन हो । यसले कार्यक्रमको प्रगति तथा वर्तमान अवस्थाको जानकारी गराउँछ । यसरी नै मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरूको प्रभावकारिता, उपयुक्तता, सान्दर्भिकताको, लेखाजोखा तथा जाँचबुझ गरी उक्त कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त गरिन्छ। अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा गरिन्छ भने मूल्याङ्कनसम्बन्धी कार्यक्रमहरूको सञ्चालनका चरणहरु साथसाथै कार्य सम्पन्न भएपछि पनि गरिन्छ । स्थानीय स्तरमा सञ्चालन भएको शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई जवाफदेही, पारदर्शी, नतिजामुखी र उत्तरदायीपूर्ण बनाउनका लागि अनुगमन तथा मूल्याङ्कन अनिवार्य छ।

आरुघाट गाउँपालिकाको ५ वर्से शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनुगमन तथा मूल्याङ्कनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू, उद्देश्य रणनीति एवम् शिक्षा क्षेत्रको योजनामा स्थानीय स्तरमा अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकासका लागि गाउँपालिकाभित्रका सबै वडाहरुमा सञ्चालित सामुदायिक विद्याल, संस्थागत तथा निजी विद्यालयहरु, बालविकास तथा सिकाइ केन्द्रहरुमा सञ्चालित सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन, ढाँचा, साधन, विषय र प्रतिवेदन प्रस्तुत गरिएको छ।

### ५.३.१ वर्तमान अवस्था

विधानतः २०७२ पछि सङ्घीय संरचनाको लागू भएसँगै स्थानीय तहहरूले स्वतन्त्रता पाएका छन्, जसले गर्दा उनीहरूको क्षमता र कार्यक्षमता अनुगमन गर्न महत्त्वपूर्ण भएको छ। हालको अवस्थालाई हेर्दा आरुघाट गाउँपालिकाको अनुगमन र मूल्याङ्कनको अवस्था सुधार हुँदै गएको भए तापनि नियमित रुपमा भएको देखिँदैन ।

संवैधानिक संरचना र कानूनी व्यवस्थाअनुसार नेपालको संविधानले स्थानीय तहहरूलाई विकास योजना, बजेट व्यवस्थापन, जनतासँगको समन्वय, र विकास परियोजनाहरूको सञ्चालन गर्न स्वतन्त्रता दिएको छ । स्थानीय तहहरूको अनुगमनका लागि प्रादेशिक र संघीय सरकारले निगरानीको भूमिका खेल्नुपर्ने हुन्छ । यसका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्तर्गत अनुगमन र मूल्याङ्कनका प्रक्रिया र मानकहरू निर्माण गरिएका छन् । सूचना प्रविधि र डिजिटल प्रणालीहरू प्रयोग गरेर कामकाजलाई अनुगमन गर्न थालिएको छ । प्राविधिक अनुगमन प्रणाली परियोजनाहरूको प्रगति अनुगमन गर्न मोबाइल एप्लिकेसन र सफ्टवेयर प्रणालीको प्रयोग गरिएको भए पनि शैक्षिक पाटोलाई व्यवस्थित बनाउन अझै बाँकी देखिन्छ ।

आरुघाट गाउँपालिकामा शिक्षा युवा तथा खेलकुद शाखामा रिक्त रहेको प्राविधिक सहायक पदमा दुई वर्षदेखि पदपूर्ति गर्न नसक्नु, पर्याप्त जनशक्ति र प्राविधिक स्रोतहरूको कमी हुनुका साथै भौगोलिक विकटता, जसले प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रक्रियामा अवरोध पुर्‍याउँछ । ग्रामीण भेकमा घट्दो विद्यार्थी सङ्ख्या, सङ्घीय र प्रादेशिक तहबाट हुने अनुगमनमा निरन्तरता नहुँदा स्थानीय तहले कानुनी उत्तरदायित्वमा समस्या आउन सक्ने, शिक्षा शाखामा कर्मचारी अभावका कारण शिक्षकहरूको प्राविधिक क्षमता विकास गर्ने तालिम कार्यक्रमहरू सञ्चालन गर्न र विद्यालय अनुगमन प्रक्रियामा सुधार गर्न नसकिनु, सङ्घीय, प्रादेशिक, र स्थानीय तहबीचमा राम्रो समन्वय राखेर परियोजनाहरूको अनुगमन गर्न नसकिनु, शैक्षिक अनुगमन तथा मूल्याङ्कनका लागि राष्ट्रिय मापदण्डको विकास, स्थानीय एवम् राष्ट्रिय रुपमा उपयोगी मापनयोग्य सूचकहरुको निर्धारण, मापनयोग्य सूचकको निमार्ण तथा सूचकसँग परिचित सिप र दक्षता भएका अनुगमनकर्ता तथा दक्ष जनशक्ति विकास गर्नु समग्रमा पालिकाको अनुगमन र मूल्याङ्कन प्रणालीमा केही सुधार भए तापनि त्यसलाई अझ प्रभावकारी बनाउनेतर्फ धेरै काम गर्नुपर्ने चुनौतीहरु देखिन्छन् ।

पालिकाबाट वडा स्तरीय कार्यक्रम बनाई सहजै अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास हुँदै जानु, कार्यसम्पादनका आधारमा विद्यालयहरु छनोट भइ पुरस्कृत हुनु, जसका कारण विद्यालयहरुमा प्रतिस्पर्धाको वातावरण सिर्जना हुनु, विद्यार्थी सङ्ख्याका आधारमा विद्यालयहरु नक्साङ्कन र सीमाङ्कन गरी समायोजन तथा शिक्षक दरबन्दी मिलान गरी पहुँचका आधारमा भन्दा पनि नीति र नियमका आधारमा कार्य प्रक्रिया अघि बढ्नुलाई अवसरको रुपमा लिन सकिन्छ ।

### ५.३.२ उद्देश्य

- शैक्षिक कार्यक्रमहरुको स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल मापन गर्नु,
- अनुगमन तथा मूल्याङ्कनलाई नतिजामुखी बनाउनु,
- योजना तथा कार्यान्वयन कार्यक्रम तय गर्न सिकाइ प्रणाली विकास गर्नु,
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु,

- योजनाको लगानीदेखि प्रभाव तहसम्मको मूल्याङ्कन गरी आवश्यकतामा आधारित योजना निर्माणमा सहयोग गर्नु ।

### ५.३.३ रणनीति

- सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबिच समन्वयात्मक रुपमा अनुगमन तथा मूल्याङ्कन गर्ने प्रणालीको व्यवस्था लागु गरी शैक्षिक कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने,
- गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्ने,
- शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गरी आवश्यक सूचकसहित कार्यान्वयन गर्ने,
- वर्षको कम्तीमा २ पटक जननिर्वाचित पदाधिकारीबाट विद्यालयको अनुगमन तथा शिक्षा युवा तथा खेलकुद शाखाबाट नियमित रुपमा अनुगमन गर्ने,
- विद्यालय तहमा प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुको अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरी कार्यान्वयन गर्ने,
- स्थानीय विज्ञ समूहलाई थप जिम्मेवार बनाई विद्यालयको अनुगमन तथा मूल्याङ्कनलाई व्यवस्थित गर्ने,
- गाउँ शिक्षा योजनाको कार्यान्वयनको प्रभावकारिता अध्ययन तथा प्रतिवेदन प्रकाशित गर्ने र यसका लागि गाउँपालिका स्तरमा विज्ञहरुको अध्ययन टोली गठन गरी परिचालन गर्ने,
- गाउँपालिकाको शिक्षा शाखा, विद्यालय व्यवस्थापन समिति, गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति तथा आवश्यक विभिन्न उपसमितिहरु गठन गरी नीति तथा योजना कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कनको संयन्त्र तयार गर्ने,
- यसका साथै गाउँपालिकाअन्तर्गतका विद्यालयहरुमा गाउँपालिकाको तर्फबाट नियमित अनुगमन तथा निरीक्षण प्रणाली स्थापना गर्ने,
- विद्यालयको आन्तरिक स्रोत पहिचान र परिचालन, विद्यालयका आवश्यकता र प्राथमिकता निर्धारण, शिक्षकहरुलाई कक्षाकोठामै सहयोग  पुऱ्याउने पद्धति विकास गर्ने,
- गाउँ शिक्षा योजनाको कार्यान्वयनका लागि तथा विद्यालयका आवश्यकता र समस्या पहिचान, तिनीहरुको प्राथमिकीकरण, विद्यालयको कार्यसम्पादन अनुगमन तथा मूल्याङ्कन र परीक्षण, विभिन्न वाह्य परीक्षण सञ्चालन, विभिन्न तालिम, कार्यशाला सञ्चालन लगायतका कामका लागि गाउँपालिकाको शिक्षा शाखा, गाउँ शिक्षा समितिका पदाधिकारीहरु जिम्मेवार बनाउने
- विद्यालयको आन्तरिक स्रोत पहिचान र परिचालन, विद्यालयका आवश्यकता र प्राथमिकता निर्धारण, शिक्षकहरुलाई कक्षाकोठामै सहयोग पुर्याउने पद्धति विकास गर्न संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा क्रियाकलाप सञ्चालन गरी गाउँपालिकाले शिक्षा सहज कर्ताको व्यवस्था मिलाउने ।

### ५.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

योजना कार्यान्वयनका क्रममा आएका समस्या तथा चुनौतीलाई समयमै सम्बोधन भई अपेक्षित उपलब्धि हासिल हुनुका साथै आवश्यकतामा आधारित योजना निर्माणका लागि पृष्ठपोषण प्राप्त गरिएको हुने छ ।

**प्रमुख नतिजा तथा परिमाणात्मक लक्ष्य**

- नतिजामा आधारित अनुगमन प्रणालीको विकास भएको हुने छ ।
- अनुगमनका आधारमा नतिजा सुधार भएको हुने छ ।
- अनुगमन तथा मूल्याङ्कनका संस्थागत संरचना तथा क्षमता विकास भएको हुने छ ।
- विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित भइ त्यसका नतिजाका आधारमा सुधार गर्ने परिपाटीको विकास भएको हुने छ ।

### ५.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

**तालिका नं. ३५**

| क्रियाकलाप | एकाइ | लक्ष्य पहिलो ५ वर्ष | | | | | | | बाँकी ५ वर्षको लक्ष्य | कैफियत | अनुमानित बजेट (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | आधार वर्ष | १ | २ | ३ | ४ | ५ | जम्मा | | | |
| एकिकृत शैक्षिक अनुगमन तथा मूल्याङ्कन | पटक | | १ | १ | १ | १ | १ | १ | | | |
| नतिजाका आधारमा अनुगमन प्रणालीका लागि सूचकहरु तयार गर्ने एवम् अद्यावधिक | निरन्तर | | | | | | | | | | |
| कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन | ओटा | | १ | १ | १ | १ | १ | १ | | | |
| विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | | १ | १ | १ | १ | १ | १ | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | | १ | १ | १ | १ | १ | १ | | | |
| वडा स्तरीय अनुगमन प्रणाली विकास तथा कार्यान्वयन | निरन्तर | | | | | | | | | | |
| विद्यालय सामाजिक परीक्षण | त्रैमासिक | | १ | १ | १ | १ | १ | १ | | | |
| विद्यालयहरूको लेखापरीक्षण | पटक | | १ | १ | १ | १ | १ | १ | | | |
| नियमित रुपमा अनुगमन, मूल्याङ्कन (शिक्षा, युवा खेलकुद शाखा, गाउँ शिक्षा समिति र जनप्रतिनिधिबाट अनुगमन) | निरन्तर | | | | | | | | | | |
| अन्तर विद्यालय असल अभ्यास आदन प्रदान कार्यक्रम | पटक | | १ | १ | १ | १ | १ | १ | | | |

## परिच्छेद छ: लगानी र वित्तीय स्रोत व्यवस्थापन

आर्थिक तथा सामाजिक विकासमा गति प्रदान, समृद्ध राष्ट्र निर्माण तथा र उन्नत समाज विकासका लागि सरकार तथा समुदायले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । भविष्यका लागि गुणस्तरीय मानव संसाधानको विकास गर्न शिक्षामा लागानी गरिन्छ । त्यसैले बालबालिकाको शिक्षामा गरिने लागानी व्यक्ति, समाज र राज्यको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । राज्य निर्माणको दीर्घकालीन सोचलाई मूर्त रुप दिन शिक्षामा राज्यले प्राथमिकताका साथ लागानी गर्न आवश्यक हुन्छ । शिक्षामा राज्यको लगानीले प्रमुख तीन पक्षलाई ध्यान दिनु पर्दछ । ती तीन पक्षहरुमा पहिलो, राज्यका सबै बालबालिका र नागरिकलाई शैक्षिक अवसर र सहभागिता, दोस्रो- सहभागी भई सकेकालाई उचित र गुणस्तरीय शिक्षाको सुनिश्चतता र तेस्रो- स्रोतको समतामूलक वितरण र उपयोग रहेका छन् ।

नेपालको संविधानमा वित्तीय व्यवस्थापन सम्वन्धमा ससर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान, विशेष अनुदान र आन्तरिक ऋणको व्यवस्था सम्बन्धमा उल्लेख गरेको पाइन्छ । समानीकरण अनुदानको हकमा प्रकृतिक तथा वित्त आयोगको सिफारिसमा सङ्घीय सरकारवाट स्थानीय तथा प्रदेश तहमा वित्तीय हस्तान्तरण हुने गरेको छ । विशेष अनुदान र समपुरक अनुदान राष्ट्रिय योजना आयोगबाट व्यवस्थापन हुँदै आएको छ । ससर्त अनुदान सम्बन्धित विषयगत मन्त्रालयबाट आवश्यक प्रक्रिया पुरा गरी स्थानीय र प्रदेश तहमा वित्तीय हस्तान्तरण गर्ने अभ्यास रहेको छ । सङ्घीय सरकारवाट हस्तान्तरण हुने उल्लिखित विभिन्न किसिमका अनुदानबाहेक प्रदेश सरकारवाट तथा स्थानीय तहको आफ्नै स्रोतमा आधारित बजेट पनि गाउँपालिकाले शिक्षा क्षेत्रमा विनियोजन गर्न सक्दछ ।

